
# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क ३ | २०७६, जेठ १-१५ | पूर्णाङ्क ६४५



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोखरेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री मन्दिरा शाही
शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री राजकुमार गुरूङ
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १० |
| इजलास नं. १ | १ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | १२ |
| इजलास नं. ५ | ९ |
| इजलास नं. ६ | ५ |
| इजलास नं. ७ | १ |
| इजलास नं. ८ | २ |
| इजलास नं. ९ | ७ |
| जम्मा | ५३ |

| | |
|---|---|
| इजलास नं. १० | ५ |
| इजलास नं. ११ | २ |
| इजलास नं. १२ | ३ |
| इजलास नं. १३ | २ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | १ |
| इजलास नं. १६ | ५ |
| एकल इजलास | २ |
| जम्मा | २२ |

कूल जम्मा ५३ + २२ = ७५

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, जेठ – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना cjs@supremecourt.gov.np** मा सम्पर्क गर्न सकिने छ।

## वार्षिक ग्राहकसम्बन्धी सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ६** |
| १. | उत्प्रेषण / परमादेश | भद्री डाँगी वि. रोल्पा जिल्ला अदालत, लिवाङसमेत | १ |
| २. | उत्प्रेषण / परमादेश | शान्ती कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ३ |
| ३. | उत्प्रेषण / परमादेश | भुजेन्द्र झा वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत | ३ |
| ४. | उत्प्रेषण | भक्तबहादुर वि.क. वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ४ |
| ५. | उत्प्रेषण / परमादेश | कृष्णप्रसाद भट्टराई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ५ |
| ६. | दोहोरो लिखत बदर | हरि सहनी वि. शिवचन्द्र प्रसाद ठाकुर | ६ |
| **इजलास नं. १** | | | **६ - ८** |
| ७. | परमादेश | विस्मिल्लाह खातुन वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ६ |
| **इजलास नं. २** | | | **८ - १२** |
| ८. | उत्प्रेषण / परमादेश | महेन्द्रप्रसाद यादव वि. कृषि विकास बैंक, मुख्य कार्यालय, रामशाहपथसमेत | ८ |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. नरे भन्ने नरेन्द्र सिंह महर | ९ |
| १०. | हक कायम दर्ता नामसारी समेत | मनोहरजंग राणा वि. रोमियोजंग राणासमेत | ९ |
| **इजलास नं. ३** | | | **१२ - १३** |
| ११. | कर्तव्य ज्यान | मानन्धर वि.क. वि. नेपाल सरकार | १२ |
| १२. | परमादेश | अधिवक्ता सोमप्रसाद लुइँटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | १२ |
| **इजलास नं. ४** | | | **१३ - २१** |
| १३. | हक कायमसमेत | अन्नपूर्ण बज्राचार्य वि. देवहर्ष बज्राचार्य | १३ |
| १४. | डाँका | नेपाल सरकार वि. राम उदगार महतोसमेत | १४ |
| १५. | उत्प्रेषण | चन्द्रबहादुर सिलवाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत | १५ |

| | | | |
|---|---|---|---|
| १६. | उत्प्रेषण / परमादेश | हसिना रूपाखेतीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १६ |
| १७. | उत्प्रेषण / परमादेश | विष्णु खड्का वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत | १७ |
| १८. | बन्दी प्रत्यक्षीकरण | मनप्रसाद पटेल वि. सास्तीकला कामीसमेत | १८ |
| १९. | उत्प्रेषण / परमादेश | अमृत रत्न (ए.आर.) तुलाधरसमेत वि. बुढानिलकण्ठ नगरपालिकाको कार्यालय, गोल्फुटारसमेत | १९ |
| २०. | उत्प्रेषण / परमादेश | कमलेशकुमार यादव वि. जिल्ला प्रशासन कार्यालय, झापासमेत | २० |
| २१. | उत्प्रेषण / परमादेश | शेभाकान्त पौडेल वि. तीर्थराज थापा | २० |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सन्तोष पुन | २१ |
| **इजलास नं. ५** | | | **२१ - ३४** |
| २३. | अंश दर्ता | गंगिया थरूनीसमेत वि. सुखल चौधरी थारू | २१ |
| २४. | मूल्य अभिवृद्धि कर | प्रेम सिंह ठाकुर वि. राजस्व अनुसन्धान विभाग | २२ |
| २५. | छुट जग्गा दर्ता नामसारी | कविन्द्र जोन्छे वि. कृष्णदास कायस्थसमेत | २३ |
| २६. | कर्तव्य ज्यान | पूर्णबहादुर वलीसमेत वि. नेपाल सरकार | २४ |
| २७. | उत्प्रेषण | राजेन्द्रबहादुर बस्नेत वि. पुनम बस्नेतसमेत | २५ |
| २८. | उत्प्रेषण | विद्याप्रसाद मुराउ वि. बाँके जिल्ला अदालत, नेपालगन्जसमेत | २६ |
| २९. | लेनदेन | नारायणबहादुर लामिछानेसमेत वि. समिम अख्तर अन्सारी | २६ |
| ३०. | नागरिकता बदर | विद्याप्रसाद मुराउ वि. नेपाल सरकार | २७ |
| ३१. | गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. बामदेव दीप अधिकारीसमेत | २८ |
| **इजलास नं. ६** | | | **३४ - ३७** |
| ३२. | परमादेश | आनन्द शाही वि. भूमिसुधार व्यवस्था मन्त्रालय, मालपोत कार्यालय, तनहुँ, दमौलीसमेत | ३४ |

| | | | |
|---|---|---|---|
| ३३. | उत्प्रेषण | कोमलनाथ आत्रेय वि. बढुवा सिफारिस समिति, नेपाल विद्युत् प्राधिकरण कार्यालय, काठमाडौंसमेत | ३५ |
| ३४. | उत्प्रेषण | नवल किशोर यादव वि. लुम्बिनी विकास कोष, प्रधान कार्यालय, लुम्बिनी, रूपन्देहीसमेत | ३६ |
| ३५. | जबरजस्ती करणी | रामबहादुर गुरूङ वि. नेपाल सरकार | ३६ |
| ३६. | अवहेलना | अन्जला श्रेष्ठ वि. काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत | ३७ |
| **इजलास नं. ७** | | | **३७ - ३८** |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामेश्वर महतो विरबहादुर कामी | ३७ |
| **इजलास नं. ८** | | | **३८ - ४०** |
| ३८. | निर्णय बदर हक कायम | अनिलकुमार पाण्डे वि. गोविन्दबहादुर चिपालु | ३८ |
| ३९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुरजकुमार परियार | ३९ |
| **इजलास नं. ९** | | | **४० - ४६** |
| ४०. | अपहरण गरी कुटपिट गरेको | नेपाल सरकार वि. कृष्णबहादुर डाँगीसमेत | ४० |
| ४१. | लागु औष खैरो हेरोइन | नेपाल सरकार वि. बृजेशकुमार साह | ४१ |
| ४२. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. मदन चौधरीसमेत | ४२ |
| ४३. | लागु औष (चरेस) | राज पुनसमेत वि. नेपाल सरकार | ४३ |
| ४४. | अंश दर्ता | महादेव यादवसमेत वि. महावीर यादव | ४४ |
| **इजलास नं. १०** | | | **४७ - ५१** |
| ४५. | आगलागी | नेपाल सरकार वि. सरोजकुमार मण्डल | ४७ |
| ४६. | ठगी | नेपाल सरकार वि. डम्बरबहादुर तामाङ (बम्जन) समेत | ४७ |
| ४७. | जबरजस्ती करणी | नेपाल सरकार वि. सविन (नाम परिवर्तन) | ४८ |
| ४८. | वैदेशिक रोजगार कसुर | चित्रबहादुर कार्की वि. नेपाल सरकार | ४९ |
| ४९. | वैदेशिक रोजगार कसुर | डेविड श्रेष्ठसमेत वि. मैया श्रेष्ठ | ५० |
| **इजलास नं. ११** | | | **५१ - ५३** |
| ५०. | सवारी ज्यान | नेपाल सरकार वि. राजन खड्का | ५१ |
| ५१. | कर्तव्य ज्यान | टेक नारायण श्रेष्ठ वि. नेपाल सरकार | ५२ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १२** | | | **५३ - ५६** |
| **५२.** | बाटो कायम खिचोला मेटाई पाऊँ | प्रेमभक्त तुलाधर वि. लवकृष्ण श्रेष्ठ | **५३** |
| **५३.** | लिखत बदर, दर्ता बदर, दर्ता कायम | लक्ष्मणलाल माझी वि. शोभालाल माझीसमेत | **५४** |
| **५४.** | लिखत बदर | नितानन्द आचार्य वि. गोविन्दप्रसाद आचार्य | **५५** |
| **इजलास नं. १३** | | | **५६ - ५९** |
| **५५.** | भ्रष्टाचार | नेपाल सरकार वि. मनोज श्रेष्ठसमेत | **५६** |
| **५६.** | घर भत्काई जग्गा खिचोला मेटाई चलन | टिके रोका क्षेत्री वि. देउसी राना | **५७** |
| **इजलास नं. १४** | | | **५९ - ६१** |
| **५७.** | हातहतियार खरखजाना | नेपाल सरकार वि. चतर यादवसमेत | **५९** |
| **५८.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. सतन पासीसमेत | **६०** |
| **इजलास नं. १५** | | | **६१ - ६२** |
| **५९.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. किशोर झाँक्री | **६१** |
| **इजलास नं. १६** | | | **६२ - ६६** |
| **६०.** | उत्प्रेषण / निषेधाज्ञा | डा. युवराज खतिवडा वि. रामेश्वरप्रसाद श्रेष्ठसमेत | **६२** |
| **६१.** | ठगी | जनार्दनप्रसाद अर्याल वि. नेपाल सरकार | **६४** |
| **एकल इजलास** | | | **६६ - ६८** |
| **६२.** | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम (जनसेवा ४०), वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | **६६** |
| **६३.** | उत्प्रेषण / परमादेश | सुजनध्वज जोशी वि. उच्च अदालत पाटन, ललितपुरसमेत | **६७** |

## संयुक्त इजलास

१

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-WO-०८८९, उत्प्रेषण / परमादेश, *भद्री डाँगी वि. रोल्पा जिल्ला अदालत, लिवाङसमेत*

अ.बं. ८६ नं. को कानूनी व्यवस्थाले मुद्दा फैसला डिसमिस मिलापत्र खारेज भएकोले अर्काको हकसमेत जाने रहेछ भने जसको हक जाने छ त्यसैले थाहा पाएको मितिले ३५ दिनभित्र आफ्नो हकजतिमा झगडियाका नाउँमा नालिस दिए इन्साफ गरिदिनुपर्छ भन्ने व्यवस्था गरेको पाइन्छ । प्रस्तुत कानूनी व्यवस्थाबाट कुनै पक्ष मिली मुद्दा मामिला गरी भएको फैसला आदिबाट कुनै तेस्रो व्यक्तिको हक हितमा असर पर्न गएको रहेछ भने त्यसबाट असर पर्ने व्यक्तिले यस्तो फैसला बदरमा नालिस गर्न सक्छ भने व्यवस्था गरी परस्परमा मुद्दा गरेको कारणबाट कुनै तेस्रो व्यक्तिको हक अधिकारमा असर पर्दछ भने त्यस्तो मुद्दामा कुनै पक्षले मुद्दा जित्दैमा तेस्रो व्यक्तिको हक हितमा असर नपर्ने भन्ने सिद्धान्तलाई उजागर गरेको पाइयो। प्रस्तुत कानूनी व्यवस्थाको सापेक्षतामा अ.बं.८५ नं. को अवलोकन गर्न पनि सान्दर्भिक देखिन आउने।

अ.बं. ८५ नं. मा अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसलाउपर ऐनबमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाका नाउँको फिरादपत्र लिई सुन्न हुँदैन भन्ने कानूनी व्यवस्था रहेको पाइयो । प्रस्तुत कानूनी व्यवस्थालाई विश्लेषण गर्दा उसै झगडियाको नाउँको फिरादपत्र लिई सुन्न हुँदैन भन्ने विधायिकी मनसायलाई कुनै मुद्दाका २ पक्षबीच सिर्जना भएको विवादको निरूपणबाट त्यस्तो मुद्दामा सरोकार राख्ने वा त्यस्तो मुद्दाबाट असर पर्ने तेस्रो कुनै व्यक्तिसमेतलाई असर परेको विषयमा असर पर्ने व्यक्तिलाई नालिस उजुर गर्ने हक रहँदैन भन्ने अर्थ गर्न मिल्ने देखिएन । अ.बं.८५ नं. प्राङ्न्यायको सिद्धान्तसँग सार्न्दभिक प्रावधान हो । प्राङ्न्याय आकर्षित हुन निम्न तत्त्वको विद्यमानता रहनुपर्ने सैद्धान्तिक अवधारणा रहेको पाइन्छ, विवादको विषय समान हुनुपर्ने, मुद्दाका पक्षहरू एउटै हुनुपर्ने, मुद्दा गर्नुपर्ने कार्य कारण (Cause of action), समान हुन पर्ने र सक्षम अदालतबाट सुनुवाइ भई अन्तिम निर्णय भएको अवस्थामा प्राङ्न्यायको व्यवस्था सान्दर्भिक रहन जाने।

प्राङ्न्यायका अवधारणागत तत्त्वहरूमध्ये कुनैको अभाव भएमा त्यस्तो निर्णयउपर नालिस गर्ने हक अधिकार मर्का पर्ने पक्षमा रहने वास्तविकतालाई यसले नकार्न सक्ने देखिँदैन । अ.बं.८५ नं. बाट पहिलेको मुद्दाका पक्ष र पछिका मुद्दाका पक्ष एउटै हुनुपर्ने, विषयवस्तु समान हुनुपर्ने र मुद्दा गर्नुपर्ने कारणसमेत उही हुनुपर्ने भन्ने देखिन आउँछ । उक्त कानूनी व्यवस्थाबाट कुनै भिन्नभिन्न परिस्थिति र अवस्थामा सिर्जना भएको विवादलाई एउटै मुद्दा वा सरोकार रहेको भन्न मिल्ने देखिँदैन । त्यस्तैगरी विवादको विषयवस्तुका अतिरिक्त विवादका पक्ष हकसमेत एउटै भएको हुनुपर्ने प्राङ्न्यायको मान्यता हो । यसको दृष्टान्तमा एक पटक दर्ता गर्न नमिल्ने भनी निर्णय गरेको, एक पटक मुद्दा खारेज भइसकेपछि मुद्दाको नाम फरक पारी उजुरी दिएको, एक पटक दाबी नपुग्ने निर्णय भइसकेको र त्यस्तो मुद्दा सक्षम अदालतबाट सुनुवाइ भई अन्तिम निर्णय भइसकेको अवस्थामा उस्तै विषयको निर्णयउपर पुनः मुद्दा वा नालिस गर्नबाट यस सिद्धान्तले रोक लगाएको मान्नुपर्ने।

उल्लिखित आधार र विषयवस्तुको विद्यमानता नरही एक पटक सक्षम अदालतबाट निर्णय

भइसकेको भन्ने आधारमा मात्र भएको निर्णयबाट असर पर्ने व्यक्तिले आफूलाई असर परेको विषयमा उजुर गर्न नपाउने भन्न मिल्ने हुँदैन । प्राङ्न्यायको सिद्धान्तका आधारभूत तत्त्वको अवस्था विद्यमानता नरहेको परिस्थितिमा एक पटक फैसला भइसकेको भन्ने आधारमा मात्र Finality of judgement को सिद्धान्त आकर्षित हुन सक्ने हुँदैन । अ.बं.८५ नं. ले निश्चय रूपमा Finality of judgement को सिद्धान्तलाई अंगीकार गरेको छ । एक पटक फैसला भइसकेपछि सोही विषयमा बारम्बार मुद्दा गर्ने कुरालाई यसले निस्तेज गर्दछ । फैसला अन्तिमताको सिद्धान्तको मर्म नै मुद्दाको कार्यान्वयन सहज बनाउनु हो र कार्यान्वयनलाई असर पर्ने गरी सोही विषयमा पुनः सोही पक्षउपर मुद्दा दर्ता गर्न यसले रोक्दछ । तथापि फैसलाबाट मर्का पर्ने पक्षलाई त्यस्तो फैसलाउपर अ.बं.८६ नं. बमोजिम उजुर गर्न पाउने अधिकारलाई यसले ओझेलमा नपार्ने ।

अंशियारको तथ्यलाई नै फरक पारी दिएको फिरादबाट भएको फैसलाउपर अ.बं. ८६ नं. बमोजिम असर पर्ने कुनै अंशियारले नालिस गर्न नपाउने भनी फैसला अन्तिम भएको  भनी अर्थ गर्न मिल्ने हुँदैन । फैसला अन्तिमताको सिद्धान्तले सक्षम अदालतबाट एक पटक भएको फैसलालाई अन्तिम मान्नुपर्छ भन्ने मान्यता राख्दछ । त्यस्तो फैसलामा मुद्दाका पक्ष, मुद्दा गर्नुपर्ने कार्य कारण र विषयवस्तु समान रही अन्तिम भएको हुनपर्ने यसको मान्यता हो । मुद्दाको पक्ष र मुद्दा गर्नुपर्ने कार्य कारण फरक रहेको अवस्थामा भएको फैसलाले फैसला अन्तिमताको आधारमा ग्रहण गर्न नसक्ने ।

मुद्दामा अंशियार यकिन गरी विश्लेषण गर्नुपर्ने विषयवस्तु एवम् पक्षहरूको कानूनी हैसियतसमेत माथि विवेचना गरी न्याय निरूपण गर्नुपर्ने अवस्था रहेको परिप्रेक्ष्यमा यी सबै कुरालाई नजरअन्दाज गरी एक पटक फैसला भइसकेको भन्ने आधारमा कुनै पक्षलाई न्यायबाट वञ्चित गर्न पाउने व्यवस्था Finality of judgement को मर्म र मान्यता कदापि हुन नसक्ने ।

तथ्य र कानूनको भूलवश वा तथ्य र कानूनी व्यवस्थाको ख्याल नगरी भएको फैसला Pre-incuram फैसला हुने र त्यस किसिमको फैसला माथिल्लो इजलासबाट भएको भएपनि कम सदस्य भएको इजलासले मान्न बाध्य नहुने भन्ने हाम्रो न्यायिक अभ्यास रहेको सन्दर्भमा समेत निवेदिकाको साम्पत्तिक अधिकारमा असर पर्ने गरी दुई पक्षबीचको फैसलाले सर्वोच्च अदालतबाट अन्तिमता पाएको भएपनि विवादको विषयवस्तु र पक्ष फरक रहेको भनी फैसला बदरमा दर्ता गर्न ल्याएको फिरादपत्र दर्ता गर्न नमिल्ने भनी सुरू रोल्पा जिल्ला अदालतबाट भएको दरपीठ आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट भएको आदेश अ.बं. ८५ र ८६ नं. को भावनाअनुकूल भएको नदेखिँदा रोल्पा जिल्ला अदालतका स्रेस्तेदारको मिति २०७०।१२।०९ को दरपीठ आदेशलाई सदर गर्ने गरेको मिति २०७०।१२।२० को रोल्पा जिल्ला अदालतको आदेशलाई समर्थन गरी भएको पुनरावदेन अदालत, तुलसीपुरको मिति २०७१।३।१२ को आदेशसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । वादी टेकबहादुर डाँगी विरूद्ध कविराम डाँगीसमेत भई चलेको अंश मुद्दाबाट असर पर्ने रिट निवेदक भद्री डाँगीले फैसला बदरमा दायर गर्न ल्याएको फिरादपत्र दर्ता गरी मुद्दामा पेस भएको पुस्तेवारीसमेतको विश्लेषण गरी न्याय निरूपण गर्नु भनी विपक्षी रोल्पा जिल्ला अदालतको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : दिलीपराज पन्त

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल असार १८ गते रोज १ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार

फैसला भएका छन्:

- ०७१-WO-०८९०, उत्प्रेषण / परमादेश, *भद्री डाँगी वि. रोल्पा जिल्ला अदालतसमेत*
- ०७१-WO-०८९१, उत्प्रेषण / परमादेश, *भद्री डाँगी वि. रोल्पा जिल्ला अदालतसमेत*
- ०७१-WO-०८९२, उत्प्रेषण / परमादेश, *भद्री डाँगी वि. रोल्पा जिल्ला अदालत, लिवाङसमेत*
- ०७१-WO-०८९३, उत्प्रेषण / परमादेश, *भद्री डाँगी वि. रोल्पा जिल्ला अदालतसमेत*

२

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री हरिकृष्ण कार्की,** ०७२-WO-०२०४, उत्प्रेषण / परमादेश, *शान्ती कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारसमेत*

निवेदकले आफूलाई अनाधिकार निकायबाट सरूवा गरियो भन्ने जिकिर लिएको देखिँदैन । केवल अवधि व्यतित नहुँदै सरूवा गरियो भन्ने जिकिर रहेको देखिन्छ । यी निवेदक मिति २०६६।७।१३ देखि नै विभिन्न यातायात व्यवस्था कार्यालयमा कार्यरत रही ६ वर्षपछि मात्र यातायात व्यवस्था मन्त्रालयबाट उद्योग मन्त्रालयअन्तर्गत सरूवा भएको हो भन्ने विपक्षी सामान्य प्रशासन मन्त्रालयको लिखित जवाफबाट देखिएको छ । यस अदालतबाट मिति २०७२।५।२९ मा अन्तरिम आदेश जारी भई हालसम्म निज साबिककै कार्यालयमा कार्यरत रहेको भन्ने देखिएको र निवेदकको मागबमोजिम कानूनविपरीतको सरूवा कायम रहन नसक्ने भए पनि मिति २०७३ साल कार्तिक महिनापछि सरूवा गर्न विपक्षीलाई अधिकार रहेभएकै देखिन आउने ।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट रिट निवेदक यस अदालतको अन्तरिम आदेशले हालसम्म पूर्ववत् कार्यालयमा कामकाज गरी आएको देखिएको र हाल सरूवाको अवधिसमेत व्यतित भइसकेको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल असार ६ गते रोज ३ शुभम् ।

३

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री हरिकृष्ण कार्की,** ०७३-WO-०८७५, उत्प्रेषण / परमादेश, *भुजेन्द्र झा वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

शिक्षा ऐन, २०२८ मा भएको संशोधित व्यवस्थाबमोजिम शिक्षा मन्त्रालय, शिक्षा विभागको च.नं.४ मिति २०७३।४।५ को पत्रबाट माननीय मन्त्रीस्तरको मिति २०७३।३।२८ को निर्णयबमोजिम ऐ. ऐनको दफा १२(१) मा संशोधन भएबमोजिमको विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रिया अघि बढाउने भनी जिल्ला शिक्षा कार्यालयको नाउँमा जारी भएको पत्रको आधारमा जि.शि.का. रौतहटबाट प.सं. ०७३।७४ च.नं.२७२ मिति २०७३।४।३१ को पत्रबाट जिल्लास्थित सम्पूर्ण विद्यालयहरूको नाउँमा निर्देशन जारी गर्नुका साथै जिल्ला शिक्षा कार्यालय, रौतहटको मिति २०७३।८।१३ को पत्रसमेतबाट नयाँ संशोधित व्यवस्थाबमोजिम गर्न भनी निर्देशन दिनुका साथै तोकिएको समय सीमाभित्र व्यवस्थापन समिति गठन नगर्ने विद्यालयको हकमा विद्यालयमा निकासा हुने अनुदान रोक्का गर्न सक्ने भनी सबै सामुदायिक विद्यालयलाई सूचना प्रकाशित गरिएको देखिन्छ भने ऐनमा भएको संशोधन सम्बन्धमा रिट निवेदनमा बदरको मागदाबी रहेकोसमेत देखिँदैन । साबिकमा भएको कानूनी व्यवस्थालाई संशोधन गरी नयाँ कानूनी व्यवस्था लागू भइसकेको र नयाँ कानूनी व्यवस्थाबमोजिम विभिन्न सामुदायिक विद्यालयलाई सूचना प्रकाशित गरिएको कार्यलाई कानूनविपरीत भयो भन्न मिल्ने नदेखिने ।

तसर्थ विश्लेषण गरिएका आधार, कारण र प्रमाणहरूसमेतबाट शिक्षा ऐन, २०२८ को संशोधनपश्चात् विद्यालय व्यवस्थापन समितिको संरचनामा नै परिवर्तन भएको देखिँदा नयाँ संरचनाबमोजिम विद्यालय व्यवस्थापन समिति गठन भएपछि स्वतः यी निवेदकको पद बहाल हुनसक्ने नदेखिएको र पुरानै संरचनालाई यथावत् राख्नु भन्नेसमेत ऐनको मनसाय देखिन नआएकोले निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन, प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल असार ६ गते रोज ४ शुभम्।

४

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-WO-१०७२, उत्प्रेषण, *भक्तबहादुर वि.क. वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

प्रहरी सेवाको मुख्य उद्देश्य शान्ति सुरक्षा एवम् अमन चयन कायम गरी नागरिक एवम् देशको सुरक्षा गर्ने अभिभारासँग सम्बन्धित रहन्छ। नागरिकको सुरक्षा र कानूनविपरीतका कामकारबाही नियन्त्रण गर्ने प्रमुख जिम्मेवारी रहेको प्रहरी सेवाका कर्मचारीले आफूअनुकूलको पदीय जिम्मेवारी बहन गर्ने कार्यमा बेवास्ता गर्ने गरी कामकारबाही गर्न छुट रहने भन्ने प्रहरी सेवाको आशय कदापि होइन। रिट निवेदकको कार्य जिम्मेवारीतर्फ विचार गर्दा निज प्रहरी जवान तेजबहादुर खड्काको लहडमा लागी आफूसँग भएको हतियार पेस्तोलसहित बोकी गाउँघरमा प्रवेश गरी सर्वसाधारण जनतालाई तर्साई समाज विरोधी कार्य गर्ने र प्रहरी सेवाको मर्यादा र अभिभाराविपरीतको गैरआचरणजन्य कार्य गर्ने छुट निवेदकलाई रहे भएको भन्ने नदेखिने।

निवेदक सशस्त्र प्रहरी बलमा कार्यरत कर्मचारी भएको भन्ने रिट निवेदन बेहोराबाट देखिन्छ। सशस्त्र प्रहरी बलले परोक्षरूपमा सामाजिक शान्ति सुरक्षाको प्रबन्ध गर्ने भए पनि जनताको जिउधनको सुरक्षा एवम् अपराध नियन्त्रणको कार्य गर्ने प्रत्यक्ष जिम्मेवारी नभएको स्थितिमा जुवा खेल नियन्त्रण गर्ने भनी उपल्लो अधिकारीको जानकारी विना हतियारसमेतका बन्दोबस्तीका सामानको सुरक्षाको जिम्मेवारी रहेका प्रहरी जवानले आफू जिम्मा रहेको पेस्तोल लगी कुनै अधिकारप्राप्त अधिकारीको आदेश र निर्देशनविपरीत आफूखुसी जुवा नियन्त्रण गर्ने भनी गाउँघरमा प्रवेश गरी आफ्नो पदीय हैसियत र जिम्मेवारीविपरीतको कामकारबाही उक्त नियम ८८ को कानूनी व्यवस्थाअनुकूल भएको नदेखिँदा प्रहरी ऐन, नियमबमोजिम भएको कारबाहीबाट निवेदकको रोजगारी र सामाजिक सुरक्षासम्बन्धी अधिकारमा आघात परेको भन्न मिल्ने अवस्था नदेखिने।

कहीँकतै कुनै अवैध कार्य भइरहेको जानकारी प्राप्त भएमा सो कुराको जानकारी कार्यालय प्रमुखलाई गराई कार्यालय प्रमुखको आदेशअनुसार आवश्यक कामकारबाही गर्नुपर्नेमा प्रहरी जवान पदमा कार्यरत कर्मचारीले कार्यालयमा मौजुद रहेको बन्दोबस्ती हतियार लिई गाउँघरमा प्रवेश गरी सर्वसाधारण जनतालाई तर्साउने र केही अमुक फाइदा लिने उद्देश्यले अवैध रूपमा पेस्तोल पड्काउने कार्यबाट प्रहरी सेवाको राष्ट्र र जनताप्रतिको उत्तरदायित्व र जिम्मेवारीमा आँच आउने मात्र नभई प्रहरी सेवाप्रतिको जनविश्वास क्षिण हुन जाने हुँदा रिट निवेदकको त्यस्तो कार्य प्रहरी ऐन, नियमावलीको कानूनी व्यवस्थाप्रतिकूल रहेको देखिन आयो। यस्तो स्थितिमा प्रहरी नियमावली, २०४९ को नियम ८८ को ङ र च को कसुरमा ऐ.नियम ८४(६) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी साधिकार निकायबाट मिति २०६६।६।२० मा भएको निर्णय पुनरावेदन सुन्ने निकाय मध्यपश्चिम क्षेत्रीय कार्यालय, सुर्खेतसमेतबाट सदर गरिएको निर्णय कानूनविपरीत भएको नदेखिँदा

निवेदकको मागअनुसारको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल असार १९ गते रोज २ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-WO-११५९, उत्प्रेषण / परमादेश, *कृष्णप्रसाद भट्टराई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

महान्यायाधिवक्ता र मातहतका सरकारी वकिलहरूलाई सरकारको हक हित र सरोकार रहेको मुद्दामा प्राप्त भएका सबुत प्रमाण र मुद्दाको प्रकृति र कानूनी पद्धतिका आधारमा मुद्दा चलाउने वा नचलाउने भन्ने सम्बन्धमा निर्णय गर्ने व्यावसायिक स्वतन्त्रता (Privilege) नि:सन्देह रहने देखिन्छ । यद्यपि त्यस्तो निर्णय गर्न पाउने अधिकार निरपेक्ष भन्ने होइन। मुद्दाको प्रकृति र कसुरको गम्भीर्यसमेतका वस्तुगत आधारमा न्यायको मूल्य र मान्यता कायम राखी पीडितलाई पूर्ण न्यायको प्रत्याभूति गर्ने सन्दर्भमा महान्यायाधिवक्ताको मुद्दा नचलाउने निर्णय पुनरावलोकनको विषय हुन नसक्ने भन्ने नहुने।

संविधानले प्रदान गरेको अधिकार क्षेत्रअन्तर्गत रही महान्यायाधिवक्ताले गरेको निर्णय विवेकयुक्त, संविधानसम्मत, तर्कयुक्त देखिएमा त्यस्तो निर्णय व्यावसायिक उन्मुक्तिको सान्दर्भिकतासँग सन्निहित रहन जान्छ र त्यस किसिमको निर्णयतर्फ हस्तक्षेप गरी न्यायिक निरूपण गर्नसमेत सिद्धान्तत: मिल्न जाने हुँदैन । मुद्दामा प्राप्त प्रमाण एवम् कसुरदारको कसुर प्रचलित कानूनप्रतिकूल रहे नरहेकोसमेतका आधारमा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न पाउने गरी महान्यायाधिवक्तालाई संविधान र कानूनले अधिकार दिएको विषयलाई अन्यथा भन्न नमिल्ने।

नेपाल चीनबीचको कुटनीतिक सम्बन्धका माध्यमबाट चिनिया राजदुतावासबाट पक्राउ परेका Luo Shujhu लगायत १० जना नागरिकहरू व्यापारिक कारोबार गर्ने व्यक्ति रहेको, व्यापारीहरूले कुनै अन्यथा परिणामस्वरूप आर्जन गरेको रकम नभई दुई पक्षीय व्यापारिक सम्बन्धको परिणामस्वरूप साना व्यापारीबाट उठाएको रकम भएको नेपाली मुद्रा चीनमा परिवर्त्य नभएकोले सटही गरी अमेरिकी डलर लिई स्वदेश फिर्ता हुँदा बरामद भएको भनी चिनिया राजदुतावासबाट मुद्दा नचलाउने अनुरोध भई आएको भन्नेसमेतका आधारबाट मुद्दा नचलाउने निर्णय गरिएको भन्ने विपक्षीहरूको लिखित जवाफ रहेको छ। यस अवस्थामा महान्यायाधिवक्ताले मुद्दा चलाउन वा नचलाउने गरी अन्तिम निर्णय गर्न पाउने अधिकारको विषयमा प्रवेश गर्न मिल्ने नदिखने।

अतः विवेचित तथ्य एवम् प्रतिपादित कानूनी सिद्धान्तसमेतको आधारमा सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनको दायित्व कार्यपालिकीय क्षेत्राधिकारअन्तर्गत रहने देखिएको, मुद्दाको प्रकृति र प्राप्त भएका प्रमाणका आधारमा आरोपित कसुर प्रचलित कानूनप्रतिकूलको रहे नरहेको जस्ता विषयमा निर्क्योल गरी निर्णय गर्न सक्ने महान्यायाधिवक्ताको कार्यगत स्वायत्तताका आधारमा Luo shujhu समेतका चिनिया नागरिकको हकमा विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ अन्तर्गत मुद्दा नचलाउने गरी महान्यायाधिवक्ताबाट भएको अन्तिम निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिएकोले मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : दिलीपराज पन्त

कम्प्युटर : विकेश गुरागाईं

इति संवत् २०७४ साल असार १९ गते रोज ५ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-००४६, दोहोरो लिखत बदर, *हरि सहनी वि. शिवचन्द्र प्रसाद ठाकुर*

फिराद दाबीबमोजिमको घरजग्गा फिरादीका पिता बलदेव ठाकुरले महादेव सहनीबाट २०२३ सालमा राजीनामा गरी लिएकोमा सोही जग्गा महादेव सहनीको श्रीमती चनरजोतयाले आफ्नो छोरा हरि सहनीलाई मिति २०६७।११।२९ मा हालैदेखिको बकसपत्रबाट हस्तान्तरण गरेको भन्ने मिसिलबाट देखिन आयो। हरि सहनीलाई हा.ब. गरी दिनुपूर्वदेखि नै उक्त जग्गा वादी शिवचन्द्र प्रसाद ठाकुर र पुनरावेदक प्रतिवादी हरि सहनीका बीचमा सहमति भई विवादित कि.नं.४९ को घरवासको घर जग्गामा वादी शिवचन्द्रप्रसाद ठाकुरको बसोबास रहेको स्वीकार गरी प्रतिवादी हरि सहनीसमेत रोहबरमा रही मिति २०६४।३।९ मा लिखत भएको भन्ने मिसिल संलग्न उक्त लिखतको फोटोकपीबाट दखिन्छ। सोही जग्गा मिति २०६७।११।२९ मा हरि सहनीले आफ्नो आमा चनरजोतीयाबाट हा.ब. गरी लिएको देखिन्छ। यस्तो अवस्थामा पुनरावेदक प्रतिवादी २०२३ सालको लिखतलाई कुनै चुनौती नदिई स्वीकार गरी बसेकोमा सोही लिखतबमोजिमको जग्गा आफ्नो आमाबाट हालैको बसकसपत्रबाट प्राप्त गरी पूर्वलिखतलाई किर्ते भनी लिएको पुनरावेदकको पुनरावेदन जिकिर मनासिब देखिन आएन। मिति २०६४।३।९ मा पुनरावेदक र प्रत्यर्थीबीच भएको सहमतिको लिखतबाट पुनरावेदक प्रतिवादी विबन्धित भएको देखिन आउने।

२०२३ सालमा वादीका पिताले प्राप्त गरेको जग्गासम्बन्धी लिखत प्रारम्भदेखि नै अस्तित्वमा रहेको अवस्थामा पुनरावेदकले उक्त लिखतलाई कुनै चुनौती दिन सकेको अवस्था मिसिलबाट देखिँदैन। एउटै सम्पत्तिलाई दोहोरो लिखत गरी दिनसमेत कानूनतः मिल्ने देखिँदैन। एक पटक पुनरावेदकका बाबुले हक हस्तान्तरण गरिसकेको घर जग्गा पुनः निजको आमाले हा.ब. गरी पुनरावेदकलाई दिएको र पहिलेको लिखतको अस्तित्व कायमै रहिरहेको अवस्थामा पछिबाट तयार भएको लिखत लेनदेन व्यवहारको २५ नं. बमोजिम बदर हुने नै देखिने।

अतः पुनरावेदन अदालत, हेटौंडाबाट सुरू फैसला उल्टी गरी वादी दाबीको मिति २०६७।११।२९ को लिखत बदर हुने ठहर गरेको मिति २०७०।१२।१० को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवम् २०७४ साल असार १९ गते रोज २ शुभम्।

## इजलास नं. १

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमानसिंह राउत,** ०७२-WO-०१६१, परमादेश, *विस्मिल्लाह खातुन वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदकले आफ्नो रिट निवेदनमा सम्मानपूर्वक बाँच्न पाउने गरी संविधानमा व्यवस्थित मौलिक हकको सुनिश्चितता होस् भन्ने कुराको समेत माग गरेको देखिन्छ। मानिसको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित अधिकारहरू नै मानव अधिकारहरू हुन्। मानिसले मानिस भएर सम्मानपूर्वक बाँच्नलाई प्राप्त गर्ने नैसर्गिक र जन्मसिद्ध अधिकार नै मानव अधिकारहरू हुन्, जुन अधिकारहरू अहरणीय अधिकारको रूपमा रहेको मानिन्छ। मानिसलाई प्राप्त यस्ता अधिकारहरू आफैँ कार्यान्वयनमा आउन सक्दैन र यस्ता अधिकारहरूको संरक्षण र प्रबर्द्धन गर्नका लागि संविधानमा नै व्यवस्थित गरिनु पर्ने हुन्छ तब मात्र ती अधिकारहरूले मौलिक हकको रूपमा मान्यता प्राप्त गरी कार्यान्वयनमा आउने अवस्था हुने।

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य

र मान्यताको परिधिभित्र रही मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको लागि निष्पक्ष र सक्रियतापूर्वक क्रियाशील रहेको भन्ने विपक्षीमध्येको मानव अधिकार आयोगको र शान्ति र सुव्यवस्था कायम गर्न खटिनु पर्ने सुरक्षाकर्मीलाई नागरिकको मानव अधिकारको सम्मान र संरक्षण गर्न तथा न्यूनतम बल प्रयोग गर्ने मान्यतालाई अवलम्बन गर्न नेपाल सरकारको सुरक्षा निकायमा रहेका जनशक्तिको लागि मानव अधिकार तथा मानवीय कानूनसम्बन्धी तालिमसमेत दिँदै आएको छ भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको लिखित जवाफ रहेको देखिने।

विपक्षी कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६, ६क र ६ख मा जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने क्रममा कुनै सभा जुलुस वा भीडले हिंसात्मक वा ध्वंशात्मक गतिविधि गरेको कारणबाट शान्ति भङ्ग हुने देखेमा त्यस्तो कार्यमा रोक लगाउन आवश्यकता र परिस्थितिअनुसार जो गर्नुपर्ने बल प्रयोग गर्न सक्नेलगायतका अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिइएको र प्रमुख जिल्ला अधिकारीले त्यस्तो अधिकार प्रयोग गर्दा पालना गर्नुपर्ने मापदण्ड र विधि पनि सोही ऐनमा विस्तृत रूपमा स्पष्ट गरिएको छ भनी उल्लेख गरिएको देखिने।

निवेदकले निवेदनमा प्रहरीको गोली लागी मारिएका घटनाहरूको फौजदारी मुद्दासरह अनुसन्धान तहकिकात गर्नु, जाहेरी दरखास्त दर्ता गर्नुको साथै आवश्यक सम्पूर्ण प्रक्रियाहरू पूरा गरी फौजदारी न्याय प्रणालीअन्तर्गत मुद्दा दर्ता गर्न गराउनसमेत परमादेशको आदेशको माग गरेको सम्बन्धमा हेर्दा विपक्षी कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालयले लिखित जवाफ लगाउँदा राष्ट्रसेवक कर्मचारीले बाध्यात्मक परिस्थिति परी कर्तव्य पालनाको सिलसिलामा ऐनले निर्दिष्ट गरेको मापदण्ड र विधि पालना गरी असल नियतले गरेको कामका लागि अनुसन्धान र तहकिकात गरी फौजदारी न्याय प्रणालीअन्तर्गत मुद्दा चलाउन कानून र न्यायसम्मत हुँदैन भनी जिकिर लिएको देखिने।

निवेदकले निवेदनमा के कुन प्रहरीले गैरकानूनी तरिकाले गोली हानी मारेको हो वा घाइते बनाएको हो भन्ने निवेदनमा खुलाएको देखिँदैन। केवल विभिन्न घटनाहरूमा प्रहरीको गोली लागी मारिएको भन्नेसम्म उल्लेख गरेको देखिने।

जाहेरी दर्ता नभएको भनी उल्लेख गरेकोमा कुन प्रहरी कार्यालयमा जाहेरी दिँदा दर्ता गर्न नमानेको वा इन्कार गरेको हो सो कुरा पनि निवेदनमा खुलाएको देखिँदैन । यस्तो अवस्थामा विपक्षीहरूबाट जाहेरी दर्ता नभएको भन्ने निवेदकको भनाइसमेत उचित र मनासिब देखिन नआउने।

विपक्षीहरू मातहत रहेको प्रहरीले गैरकानूनी तरिकाले चलाएको गोली लागेर घाइते भएका मेरो श्रीमान् तथा प्रहरीको गोली लागेर तथा लाठी चार्जबाट मृत्यु र घाइते भएका सम्पूर्ण पीडितहरूलाई उचित क्षतिपूर्ति तथा बालबच्चाको निःशुल्क शिक्षादिक्षाको व्यवस्था मिलाउनु पर्ने भन्ने निवेदन दाबीका सम्बन्धमा हेर्दा नेपाल सरकार, गृह मन्त्रालय तथा उपप्रधान तथा गृह मन्त्रीको लिखित जवाफमा नेपाल सरकारले विरोध प्रदर्शनको क्रममा मारिएका आन्दोलनकारी र सर्वसाधारणका पीडित परिवारलाई १०।१० लाख रूपैयाँ आर्थिक सहायता दिने निर्णय गरेको साथै प्रदर्शनका क्रममा घाइते भएकालाई पनि निःशुल्क उपचार गर्ने व्यवस्था गरेको भन्ने देखिने।

आन्दोलनको क्रममा प्रहरीले चलाएको गोलीबाट निवेदकको श्रीमान् जाकिर हुसेन घाइते भई वीर अस्पतालमा उपचार भइरहेको भनी उल्लेख गरेकोमा उक्त घटना के कस्तो आन्दोलनको सिलसिलामा कुन ठाउँ र कुन मितिमा घटेको हो

भन्नेसम्म रिट निवेदनमा उल्लेख गरिएको देखिँदैन । त्यसैगरी निवेदकले को को व्यक्तिले को को व्यक्तिलाई कानूनप्रतिकूल काम गरी हातहतियार प्रयोग गरेको भन्ने कुरा देखिने कुनै कागजात प्रमाण पनि पेस गरेको देखिँदैन । यस्तो अवस्थामा निवेदन मागदाबीबमोजिम परमादेशको आदेश जारी गरिरहन पर्ने देखिएन । रिट निवेदन खारेज हुने ।

कानूनबमोजिम अधिकार प्रयोग गर्ने निकायले अधिकारको प्रयोग गर्दा कानूनबमोजिम नै गर्नुपर्ने हुन्छ । कानूनभन्दा बाहिर गएर वा कानूनप्रतिकूल हुने गरी कुनै कार्य गर्नु हुँदैन । उक्त कार्यहरू कानूनी राज्यको मर्म र मनसायभित्र नपर्ने ।

नागरिकको शान्ति सुरक्षा गर्न खटिने सुरक्षाकर्मीले जनताको जिउधनको सुरक्षा कायम गरी राज्यमा अमन चयन कायम गर्ने सिलसिलामा कानूनले तोकेको विधि र प्रक्रियाभन्दा बाहिर गएर कुनै पनि कार्य गर्न नहुने ।

विपक्षीबाट कानूनले तोकेको सीमाभन्दा बाहिर गई घातक हतियारको प्रयोग र बलको अत्यधिक प्रयोग भएको भन्ने देखिएकाले कानूनले तोकेको परिधिभन्दा बाहिर गई घातक हतियार प्रयोग नगर्न र आन्दोलनकारीहरूको उपर न्यूनतम शक्तिको प्रयोग गरी कानूनको पालना गर्नु गराउनु भनी विपक्षी नं. ४ र ७ बाहेक अन्य विपक्षीहरूका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल साउन २० गते रोज ५ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-WO-१०९६, उत्प्रेषण / परमादेश, *महेन्द्रप्रसाद यादव वि. कृषि विकास बैंक, मुख्य कार्यालय, रामशाहपथसमेत*

निवेदकले सेवा प्रवेशपश्चात् २०३९।८।२१ देखि २०३९।९।२६ सम्म १ महिना ६ दिन बिदामा बसेको देखियो भने यी निवेदकले निजउपर कर्तव्य ज्यान मुद्दाको अभियोग लागी २०४०।५।३१ देखि २०४१।३।१० सम्म थुनामा बसेको तथा २०४१।३।११ देखि लागू हुने गरी बिना अवधिको बेतलबी बिदा माग गरेकोमा बिनाअवधिको बिदा माग गरेको र बिनासूचना कार्यालयमा अनुपस्थित रहेको भनी अवकाशपत्र दिइए पनि आफू विरूद्ध दायर भएको कर्तव्य ज्यान मुद्दामा मिति २०४५।९।४ मा सर्वोच्च अदालतबाट समेत सफाइ पाउने फैसला भएपछि कृषि विकास बैंकको मिति २०४७।९।२४ को निर्णयबाट साबिक पदमा नै पुनर्स्थापना गरेको भन्ने बेहोरा उल्लेख गरेको देखियो भने विपक्षीहरूले प्रस्तुत गरेको लिखित जवाफमा समेत यी निवेदकको सेवा अवधि गणना गर्दा उक्त अवधि कट्टा गरेको भनी उल्लेख भएबाट निवेदकको कूल सेवा अवधिमा कार्यालयमा अनुपस्थित रहेको उपर्युक्त अवधि नजोडिएको कुरामा विवाद नदेखिने ।

कृषि विकास बैंकले उपर्युक्तबमोजिम यी निवेदकको अवकाश अवधि गणना गरी निजलाई अनिवार्य अवकाश दिने भनी पत्र पठाए पनि यी निवेदक महेन्द्रप्रसाद यादवले आफूले असाधारण बिदा माग गरेकोमा सो बिदा स्वीकृत भए नभएको हालसम्म पनि जानकारी प्राप्त नभएको र उक्त अवधिमा आफू कार्यालयमा अनुपस्थित रही सो अवधिको तलब भत्तासमेत नलिएको हुँदा मिति २०३९।९।२७ गतेदेखि २०४०।५।३० सम्म ८ महिना ४ दिनको अवधि आफ्नो कुल सेवा अवधिबाट कट्टा गरी त्यसबापत थप समय आफू कार्यरत पदमा बहाल रहन पाउनु पर्नेमा सो अवधि गणना नगरी अनिवार्य अवकाशको समय नपुग्दै अवकाश दिने निर्णय गरिएको जिकिर रहेको पाइने ।

जुन समयावधिको लागि आफूले असाधारण बिदाको निवेदन दिई अनुपस्थित रहेको थिएँ भनी निवेदकले दाबी गरेका छन् सोही समयावधिमा निवेदक स्वयम् कृषि विकास बैंक, क्षेत्रीय कार्यालय, सप्तरीअन्तर्गतकै प्रशाखा कार्यालय, सुखीपुरबाट उपशाखा कार्यालय, बोदेवर्साइनमा सरूवा भई २०३९।११।३० मा कार्यालयमा हाजिर भएको भनी उक्त कार्यालयले च.नं.२२२३, मिति २०३९।१२।४ गतेको पत्रबाट प्रशाखा कार्यालयलाई जानकारी दिएको पत्र मिसिल सामेल रहेको र लिखित जवाफमा समेत सोही बेहोरा उल्लेख भई आएको देखिँदा यी निवेदकले असाधारण बिदामा बसेको भनी दाबी गरेको अवधिमा कार्यालयमा उपस्थित रहेको तथ्यलाई लुकाई प्रस्तुत रिट निवेदन दायर गरेको देखिन आउने।

अर्कोतर्फ निवेदक माथिल्लो पदमा बढुवा हुन आवश्यक सेवा अवधिको गणना गर्दा उक्त बिदामा बसेको थिएँ भनी दाबी गरिएको अवधिसमेत गणना गरेको देखिने।

अत: निवेदक कार्यरत रहेको कृषि विकास बैंक लिमिटेडको कर्मचारी सेवा विनियमावलीमा उल्लिखित प्रावधानअनुरूप नै यी निवेदकले ३० वर्षे सेवा अवधि पालना गर्नुपर्ने नै देखिएको र नियमानुसार स्वीकृत नगराएको अवधिको गणना नहुने साथै सोही अवधिमा यी निवेदक स्वयम्समेत आफू कार्यरत कार्यालयमा हाजिर भएको देखिँदा बिदामा बसेको अवधि थप गरी मिति २०७०।९।१२ बाट मात्र अनिवार्य अवकाश हुनेमा मिति २०७०।१।९ बाटै अवकाश दिने गरी प्रेषित २०६९।१२।६ गतेको पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी नियमित कामकाज गराउन परमादेशलगायतका आदेश जारी गरिपाउँ भन्ने बेहोराको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल कात्तिक १८ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७५-RC-००४४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. नरे भन्ने नरेन्द्र सिंह महर*

मृतक कृष्णसिंह बोहरा मिति २०६८।६।२५ गते राति ८ बजेको समयमा प्रतिवादीको पसलमा आई पैसासम्बन्धी विवाद हुँदा र गोठको बाख्रासमेत निकाल्न लाग्दा रिस उठी आफ्नो पसलमा रहेको बन्दुकको प्रहारबाट मृतक कृष्ण सिंह बोहराको मृत्यु भएको तथ्यलाई सुरू जाहेरी दरखास्त, Autospy Report, घटनास्थल लास जाँच प्रकृतिका मुचुल्का, प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष आई गरेको तथ्ययुक्त साबिती बयान, मौकाको घटना विवरण कागज गर्ने नरसिंह ठेकरे, लालसिंह महतसमेतको कागज बेहोरा एवम् मिसिल संलग्न प्रमाणहरूबाट समर्थित हुन आएकोले प्रतिवादी नरे भन्ने नरेन्द्र सिंह महरले मृतक कृष्णसिंह बोहरालाई पेटमा बन्दुकको गोली प्रहार गरी कर्तव्यबाट मृतकको मृत्यु भएको पुष्टि हुन आएको देखिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी नरे भन्ने नरेन्द्र सिंह महरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं.को कसुरमा सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू दार्चुला जिल्ला अदालतबाट मिति २०६८।१०।११ मा भएको फैसला साधक सदर हुने ठहऱ्याई र पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०७०।०३।१८ मा भएको फैसला साधक जाँचका लागि पेस भएको हुँदा उक्त साधक सदर हुने।

इजलास अधिकृत: नारायण सापकोटा

इति संवत् २०७५ साल मङ्सिर २३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-CI-१२३४, हक कायम

दर्ता नामसारीसमेत, *मनोहरजंग राणा वि. रोमियोजंग राणासमेत*

बहादुरजंग निवेदक/पुनरावेदकको एकाघरको बाजे भएको, तत्कालीन नापी हुँदा नै उपर्युक्त कि.नं. १२४, ९३, १२५, ११३, १२६, १३४, ११६, ११७, ८२, ८४, १३२, १३३, १३९, ११४, ८१, ८३ समेतका जग्गा मोहीहरूले निवदेनमा बहादुरजंग राणाको नाममा नाप नक्सा गरी नापी स्रेस्तामा जनाई जग्गाधनी दर्ता स्रेस्ता खडा गरी निवेदकलाई दिएको। उक्त जग्गाधनी दर्ता प्रमाण पुर्जाको तत्कालीन अवस्थाको जग्गा नाप जाँच ऐन, २०१९ को दफा ८ को ३ र तत्कालीन जग्गा नाप जाँच नियम, २०२३ को नियम ७(१) ले प्रमाणमा लिन मिल्ने नै देखियो। तत्कालीन अवस्थामा मोहीहरूले उपर्युक्त जग्गाहरूको १ नं. अनुसूची भरेको र सो अवस्थामा बहादुरजंग राणालाई जग्गाधनी देखाई १ नं. अनुसूची भरेको र तत्कालीन अवस्थामा नापी कार्यालयले सोको लगत्तै २ नं. अनुसूचीसमेत प्रकाशित गरेको र उक्त अनुसूची १ र २ नं. मा जग्गाधनी पुनरावेदक मनोहरजंग राणाको बाजे बहादुरजंग राणा देखाएको अवस्था छ । उक्त कुरालाई प्रमाण ऐन, २०३१ को दफा ६(ग) बमोजिम सरकारी अड्डामा रहेको स्रेस्तालाई प्रमाणको रूपमा मान्यता दिनुपर्ने कुरा अदालतले अनुमान गर्नुपर्ने हुँदा पुनरावेदन अदालत, पाटनको फैसलामा उक्त प्रमाणको यथोचित मूल्याङ्कन तथा परिपालना भएको नदेखिने।

मोही कृष्णबहादुर अवाल भन्ने कृष्णबहादुर डंगोलले ललितपुर जिल्ला, लामाटार गा.वि.स. २ख कि.नं. ८२, ८४, ११६, ११७ र १२६ को जग्गाको सम्बन्धमा मालपोत कार्यालय, ललितपुरमा मिति २०६७।१२।६ मा द.नं.१४५३४ को निवेदन दर्ता गरी जग्गाधनी बहादुरजंग राणाको मोही आफू भएको र निजको नाति मनोहरजंग राणाको नाममा दर्ता गर्न मन्जुरी दिएको भनी निवेदन पेस गरेको देखिन्छ । उपर्युक्त जग्गाहरूको साबिक लगत पुनरावेदकका बाजे बहादुरजंग राणाको श्रीमती निलकुमारी राणाको नामको ललितपुरतर्फको असुली रै.नं.५१७ लामाटार मौजा लगत नं.३१२।५१७ क्षेत्रफल २०॥१ जग्गा निजले आफू जीवित हुँदाकै बखत इ.स.१९७९।१०।४ अर्थात् वि.सं.२०३६।६।१८ मा मृत्यु हुनुभन्दा अगावै रैकर कायम गराएको जग्गा भएको र उक्त जग्गा निलकुमारी राणासँग लगत भिड्ने देखिएको, निलकुमारी राणाको नामको लगत र एकाघरको लोग्ने बहादुरजंग राणाको नामको क्षेत्रीय किताब फिल्डबुक, १ नं. र २ नं. अनुसूची र अनुसूचीमा दर्ता भएको जग्गा हुँदा ७ नं. फाँटवारी भरेको हुनैपर्छ भन्ने कानूनी उद्देश्यसमेत नरहेकोमा पुनरावेदन अदालत, पाटनबाट भएको फैसलामा ७ नं. फाँटवारी भरेको कुराको जिकिर पुनरावेदकले लिन नसकेको भनी लिएको आधार कानूनसम्मत देखिँदैन। उक्त जग्गाको वास्तविक जग्गाधनी को हो भनी विभिन्न उनाउ व्यक्तिहरूले निवेदन दिए तापनि मालपोत कार्यालय, ललितपुरले आआफ्नो हक कायम गरी ल्याउन ललितपुर जिल्ला अदालतमा जानु भनी मिति २०६८।११।०३ मा निर्णय सुनाएपछि उक्त जग्गाहरू हक कायम गर्नका लागि तत्कालीन अवस्थामा मालपोत कार्यालय, ललितपुरमा हकदाबी गर्ने राजुविक्रम राणा, गणेशबहादुर कुँवर, नवराजजंग राणा, सुमनप्रताप राणा, सुभाषजंग राणा र यज्ञप्रताप राणा कसैले पनि हककायम गर्नका लागि फिराद दर्ता गरी अदालत, आएको देखिँदैन। निलकुमारी राणाको १९७९ सालमा मृत्यु भएको भनी पुनरावेदन अदालत, पाटनमा लिएको निर्णयाधार त्रुटिपूर्ण देखिन्छ । निलकुमारी राणाको मिति २०३६।६।१८ मा मृत्युभएको भन्ने कुरा भूलवश इ.सं. १९७९।१०।४ उल्लेख भएको भनी काठमाडौं महानगरपालिका कार्यालयको च.नं.२।५६ मिति २०७१।०४।१६ को सिफारिस पत्रमा उल्लेख भएको देखिँदा उक्त कुरालाई प्रमाण ऐन, २०३१ को दफा १९ ले प्रमाणमा लिन मिल्ने नै देखिँदा उक्त कानूनी

व्यवस्थाको विवेचना पुनरावेदन अदालत, पाटनको फैसलामा भएको नदेखिने।

विपक्षी रोमियोजंग राणाले बहादुरजंग राणाको २००३ सालमा परलोक भएको भनी मिति २०६६।०२।२६ को आफ्नो नाता प्रमाण पत्र पेस गरेकोलाई विपक्षीहरू बेग्लै परिवारको व्यक्ति भएको हुँदा निजहरूको नाता प्रमाण पत्रको सम्बन्धमा पुनरावेदक मनोहरजंग राणाको वारेसले कुनै खण्डन गरेको देखिँदैन। पुनरावेदन अदालत, पाटनले फैसला गर्दा विपक्षी रोमियोजंग राणाले बहादुरजंग राणा २००३ सालमा परलोक भएको मिति २०६६।०२।२६को नाता प्रमाण पत्र प्रस्तुत मुद्दामा प्रमाणमा नलिएको र पुनरावेदक मनोहरजंग राणाले पेस गरेको मिति २०६५।१२।२६ को नाता प्रमाणपत्र सम्बन्धमा पुनरावेदन अदालत, पाटनले स्वीकार गरी विवेचना गरेको अवस्था नहुँदा उक्त फैसला प्रमाण ऐन, २०३१ को दफा ६(ग) र १९ को कानूनी त्रुटि हुन गएको देखिने।

ललितपुर जिल्ला लामाटार गा.वि.स. वडा नं.२ख का कि.नं.१२४ को क्षे.फ.०-४-१-०, ऐ.ऐ. कि.नं. ९३ को क्षे.फ. ०-१४-२-०, ऐ.ऐ. कि.नं.१२५ को.०-५-१-०, ऐ.ऐ. कि.नं.११३, को क्षे.फ.२-२-०-०, ऐ.ऐ. कि.नं.१२६ को क्षे.फ.०-७-१-० ऐ.ऐ. कि.नं.१३४ को क्षे.फ. ०-६-२-०, ऐ.ऐ. कि.नं.११६ को क्षे.फ.१-७-०-० ऐ.ऐ. कि.नं ११७ को क्षे.फ.०-११-३-० ऐ.ऐ. कि.नं.८२ को क्षे.फ.१-६-०-० ऐ.ऐ. कि.नं. ८४ क्षे.फ.०- ६-०-०, ऐ.ऐ. कि.नं.१३२ को क्षे.फ.१-०-०-० ऐ.ऐ. कि नं .१३३ को क्षे.फ.०-१०-२-० ऐ.ऐ कि.नं.१३९ को क्षे.फ.०-८-३-०, ऐ.ऐ. कि.नं.११४ क्षे.फ.१-१५-०-०, ऐ.ऐ. कि.नं. ८१ को क्षे.फ.१-१०-०-०, ऐ.ऐ. कि.नं. ८३ को क्षे.फ. ०-१०-२-० समेतका कित्ता जग्गाहरू हक कायम गर्न जानु भनी मालपोत कार्यालय, ललितपुरले मिति २०६८।११।३ मा निर्णय सुनाएपछि मुलुकी ऐन, जग्गा पजनीको २क अनुसार आफ्ना हक हुन आई दाखिल खारेज गर्नुपर्ने भएको र दर्तावाला भनी हकवालाको नाममा सर्भेमा समेत पैंतीस दिनभित्र दाखिल दर्ता नगराई म्याद गुजारी बसेकोमा पछि दाखिल दर्ता गराउन दरखास्त दिएमा जतिसुकै अवधि व्यतित भएपनि दश रूपैयाँ दस्तुर लिई नामसारी दाखिल खारेज गरिदिनुपर्छ भन्ने कानूनी व्यवस्था भएको र मालपोत ऐन, २०३४ को दफा ७(२) ले जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नापनक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा उक्त जग्गाको साबिक दर्ता तिरो र भोगसमेतको आवश्यक छानबिन गरी तोकिएबमोजिमको समितिको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न सक्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था भएकोमा मोहीले फिल्डबुकमा जग्गाधनी स्वीकार गरेको लगत नं.५१७ को जग्गाको १ नं. लगत, २ नं.अनुसूची र ४ नं. अस्थायी पुर्जा मा प्रकाशित भएको र २०२१।२२ सालको सर्वे नापीका बखत निवेदक वादी मनोहरजंग राणाका बाजे बहादुरजंगका नाउँमा नापी दर्ता भई फिल्डबुक कायम भई सोको आधारमा मालपोत कार्यालय, ललितपुरमा दर्ता बाँकी मोठ स्रेस्तासमेत कायम भएको ललितपुर लामाटार गा.वि.स. वडा नं. २(ख) कि.नं. १२४, ९३, ११३, १३४, ११७, ८४, १३३, ११४, ८३, १२५, १२६, ११६, ८२, १३२, १३९ र ८१ समेतका कित्ता जग्गाहरूको भूमिसुधार लागू हुँदा मोहीले भरेको १ नं. २ नं. अनुसूची र ४ नं. अस्थायी पुर्जामा समेत जग्गाधनीमा बहादुरजंग उल्लेख भई उल्लिखित जग्गाको मोहीले समेत जग्गा दर्ता कारबाहीमा मालपोत कार्यालयमा उपस्थित भई जग्गाधनीका हकदारमा यी वादीका नाउँमा दर्ता नामसारी हुने भनी सनाखत गरेको, स्थानीय निकायको किटानी सिफारिस, सक्कल दर्ता बाँकी अस्थायी पुर्जासमेत वादीसँग हालसम्म पनि रहेको प्रमाणसमेतका आधारमा उल्लिखित जग्गाको लगतवाला बहादुरजंगको श्रीमती निलकुमारी राणाको

नाउँमा ललितपुरतर्फको लामाटार मौजालगत ५१७ को लगतसमेत २०२४ सालमा रैकरमा यथावत् हालसम्म कायम रहेको आधारबाट उक्त लगत प्रमाणको जग्गा नापी हुँदा लगतवालाको पति बहादुरजंगका नाउँमा नापी भई दर्ता हुन बाँकी रही एकापरिवारको सदस्यमा नै लगत र जग्गा कायम रहेको हुँदा उक्त लगत प्रमाण भिडी भिडाई यी वादीले जग्गाधनी प्रमाणपुर्जा पाउने नै हुँदा पुनरावेदन अदालत, पाटनले उल्लिखित जग्गामा कसैको पनि हक स्वामित्व कायम नगरेको फैसलाले नागरिकको सम्पत्तिसम्बन्धी हकको हनन् हुन गई त्रुटि हुन गएको हुँदा सो फैसला उल्टी भई दाबीमा उल्लिखित जग्गा पुनरावेदक मनोहरजंग राणाको नाउँमा हक कायम हुने।

इजलास अधिकृत: नारायण सापकोटा

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल मङ्सिर ११ गते रोज ३ शुभम्।

- ०७४-CI-१२३३, हक कायम दर्ता, *मनोहरजंग राणा वि. रोमियोजंग राणासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-CR-०१८४, कर्तव्य ज्यान, *मानन्धर वि.क. वि. नेपाल सरकार*

आत्मरक्षाको जिकिर आफूउपर आक्रमणको निश्चितता, त्यो आक्रमणलाई बिफल बनाउन कुनै उपाय नभएको र उपाय भए पनि आक्रमणको शक्तिका कारण रोक्न नसक्ने अवस्था परी तत्कालीन खतरा र जोखिमीबाट बच्न शक्तिको प्रयोग भएको अवस्था प्रमाणित गर्नु अनिवार्य हुने।

चक्कुको प्रहार संवेदनशील अङ्ग घाँटीमै गरी मृत्यु हुन गएको अवस्थामा आत्मरक्षाका लागि प्रहार गरेको चक्कुको चोटबाट मृतकको मृत्यु हुन गएकाले सजायबाट उन्मुक्ति पाउनु पर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

पुनरावेदक र मर्ने निज तिलक थापाबीच प्रस्तुत वारदातपूर्व कुनै रिसइवी रहेको देखिँदैन । मेलामा गई रक्सी सेवन गरेर बाटोमा सामान्य विषयमा भएको विवादको कारण मार्ने कुनै पूर्वयोजना वा तयारी नभई रातको समय तत्कालको असमझदारीको कारण भनाभन भई घटना घटेको, निज तिलक थापाकै चक्कु खोसी आक्रमण भएकोसमेतका परिप्रेक्ष्यमा यी पुनरावेदकलाई हुने ठहरेको सर्वस्वसहितको जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिन आएबाट अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम १० वर्ष कैद हुने गरी लगाइएको राय मनासिब देखिन आउने।

तसर्थ पुनरावेदक प्रतिवादी मानन्धर वि.क.लाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ को देहाय १ नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई प्रतिवादीलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम १० (दश) वर्ष कैद हुने ठहऱ्याएको दाङ जिल्ला अदालतको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल मङ्सिर १७ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-WO-०१०९, परमादेश, *अधिवक्ता सोमप्रसाद लुइँटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

वैदेशिक रोजगारको व्यवसायलाई थप

मर्यादित बनाउन र सो व्यवस्थामा देखिएका ठगी जस्ता अनियमितताहरूलाई नियन्त्रण गरी सो ऐन, कार्यान्वयन गर्न नेपाल सरकार दृढ रहेको, स्रोत, साधन र क्षमताअनुसार ऐनलाई कार्यान्वयन गरिँदै आएको र ऐनहरूको कार्यान्वयन गर्ने विषयलाई थप नतिजामूलक बनाउन सरकार क्रियाशील नै रहेको भन्ने विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् सचिवालयको लिखित जवाफ रहेको पाइन्छ । निवेदकले उजागर गरेको विषयमा नेपाल सरकार गम्भीर रहेको भन्ने लिखित जवाफ रहेको र सो होइन भन्ने अवस्था नहुँदा रिट निवेदन मागबमोजिमको परमादेशको आदेश जारी गरिरहन पर्ने अवस्था देखिएन । तसर्थ परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन माग खारेज हुने ।

वैदेशिक रोजगार विभागले विवादको निरूपण गर्दा कानून र न्यायको मान्य सिद्धान्तलाई आत्मसात् गरी आफ्नो क्षेत्राधिकारका विषयहरूमा निर्णय गर्दा कानूनको उचित प्रक्रियाको पालना गर्नु पर्दछ । साथै विभागमा परेका उजुरीहरूमध्ये वैदेशिक रोजगार ऐन, २०६४ को दफा २०(२) अन्तर्गत म्यादभित्र कामदारलाई वैदेशिक रोजगारीमा पठाउन नसकेमा बुझिलिएको रकम र ब्याजसमेत फिर्ता गर्ने विषय, त्यसैगरी दफा ३६(२) अन्तर्गत वैदेशिक रोजगारीमा जाँदा रोजगारदाताबाट सम्झौतामा तोकिएको सर्तअनुसार रोजगार उपलब्ध नगराएमा इजाजत पत्रवालाले क्षतिपूर्ति तिर्ने विषयमा परेका उजुरीहरूको छानबिन वैदेशिक रोजगार विभागले गर्ने देखिन्छ । त्यसैगरी ऐनको दफा ५३ अन्तर्गत कामदारसँग बढी शुल्क वा खर्च लिएको विषय वा दफा ५५ अन्तर्गत कामदारसँग भएको करारविपरीत फरक कम्पनी वा मन्जुर गरेको भन्दा फरक काम वा कम पारिश्रमिकमा काम लगाएको विषय पनि वैदेशिक रोजगार विभागले छानबिन गर्ने देखिन्छ । यी विषयमा प्रशासकीय तदारूकताले मर्का पर्ने व्यक्तिलाई समयमा उपचार प्राप्त हुन्छ भन्ने एउटा तर्क हुन सक्ला तर यी विवादहरूको प्रकृति न्यायिक देखिन्छ । यस्तोमा स्वच्छ र शीघ्र सुनुवाइ सदा अपेक्षित रहन्छ । तसर्थ यस्तो विषय विभागले भन्दा न्यायाधिकरणले हेर्दा पीडितले सहज एवम् प्रभावकारी रूपमा न्याय पाउने ।

देशको विभिन्न ठाउँमा रहे भएका वैदेशिक रोजगार पीडित व्यक्तिहरूलाई काठमाडौंमै पुगी उजुरी र तत्सम्बन्धी कामकारबाहीमा संलग्न हुने बाध्यता रहेबाट न्यायमा सहज र सर्वसुलभ पहुँच हुन नसकेको कुरा पनि निवेदनमा उठाइएको छ । यद्यपि यी विषयहरू निश्चय पनि विधायिकी नीतिका विषय हुन् तर न्यायको रोहमा हेरिनुपर्ने विवादहरू न्यायिक निकायबाट हेर्नु वाञ्छनीय हुन्छन् । मुद्दाको पक्षहरूको सहज पहुँच, स्वच्छ सुनुवाइ, यथाशीघ्र सुनुवाइ, न्यायिक चासो एवम् सरोकारका विषयसमेत बन्छन् । अब मुलुकले संघीयता अंगीकार गरेकोसमेत सन्दर्भमा कम्तीमा पनि प्रत्येक प्रदेशमा उजुरीको अनुसन्धान तहकिकात एवम् सुनुवाइको व्यवस्था गर्नु वाञ्छनीय हुन्छ । संविधानअन्तर्गत उच्च अदालतहरू शक्ति सम्पन्न अदालतको रूपमा संस्थापित हुँदा नयाँ संरचना स्थापना गर्दा आर्थिक भार पर्छ भन्ने हो भने पनि प्रदेश तहको विद्यमान न्यायिक जनशक्ति परिचालन गरी अनुसन्धान र सुनुवाइको व्यवस्था गर्न सकिन्छ । तसर्थ यी समस्त विषयहरूको अध्ययन गरी आवश्यकताअनुसार कानूनमा सुधार र परिमार्जन गर्नु गराउनु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

शाखा अधिकृतः नवीन कोइराला

इति संवत् २०७३ साल चैत २ गते रोज ४ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०६८-CI-००५२ र ०६९-

CI-०१५१, हक कायमसमेत, *अन्नपूर्ण बज्राचार्य वि. देवहर्ष बज्राचार्य र देवहर्ष बज्राचार्य वि. अन्नपूर्ण बज्राचार्य*

पुनरावेदक वादी जोगमानन्द बज्राचार्यको हकमा हेर्दा, काठमाडौं महानगरपालिका वडा नं.३० कि.नं.१२४८ को जग्गा जोगमानन्द बज्राचार्यको हकभोगमा रहेकोमा कुनै विवाद छैन। उक्त १२४८ को घरमा जोगमानन्दले साबिक बुइगल (चौथो तल्लाको) १.८० वर्गमिटर क्षेत्रफलमा प्रतिवादी देवहर्षको स्वामित्व र भोगलाई स्वीकार गरी मिलापत्र गरेको र उक्त मिलापत्रमा बुइगलमाथिको आकाशतर्फको भूभाग आफ्नो हुने भन्ने कुराको कुनै दाबी नगरी (१.८० वर्गमिटरको बुइगल तल्ला तयार गरी बनाई साबिकबमोजिम तपाईं प्रतिवादी देवहर्ष बज्राचार्यकै कायम गरिदिने पछि मैले कुनै कुराको दाबी नगर्ने) मिलापत्र गरेको पाइन्छ। यसरी आफैँले मिलापत्र गरी घरको चौथो तल्लाको निश्चित क्षेत्रफल प्रतिवादीको हुने भनी सुविधाधिकार दिई मिलापत्रबमोजिमको भाग छाडी घर निर्माण गरिसकेपछि अब पूरै भागमा आफ्नो हक कायम हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

पुनरावेदक प्रतिवादी देवहर्ष बज्राचार्यको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा मिति २०३७।६।१९ को मिलापत्रबाट कि.नं.१२४८ को जोगमानन्दको घरमा तेस्रो तल्लामाथि एक तल्लासम्म घर बनाउन पाउनेसम्मको अधिकारप्राप्त भएको र मिलापत्रमा तोकिएको क्षेत्रफलमा मात्र देवहर्ष बज्राचार्यको नाममा दर्ता कायम भएको देखिन्छ। जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६(५)(ख) ले जसको हक जति हो त्यतिकै सीमित रहनुपर्छ भन्ने मनसायले एकै तल्लामा पृथकपृथक स्वामित्व भएको घर जग्गा नाप जाँच गर्दा छुट्टाछुट्टै दर्ता गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ। प्रतिवादी देवहर्षको तेस्रो तल्लामाथिको उत्तर दक्षिण ५'४" र पूर्व पश्चिम २०' (१.८० वर्गमिटर) क्षेत्रफलमा मात्र सीमित रही भोग गर्न पाउने।

माथि उल्लिखित तथ्यबाट वादी प्रतिवादीका बाबु बाजेका पालादेखि एउटै घरमा छिँडी तल्लामा सबैको साझा बाटो राखी चौथो तल्लामा सीमित स्वामित्व लिनुदिनु गरी उपभोग गर्दै आएका र दुवै पक्षले नयाँ ५।६ तल्लाको पक्की घर निर्माण गर्दा विवादित चौथो तल्लामा मिलापत्रबमोजिमको भाग (१.८० वर्गमीटर) घुसाई / छोडी आआफ्नो हक ग्रहण तथा अर्काको समर्पण गरिसकेको देखिन आयो। यस अवस्थामा चौथो तल्लामाथिको आकाशतर्फको भाग कुनै एउटा पक्षको मात्र हक कायम हुँदा अर्को पक्षको हावा, प्रकाश र सुपथ भोगमा प्रतिकूल असर पर्ने देखिँदा एउटा पक्षको मात्र हक कायम हुन्छ भनी भन्नु न्यायोचित नदेखिने।

तसर्थ, विवेचित आधार, कारणबाट कि.नं.१२४८ को विवादित न.नं.५ को भागमा वादीको हक कायम हुने ठहऱ्याएको हदसम्म सुरूको फैसला उल्टी हुने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।८।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल भदौ २५ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-CI-१८९२, हक कायमसमेत, *देवहर्ष बज्राचार्य वि. अन्नपूर्ण बज्राचार्य* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, ०७१-CR-०६०२, डाँका, *नेपाल सरकार वि. राम उदगार महतोसमेत*

वादी नेपाल सरकारले जाहेरवालाहरूले राष्ट्रिय वाणिज्य बैंकबाट झिकेर ल्याएको रकम यी प्रतिवादीहरूले लुटेको र निजहरूको घर खानतलासी

गर्दा बरामद भएको भनी जिकिर लिएको भए तापनि राष्ट्रिय वाणिज्य बैंक लिमिटेड महेन्द्रनगरले लेखेको मिति २०६९।९।५ को पत्रमा वारदात भएको दिन दुग्ध वितरण आयोजना ढल्केवरले झिकेको रकममा रू. ५००।- को नोट भुक्तानी भएको छैन भनी लेखेको पाइन्छ । यसरी जाहेरवालाहरूबाट लुटेको रकम प्रतिवादीहरूको घरबाट बरामद भएको भनी वादी दाबी रहेको र यसरी बरामद भएको रकममध्ये राम उदगार महतोको घरबाट रू. ५००।- का दरले १०० नोटहरू तथा रामप्रकाश महतोको घरबाट बरामद भएको रकममध्ये रू. ५००।- को १४२ थान भएको र सो रकम राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, महेन्द्रनगरबाट झिकेको भनी दाबी लिएको भए तापनि राष्ट्रिय वाणिज्य बैंक लिमिटेड महेन्द्रनगरले लेखेको पत्रमा उक्त दिन यी जाहेरवालाहरूलाई रू. ५००।- को नोट भुक्तानी नै नभएको भनी उल्लेख गरेबाट यी प्रतिवादीहरूको घरबाट बरामद भएको रकम जाहेरवालाहरूबाट लुटेर राखेको हो भनी भन्न मिल्ने अवस्था नदेखिने ।

मौकामा कागज गरेको व्यक्ति एवम् बरामदी मुचुल्काको व्यक्तिहरूसमेत अदालतमा उपस्थित भई बकपत्र गर्दा कसैले पनि बरामदी मुचुल्कामा बरामद भएको नोटहरू डाँका गरेको रकम हो भनी भन्न सकेको अवस्था देखिँदैन भने स्वयम् जाहेरवालाहरूले पनि अदालतमा बकपत्र गर्दा बरामदी नोटहरू डाँका गरेकै रकम हो भनी किटानीपूर्वक भन्न सकेको अवस्था छैन । यसका अतिरिक्त जाहेरवालाहरूले अदालतमा गरेको बकपत्रमा समेत यी प्रतिवादीहरूको घरबाट बरामद भएको रकमनै आफूहरूबाट लुटिएको रकम हो भनी स्पष्टसँग उल्लेख गर्न सकेको अवस्था देखिँदैन । यस अवस्थामा यी प्रतिवादीहरूको घरमा रकम बरामद हुँदैमा जाहेरवालाहरूबाट रकम डाँका गरी लुटेको भन्ने वादी दाबीसँग सहमत हुन नसकिने ।

अतः विवेचित कारण र आधारमा यी दुवै प्रतिवादीहरूको घरबाट बरामद भएको रकममा रू. ५००।- दरका नोटहरूसमेत भएकोमा वारदात भएको दिन राष्ट्रिय वाणिज्य बैंकबाट जाहेरवालाहरूलाई रू. ५००।- का नोटहरू नै भुक्तानी नभएको, मौकामा कागज गरेको व्यक्ति एवम् बरामदी मुचुल्काको व्यक्तिहरूले अदालतमा बकपत्र गर्दा बरामदी मुचुल्कामा बरामद भएको नोटहरू डाँका गरेको रकम हो भनी भन्न नसकेको तथा जाहेरवालाहरूले प्रतिवादीहरूको घरमा बरामद भएको रकम आफूहरूबाट नै लुटिएको रकम हो भनी किटानीपूर्वक भन्न नसकेको अवस्थामा यी प्रतिवादीहरूको घरमा रकम बरामद भएको कारणले मात्र प्रतिवादीहरूउपरको अभियोग दाबी स्थापित हुने नदेखिँदा सुरू धनुषा जिल्ला अदालतको फैसलालाई उल्टी गरी यी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७२।११।२१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल कात्तिक ५ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७२-CR-०५४४, हातहतियार खरखजाना, *नेपाल सरकार वि. रामप्रकाश महतोसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, ०७२-WO-०८०५, उत्प्रेषण, *चन्द्रबहादुर सिलवाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

संवैधानिक एवम् कानूनी व्यवस्थाको विश्लेषणबाट प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अन्य कुनै निकायले गरेको कुनै कार्य बदर गर्ने अधिकार रहेको पाइँदैन । राज्यका कुनै पनि

निकायले आफूलाई संविधान एवम् कानूनले प्रदान गरेको अधिकारभन्दा बढी अधिकार प्रयोग गर्ने वा आफूलाई प्राप्त नभएको अधिकार प्रयोग गर्ने, आफूलाई प्राप्त भएको अधिकार प्रयोग गर्न इन्कार गर्ने, अन्य निकायको अधिकारक्षेत्र अतिक्रमण गर्नेजस्ता कार्यले कानूनी राज्यलाई बल पुऱ्याउन सक्दैन । आफूलाई प्राप्त अधिकारको सीमाभित्र रही क्रियाकलाप सञ्चालन गर्नु राज्यका निकायहरूको कर्तव्य हुन जान्छ र यही नै कानूनको शासनको व्यावहारिक प्रयोग पनि हुन जाने ।

दाबीको कि.नं.१२ को जग्गा आफ्नो भएको र सर्वे नापीमा दर्ता हुन छुट भएको हुँदा छुट जग्गा दर्ता गरिपाउँ भनी रिट निवेदकले चलाएको कारबाहीमा उक्त जग्गा के कुन प्रकृतिको हो ? निवेदकको साबिक दर्ता स्रेस्ताबाट निजको हक पुग्ने हो होइन ? निवेदकको नाउँमा दर्ता हुने हो होइन ? आदि विषयमा आवश्यक दर्ता स्रेस्ता प्रमाण बुझी साधिकार निकायले निर्णय गर्न पाउने नै हुन्छ । यस्तो निर्णय गर्दा वा कामकारबाही गर्दा संविधान वा कानूनले व्यवस्था गरेको भ्रष्टाचारजन्य क्रियाकलाप भएको देखिएमा अनुसन्धान गर्ने र आवश्यक परे अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्ने अधिकार प्रयोग गर्न पाउने प्रत्यर्थी आयोगले उक्त निकायले गरेको निर्णय बदर गर्ने वा यो यस्तो निर्णय गर भनी निर्देशन दिने अधिकार आयोगलाई संविधान वा कानूनले प्रदान गरेको देखिँदैन । नेपालको संविधानले किटान गरिदिएको एवम् संविधानबमोजिम तर्जुमा भएको ऐनले निर्दिष्ट गरेको काम, कर्तव्य र अधिकारभन्दा बढी अधिकार प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रयोग गर्न सक्छ भनी मान्न नमिल्ने ।

तसर्थ उल्लिखित आधार, कारण र प्रमाणहरूबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगको धादिङ जिल्ला नलाङ गा.वि.स. वडा नं.९ग कि.नं.१२ को जग्गा कित्ताकाट गरी कायम कि.नं.४९, ५० र ५१ नं.को कित्ताहरू दर्ता नगरी कि.नं.१२ मै सरकारी जग्गाको रूपमा यथावत् कायम राख्नु भन्ने मिति २०७२।९।१२ को निर्णय, २०७२।९।१४ को नापी कार्यालय, धादिङलाई लेखेको पत्र एवम् सो आधारमा भएका कामकारबाही उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । रिट निवेदकले दाबी गरेको उक्त कि.नं.१२ सम्बन्धमा निजको हक पुग्ने नपुग्ने के हो ? दर्ता स्रेस्ताबाट के देखिन्छ ? उक्त जग्गा रिट निवेदकका नाउँमा दर्ता हुने नहुने के हो ? जो जे बुझ्नुपर्छ बुझी कानूनबमोजिम निर्णय गर्नु भनी मालपोत कार्यालय, धादिङका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, ०७२-WO-०८७२, उत्प्रेषण / परमादेश, *हसिना रूपाखेतीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

कानून, शिक्षा, मानविकी जस्ता विषयहरूमा छात्रवृत्ति उपलब्ध गराउनु नपर्ने उचित कारण र आधार विपक्षीहरूले खुलाउन सकेको पाइएन । कुनै विषयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने र सोही तहको अर्को विषयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध नगराउने गरी छात्रवृत्ति छनौट व्यवस्थापन समितिले विषय निर्धारण गरेको कार्यलाई समानतामा आधारित र न्यायसम्मत मान्न नमिल्ने ।

कानून, शिक्षा, मानविकीलगायतका विषयमा अध्ययन गर्ने निजामती कर्मचारीका सन्ततिलाई उक्त विषयमा अध्ययन गरेकै आधारमा छात्रवृत्ति वितरण प्रक्रियाबाट वञ्चित हुनुपर्ने गरी छात्रवृत्तिको लागि विषय छनौट गरेको कार्यले समान अवसर

प्रदान नगरेको, भेदभावपूर्ण व्यवहार भएको देखियो । समानताको मान्यताप्रतिकूल राज्यबाट कामकारबाही गरिनु शोभनीय हुँदैन । संविधानद्वारा प्रदत्त संरक्षणकारी र सकारात्मक विभेदको अवस्थामा बाहेक राज्यले गर्ने अन्य सबै व्यवहारमा समानताको व्यवहार अनिवार्य बन्नु पर्ने ।

कुनै प्रकारको वर्गीकरण (Classification) गरी व्यवस्थापन गर्नुपर्ने अवस्थामा पनि त्यस्तो वर्गीकरण उचित र तर्कपूर्ण हुनुपर्दछ । तार्किक आधार नभएको वर्गीकरणले स्वेच्छाचारितालाई बढावा दिन्छन् । त्यस प्रकारको अनुचित वर्गीकरण मान्य हुँदैनन् । संविधानले गरेको यस प्रकारको व्यवस्थाको प्रतिकूल हुने गरी कुनै व्यावहारिक वा व्यवस्थापनसम्बन्धी कारण देखाएर असमान व्यवहारको औचित्य पुष्टि गर्न खोज्नु उचित होइन । अन्य विषयमा छात्रवृत्ति प्रदान गरिने तर कानून, शिक्षा, मानविकीजस्ता विषयलाई सम्पूर्णतामा (En block) नै बाहेक गर्ने कार्यको औचित्य पुष्टि हुन सकेको नपाइने ।

अतः निवेदकको मागबमोजिम के कस्तो प्रकारको आदेश जारी हुने हो भन्ने सन्दर्भमा विचार गर्दा प्रस्तुत रिट निवेदनमा मिति २०७२।१२।२५ मा प्रकाशित केन्द्रीय छात्रवृत्ति वितरणसम्बन्धी दरखास्त आह्वानको सूचना बदरका लागि दायर भएको र सो सूचनाबमोजिमको छात्रवृत्ति वितरणसम्बन्धी कार्य नै अहिले सम्पन्न भइसकेको अवस्था देखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । तथापि छात्रवृत्तिको न्यायोचित वितरण हुन वाञ्छनीय भएकाले निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति वितरण गर्ने सन्दर्भमा नीतिगत व्यवस्था र कामकारबाहीको समग्रमा पुनरावलोकन गरी कानून, मानविकी, शिक्षाशास्त्र संकायतर्फ अध्ययनरत कर्मचारीका सन्ततिहरूले पनि निश्चित मापदण्डका आधारमा छात्रवृत्ति प्राप्त गर्न सक्ने, निजहरूसमेत समान अवसरबाट वञ्चित नहुने, सबैउपर समान व्यवहार गरेको देखिने गरी छात्रवृत्तिको व्यवस्था मिलाउन र न्यायोचित रूपमा वितरण गर्न विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने ।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

इति संवत् २०७५ साल वैशाख ६ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा**, ०७३-WO-०४८५, उत्प्रेषण / परमादेश, *विष्णु खड्का वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत*

कानूनमा निरन्तर सेवा गरिरहेका अस्थायी शिक्षकलाई मात्र अनुभवको अङ्क प्रदान गर्न मिल्ने भनी स्पष्ट रूपमा उल्लेख भएको देखिँदैन । लिखित परीक्षामा सफल भई अन्तर्वार्तामा सामेल हुने समयमा मात्र अनुभवको अङ्क प्रदान गर्दा अस्थायी शिक्षकमा अविच्छिन्न सेवा गरेको हुनुपर्ने भनी थप सर्त राखी रिट निवेदकलाई अनुभवको अङ्कबाट वञ्चित गरिएकोलाई उचित मान्न नमिल्ने ।

रिट निवेदक विष्णु खड्कालाई अनुभवको अङ्क नदिँदाको अवस्थामा निजले जम्मा ७१.०९ अङ्क प्राप्त गरेको भन्ने रिट निवेदन बेहोराबाट देखिन्छ । यो तथ्यलाई विपक्षीले अन्यथा खण्डन गरी जिकिर लिएको पाइएन । अन्य सफल घोषित गरिएका उम्मेदवारहरूमध्ये विष्णुमाया पोखरेल (आचार्य) ले ७५.३३, मुना तिमिल्सिनाले ७५.१७, निर्मला ज्ञवालीले ७५.३३ र सम्झना पोख्रेलले ७५.०८ अङ्क प्राप्त गरेको भन्ने निजहरूको लिखित जवाफबाट देखिएको छ । रिट निवेदकलाई अनुभवबापतको करिब ७.५ अङ्क प्रदान गरी अङ्क गणना गर्दा अन्य सफल घोषित उम्मेदवारहरूको भन्दा निवेदकले बढी अङ्क प्राप्त गर्ने देखिन आयो । यसरी बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सफल घोषित

नगरी निजभन्दा कम अङ्क प्राप्त गर्नेहरूलाई उत्तीर्ण घोषित गर्नु उचित होइन । सार्वजनिक व्यवस्थापनका क्षेत्रमा हुने कामकारबाहीहरू स्वच्छ, निष्पक्ष र विवेकपूर्ण हुनु पर्दछ । स्वेच्छाचारीपूर्ण तबरबाट भएका कामकारबाहीले कानूनी वैधता प्राप्त गर्न सक्दैनन् । प्रस्तुत विवादका सन्दर्भमा हेर्दा निवेदकका हकमा विपक्षीहरूले शिक्षा नियमावली, २०५७ को नियम २२ को विवेकपूर्ण रूपमा प्रयोग गरेको देखिन नआउने ।

अतः निवेदकको अस्थायी सेवाबापत पाउने अङ्क गणना नगरेको हदसम्म विपक्षी शिक्षक सेवा आयोगको निर्णयसहितका कामकारबाही त्रुटिपूर्ण देखिएको र यसबाट रिट निवेदकको पेसा रोजगार गर्न पाउने हकमा अनुचित तबरबाट असर परेको देखिँदा निवेदक विष्णु खड्कालाई अनुत्तीर्ण कायम गराई घोषित परीक्षाफल उत्प्रेषणको आदेशले बदर हुने ।

निवेदकको अस्थायी सेवाबापत प्राप्त गर्ने अङ्क गणना गर्दा अन्तर्वार्तामा सफल घोषित भएका उम्मेदवारको भन्दा बढी अङ्क प्राप्त गर्ने अवस्था देखिन आएको छ । तसर्थ विवादित परीक्षाफल र सोअनुसार भएका कामकारबाही कायम रहनु उचित हुने वा नहुने सन्दर्भमा विचार गर्दा सम्झना पोख्रेलसमेतका सफल घोषित उम्मेदवारलाई मिति २०७३।११।१ मा स्थायी नियुक्ति गरिसकेको देखियो । प्रतिस्पर्धामा सामेल भई सफल घोषित भएर नियुक्ति पाई वर्ष दिनभन्दा बढी अवधिदेखि सेवा गरी आएका सम्झना पोख्रेलसमेतका शिक्षकहरूको नियुक्तिमा असर पुग्ने गरी अहिले आदेश जारी गर्नु समन्यायिक दृष्टिले उचित देखिएन । वैकल्पिक व्यवस्थापन मिलाई निवेदकलाई न्यायिक उपचार प्रदान गर्न सकिने नै भएकाले निवेदक विष्णु खड्काको परीक्षाफल प्रकाशित भएको मानी हाल पद रिक्त रहेको भए सोही रिक्त पदमा र हाल कुनै पद रिक्त नरहेको अवस्था भए अब रिक्त हुने शिक्षक पदमा (निवेदक परीक्षामा सामेल भएअनुसारको स्थायी शिक्षक पदमा) निवेदक विष्णु खड्कालाई नियुक्ति दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

उपरजिस्ट्रारः इन्दिरा शर्मा

इति संवत् २०७५ साल वैशाख ६ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा**, ०७४-WH-०००८, बन्दीप्रत्यक्षीकरण, *मनप्रसाद पटेल वि. सास्तीकला कामीसमेत*

रिट निवेदकले विपक्षीमध्येका रनबहादुर विश्वकर्मासँग मिति २०७१।१।७ मा गरेको लिखत कागजमा समेत सोही ठेगाना उल्लेख गरेको देखिन्छ । यसरी यी निवेदकले सुरू अनुसन्धान गर्ने निकाय वैदेशिक रोजगार विभागमा आफ्नो वतन म्याग्दी जिल्ला रूम गा.वि.स. वडा नं. ८ भनी बताएकोमा सोही ठेगाना उल्लेख गरी वैदेशिक रोजगार न्यायाधिकरणमा अभियोग पत्र दायर भएको देखिन्छ । त्यसैगरी मिसिल संलग्न निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिमा समेत निजको ठेगाना म्याग्दी जिल्ला रूम गा.वि.स. वडा नं ८ नै भनी उल्लेख भएको देखिन्छ । यसरी निवेदक आफैँले आफ्नो वतन म्याग्दी जिल्ला रूमा गा.वि.स. वडा नं. ८ भनी उल्लेख गरेको तथा निजको नागरिकतामा समेत सोही ठेगाना उल्लेख भएको अवस्थामा अभियोग पत्रमा उल्लिखित सोही ठेगानामा वैदेशिक रोजगार न्यायाधिकरणबाट म्याद जारी भएकोमा उक्त तामेल म्यादलाई बेरीतको भनी मान्न नमिल्ने ।

वैदेशिक रोजगार न्यायाधिकरणबाट म्याग्दी जिल्ला रूमा गा.वि.स. वडा नं. ८ मा म्याद तामेल भएकोमा उक्त म्याद बदर गर्नको लागि उक्त न्यायाधिकरणको रजिस्ट्रारसमक्ष निवेदन दिएकोमा रजिस्ट्रारबाट उक्त निवेदन दरपिठ भएको रहेछ भने न्यायाधिकरणबाट समेत रजिस्ट्रारको आदेश सदर भएको रहेछ । त्यसैगरी न्यायाधिकरणको

उक्त आदेशउपर मुलुकी ऐन, अ.ब.को १७ नं. बमोजिम यस अदालतमा निवेदन परेकोमा यस अदालतबाट समेत उक्त तामेल म्याद रीतपूर्वकको ठहऱ्याई न्यायाधिकरणको आदेशलाई नै सदर गर्ने गरी यसै मिति २०७३।१४।४ मा आदेश भइसकेको देखिन्छ। यसरी रिट निवेदकको नाममा तामेल भएको म्याद बेरीतको हो वा होइन भन्ने सम्बन्धमा साधारण (नियमित) क्षेत्राधिकारअन्तर्गत तहतह परीक्षण हुँदै यस अदालतबाट समेत अन्तिम भइसकेको विषयमा अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुनेसमेत नदेखिने।

अतः विवेचित कारण र आधारमा निवेदकले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान तथा निजको नागरिकतामा ठेगाना म्याग्दी जिल्ला रूमा गा.वि.स. वडा नं.८ भनी उल्लेख भई निजउपर दायर भएको अभियोग पत्रमा समेत सोही ठेगाना लेखिएकोमा वैदेशिक रोजगार न्यायाधिकरणबाट सोही ठेगानामा तामेल भएको म्याद रीतपूर्वककै भई निवेदकलाई थुनामा राख्ने कार्य गैरकानूनी भएको नदेखिँदा निवेदकको मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: विपिन कुमार महासेठ

इति संवत् २०७३ साल असोज ३० गते रोज २ शुभम्।

७

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७३-WO-०५९४, उत्प्रेषण / परमादेश, *अमृत रत्न (ए.आर.) तुलाधरसमेत वि. बुढानिलकण्ठ नगरपालिकाको कार्यालय, गोल्फुटारसमेत*

प्रस्तुत निवेदनमा रिट निवेदकहरूले प्रत्यर्थी नगरपालिकाहरूले आफूहरूले डिजाइन गरी प्रमाणित गरी पठाएको नक्सा दर्ता गर्न इन्कार गरेकोले उत्प्रेषणको आदेशको माग गरेको पाइए पनि के कुन नगरपालिकाले के कुन मितिमा सो निर्णय गरेको हो वा कुन निर्णय बदर गराउन माग गरेको हो सो खुलाएको पाइँदैन। उत्प्रेषणको आदेशको माग गर्नेले बदर गराउन माग गरेको निर्णय, त्यस्तो निर्णय भएको मिति एवम् त्यस्तो निर्णयमा रहेको कानूनी वा प्रक्रियागत त्रुटि स्पष्ट रूपमा देखाउन र त्यसको आधारहरू खुलाउन एवम् पेस गर्न सकेकोसमेत नदेखिएको अवस्थामा कानूनले लिन पाउने दस्तुर लिने प्रयोजनका लागि सूचीकरणसम्म गरेको कार्यबाट यी रिट निवेदकहरूको हक हनन् भएको भनी मान्न मिल्ने नदेखिँदा मागबमोजिमको उत्प्रेषणको आदेश जारी गर्ने अवस्था विद्यमान देखिन नआउने।

परमादेशको समेत माग गरेको सन्दर्भमा हेर्दा "इन्जिनियर काउन्सिलमा दर्ता भएका इन्जिनियरले न.पा.मा नक्सा पास गर्ने प्रयोजनको लागि घरहरूको डिजायन गरी नक्सा तयार गरी व्यवसाय सञ्चालन गर्न चाहेमा इन्जिनियर काउन्सिलको दर्ता प्रमाण पत्रसहित न.पा.ले तोकेको दस्तुर तिरी जुनसुकै समयमा समेत व्यवसाय सञ्चालन गर्न अनुमति माग गर्न सक्ने र नगरपालिकाले अनुमतिपत्र दिने व्यवस्था मिलाउने" भनी प्रत्यर्थी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ एवम् मिति २०७३।६।१९ को पत्रबाट देखिएको, प्रत्यर्थी काठमाडौं महानगरपालिका एवम् अन्य नगरपालिकाहरूले समेत रिट निवेदकहरूबाट सूचीकृत शुल्क लिएको वा सूचीकृत नहुनेको नक्सा प्रक्रियामा लान इन्कार गरेको भन्ने कुनै कागजात प्रमाण पेस हुन सकेकोसमेत नदेखिएको सन्दर्भमा मागबमोजिम परमादेश जारी हुने अवस्था पनि नदेखिने।

तसर्थ विवेचित आधार र कारणबाट निवेदन दाबीअनुसार रिट निवेदकहरूलाई प्रत्यर्थी नगरपालिकाहरूले निजहरूको पेसा व्यवसाय गर्न रोक लगाएको वा सीमित गरेको भन्ने नदेखिएको हुँदा मागबमोजिम आदेश जारी हुने अवस्था देखिएन, रिट

निवेदन खारेज हुने।

इजलास अधिकृत : आत्मदेव जोशी

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल साउन १७ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७३-CI-१०५४, उत्प्रेषण / परमादेश, *कमलेशकुमार यादव वि. जिल्ला प्रशासन कार्यालय, झापासमेत*

निवेदकले आफूउपरको विभागीय कारबाही प्रक्रियामा कुनै कानूनी त्रुटि रहेको भनी भन्न र प्रमाणित गर्न सकेको अवस्था देखिँदैन । निवेदक आफैँले पनि बिदामा बसेको अवस्थामा हातहतियार गोलीगट्ठा बुझी बिदामा अन्यत्र गएको स्थितिलाई कर्तव्य पालनाको सिलसिलामा पदीय आचरण उल्लङ्घन गरी लापरवाही गरेको भनी रिट निवेदकको प्रकरण नं.३ मा स्वीकार गरेको देखिन्छ। निवेदकले आफूलाई गर्नुपर्ने सजायको जिकिर मात्र लिएर पुग्दैन । आफूले चाहेको वा रोजेको सजाय मात्र गर्नुपर्ने कानूनी आधार पनि देखाउनुपर्नेमा निवेदकले सो आधार देखाउन सकेको अवस्था छैन । निवेदकले हतियार गोली गट्ठा बुझेर बिदामा बसेर अन्यत्र स्थानमा गएको अवस्थालाई सामान्य अवस्थाको रूपमा लिन मिल्ने देखिँदैन । प्रहरी कर्मचारीले हतियार गोलीगट्ठा बुझी बिदामा बसेर कार्यालय क्षेत्रभन्दा बाहिर गएको अवस्थालाई नै गम्भीर एवम् संवेदनशील रूपमा लिनुपर्ने हुँदा सो क्रिया र व्यवहारलाई आफ्नो कर्तव्य पालनको सिलसिलामा लापरवाही भएको होइन भन्न मिल्ने आधार नदेखिने।

तसर्थः विभागीय कारबाही गर्न पाउने अधिकार भएको अधिकारीले नियमावलीले तोकेको सजायहरूमध्ये कुनै पनि सजाय गर्न पाउने र त्यस्तो अधिकारीबाट कानूनबमोजिमको सजाय निर्धारण गरिएको सम्बन्धमा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न मिल्दैन भनी रिट निवेदन खारेज गर्ने ठहर्‍याई पुनरावेदन अदालत, इलामबाट मिति २०७३।५।१२ मा भएको फैसलालाई अन्यथा भन्न मिलेन । उक्त फैसला सदर हुने।

इजलास अधिकृत: पाराश्वर कडेल

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल वैशाख २३ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.**, ०७३-CI-११६०, उत्प्रेषण / परमादेश, *शोभाकान्त पौडेल वि. तीर्थराज थापा*

वित्तीय मध्यस्थतासम्बन्धी ऐन, २०५५ को प्रस्तावनामा देशका विभिन्न क्षेत्रका न्यून आय भएका व्यक्तिहरूलाई लघु व्यवसायमा सहभागी बनाई तिनीहरूको आर्थिक स्थिति सुधार गर्न लघु बचत तथा लघु कर्जा कार्यक्रम सञ्चालन गर्ने संस्थाको सम्बन्धमा व्यवस्था गर्ने उद्देश्यले सो ऐन, बनेको देखिन्छ । यस ऐनअन्तर्गत स्थापित संस्थाले ऐनको दफा १५ बमोजिम सेवा शुल्कसमेत लिन सक्ने व्यवस्था भएकोमा यस संस्थाले त्यसरी सेवा शुल्क लिएको भन्ने देखिँदैन । न्यून आय भएका व्यक्तिहरूको आर्थिक स्थितिमा सुधार ल्याउन बिनाधितो कर्जा उपलब्ध गराउँदा विभिन्न कारणले कर्जा चुक्ता गर्न नसकेमा पुँजीमा ह्रास आई संस्थालाई दिगो राख्न नसकिने अवस्था हुनसक्ने हुँदा ऐनको अनुमतिबमोजिम दाताहरूबाट प्राप्त सहयोग रकमलाई न्यून आय भएका व्यक्तिहरूमा विना धितो कर्जा प्रवाह गर्दा संस्थागत दिगोपनाका लागि ऋणीहरू सहयोगस्वरूप केही रकम लिई पुँजी निरन्तरताका लागि काम गरेको र प्रतिफललाई संस्थाले सञ्चालन गर्ने सामाजिक कार्यमा नै खर्च गर्दै आएकोले त्यस्तो रकम सम्बन्धित पक्षको योगदानकै रूपमा संस्थामा रहने देखिएको हुँदा सो आयकर ऐन, २०५८ को दफा १०(६) अन्तर्गत नै पर्ने।

अत: विपक्षी जीवन विकास समाज संस्था गैरनाफामूलक, गैरराजनीतिक र गैरसरकारी परोपकारी

संस्थाको रूपमा दर्ता भई आयकर छुटको संस्थाको रूपमा प्रमाणपत्र प्राप्त गरेको अवस्थामा निज संस्थाले सामाजिक, आर्थिक उन्नयनका लागि दाताबाट प्राप्त केही रकमलाई न्यून आय भएका व्यक्तिमा लगानी गरी प्राप्त आयलाई समेत सोही सामाजिक कार्यमा खर्च गर्दै आइरहेको अवस्थामा व्यापारिक कारोबार भनी परिभाषा गरी निवेदक ठूला करदाता कार्यालयले विपक्षी संस्थाका नाउँमा मिति २०७३।२।१६ मा जारी भएका संशोधित कर निर्धारणका सूचनासमेतका पत्रहरू उत्प्रेषणका आदेशद्वारा बदर गर्ने तथा आयकर ऐन, २०५८ को दफा १०(६) को विपरीत विपक्षी संस्थासँग कर असुलउपर नगर्नु नगराउनु भन्ने पुनरावेदन अदालत, पाटनबाट मिति २०७३।४।१२ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: पाराश्वर कडेल

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल वैशाख २३ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री तेजबहादुर के.सी.**, ०७४-RC-००९३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सन्तोष पुन*

लास जाँच प्रकृति मुचुल्कामा घाँटीको अघिल्लो भागमा पूर्णरूपमा कुच्चिएको, छातीमा नीलडाम देखिएको, दुवै आँखा कुच्चिई फुटेको भन्ने उल्लेख भएको देखिन्छ भने घटनास्थल प्रकृति मुचुल्कामा घर आँगनमा ढुङ्गा फेला परेको, जमिनमा रगत लागेको, आँगनबाट लास फेला परेको ठाउँसम्म रगतको दागसहितका घिसारेका डाम फेला परेको भनी उल्लेख भएको र शव परीक्षण प्रतिवेदनबाट Cause of Death : Head injury भनी उल्लेख भएको तथा वारदातमा प्रयोग भएको ढुङ्गालाई समेत प्रतिवादीले सनाखत गरी दिएकोलगायतका मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट प्रतिवादीले अभियोग दाबीले कसुर गरेको प्रतिवादीले ठहऱ्याएको उच्च अदालत, तुलसीपुरको इन्साफ मनासिब देखिने।

तसर्थ विवेचित आधार कारणबाट अभियोग दाबीबमोजिम कसुर प्रमाणित भइरहेको अवस्थामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको कसुरमा प्रतिवादी सन्तोष पुनलाई सोही ऐनको १३ नं. को देहाय ३ बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई मिति २०६८।८।२२ मा दाङ देउखुरी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर मिति २०७४।२।२ को फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: पाराश्वर कँडेल

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल वैशाख २३ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-CI-०५४४, अंश दर्ता, *गंगिया थरूनीसमेत वि. सुखल चौधरी थारू*

लिखत रजिस्ट्रेसनको नभई घरसारको भएकोमा विवाद छैन । व्यवहार प्रमाणबाट बन्डा भइसकेको मान्न घरसारको लिखत भएर मात्र पुग्दैन। सो घरसारको लिखतबमोजिमको जग्गा प्राप्त गरी भोग बिक्री व्यवहारसमेत अलगअलग रहेको भन्ने देखिनुपर्छ। प्रस्तुत मुद्दामा २०३०।११।०१ मा भएको घरसारको बन्डापत्रलाई समर्थन गर्ने अन्य कुनै प्रमाण छैन । मिति २०४३।०९।२५ को कपाली तमसुक कुन प्रसङ्गमा गरिएको हो ? सो स्पष्ट छैन। समान पुस्ताबीच त्यस्तो लिखत भएको पनि छैन। त्यत्तिकै आधारमा अंशजस्तो व्यक्तिको नैसर्गिक अधिकारबाट वञ्चित गर्न मिल्दैन। अंश पाउने भन्ने कुरा कुनै अमूर्त वस्तु होइन । अंश पाएको भन्ने वस्तु यथार्थ रूपमा

देखिनुपर्छ । यो भौतिक वस्तु वादीले अंश पाएको भनेर देखाउने दायित्व प्रतिवादीको हो । प्रतिवादीले सो देखाउन सकेको छैन । कुनै सामान्य तर्क गरेर अंशजस्तो संवेदनशील विषयबाट अदालत, पन्छन सक्तैन र त्यसमा अदालतसमेत संवेदनशील हुनै पर्ने।

मिति २०३०।११।१ मा भएको घरसारको बन्डा लिखतअनुसार वादीको अंशभागमा परेको अचल सम्पत्ति वादीले आफ्नो नाउँबाट अंश छोडपत्र गरी दिएको भए सोबमोजिमको अंश छोडपत्रको लिखत गरी रजिस्ट्रेसन भएको हुनुपर्छ भन्ने उक्त अंशबन्डाको ३० नं. मा भएको बाध्यात्मक कानूनी व्यवस्थाको अवलम्बन गरिएको नदेखिएकोले वादीले उक्त घरसारको बन्डा लिखतबमोजिम पाएको सम्पत्तिको हुने मोल लिई छोडपत्र गरिदिएको भन्ने कुराको पुष्ट्याइँ हुन सक्ने वस्तुनिष्ठ प्रमाणको अभावमा वादीले सोही घरसारको लिखतअनुसार बन्डा छुट्याई अलग भिन्न भई बसेको भनी मान्न मिल्ने पनि नदेखिने।

वादीले मुल अंशियारबाट प्राप्त गर्ने अंशहक प्राप्त गरी छुट्टिई भिन्न भई बसेको भन्ने नदेखिएको अवस्थामा अंशियार परिवारभित्रका मूल अंशियार बाहेकका अन्य हाँगाभित्रका कुनै सदस्यहरूसँग लिए खाएको ऋण कर्जाको कपाली तमसुकको लिखत रहेको छ भन्ने आधारमा मात्रै छुट्टिई अलग भिन्न भई बसेको भनी मान्न मिल्ने पनि नदेखिने।

वादी र प्रतिवादीका बीचमा नाता पुस्तामा विवाद नभई स्वीकार गरिएको र कानूनतः रीतपूर्वक बन्डा छुट्टिई वादीले अंश पाइसकेको मिसिल प्रमाणबाट नदेखिएको अवस्थामा वादीले प्रतिवादीबाट २ भागको एक भाग अंश पाउने नै देखिँदा वादी दाबी नपुग्ने ठहर गरेको सुरू बारा जिल्ला अदालतको मिति २०६७।१।१४ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।४।२२ को आदेशानुसार प्रस्तुत मुद्दामा पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्येको विन्दादेवी र गंगिया थरूनीको नामको कि.नं. ४२०, ४०३ तथा १३७ को जग्गा निजहरूका नाउँमा हालैको बकसपत्रबाट प्राप्त भएको देखिएकोले सोबाहेकको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिलाई २ भाग लगाई सो दुई भागको एक भाग अंश वादीले पाउने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।१०।२२ मा भएको फैसला मिलेकै देखिँदा उक्त फैसला उल्टी हुनुपर्ने भन्ने जिकिरसमेतसँग सहमत हुन नसकिने।

तसर्थ विवेचित आधार कारणसमेतबाट वादीले प्रतिवादीहरूबाट दुई भागको एक भाग अंश पाउने हुँदा वादी दाबी नपुग्ने ठहर्‍याई सुरू बारा जिल्ला अदालतबाट मिति २०६७।०१।१४ मा भएको फैसला उल्टी गरी पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।०४।२२ को आदेशानुसार प्रस्तुत मुद्दामा पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्येको विन्दादेवी र गंगिया थरूनीको नामको कि.नं.४०३, ४२० र १३७ को जग्गाबाहेकको सम्पत्तिलाई २ भाग लगाई सो दुई भागको एकभाग अंश वादीले पाउने ठहर्‍याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।१०।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CR-११०५, मूल्य अभिवृद्धि कर, *प्रेम सिंह ठाकुर वि. राजस्व अनुसन्धान विभाग*

राजस्व अनुसन्धान विभागबाट मिति २०६५।०१।०३ भएको निर्णयउपर निवेदक करदाता

कम्पनीले चित्त नबुझाई राजस्व न्यायाधिकरणमा मिति २०६५।४।२९ मा पुनरावेदन दर्ता गरेको देखियो । उक्त न्यायाधिकरणमा पुनरावेदन गर्दा बैङ्क अफ काठमाडौं लिमिटेडबाट December 31, 2010 सम्मको लागि बैङ्क ग्यारेन्टी राखी पुनरावेदन गरेको र मिति २०६७।७।१६ मा मुद्दा इजलाससमक्ष पेस भएको देखिन्छ । उक्त मितिमा मुद्दा सुनुवाइको क्रममा धरौटीको म्याद समाप्त भएको भनी मुद्दा खारेज गरेको देखियो । उक्त धरौटीको म्याद २०६७।९।१६ सम्म रहेको र Feb 6, 2012 को बैंक अफ काठमाडौंको ग्यारेन्टीपत्रबाट Vat case अन्तिम नभएसम्म बैंक ग्यारेन्टी कायम नै रहने भन्ने उल्लेख भएको देखियो । तसर्थ, बैङ्क ग्यारेन्टीको म्याद समाप्त हुनुअगावै राजस्व न्यायाधिकरण काठमाडौंले बैंक ग्यारेन्टीको म्याद समाप्त भइसकेको भनी पुनरावेदकको पुनरावेदन पत्रको औचित्यभित्र प्रवेश गरी इन्साफ गर्नुपर्ने देखिन नआएको भनी पुनरावेदन खारेज गरेको कानूनको रोहमा मिलेको नदेखिने ।

अतः उल्लिखित विवेचित आधार, कारण र प्रमाणसमेतबाट करदाता एलिडा नेपाल प्रा.लि. ले राजस्व न्यायाधिकरणमा दर्ता गरेको पुनरावेदनमा बैङ्क अफ काठमाडौं लिमिटेडबाट जारी गरेको Financial Guarantee मा मिति २०६७।०९।१६ तदअनुसार December 31, 2010 उल्लेख भएकोमा सोको म्याद राजस्व न्यायाधिकरणबाट फैसला हुने मितिसम्म कायमै रहेको अवस्थामा बैङ्क ग्यारेन्टी समाप्त भई निरन्तरता पाएको नदेखिएको भनी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६७।७।१६ मा भएको फैसला मिलेको नदेखिएकोले बदर गरिदिएको छ । अब प्रस्तुत मुद्दाको सुनुवाइको क्रममा जो जे सबुत प्रमाण बुझ्नु पर्ने हो बुझी कानूनअनुरूप पुनः निर्णय गर्नु भनी पुनरावेदकलाई तारेख तोकी मिसिलसमेत पुनः इन्साफको लागि राजस्व न्यायाधिकरण काठमाडौंमा पठाइदिने ।

इजलास अधिकृतः कोशलेश्वर झवाली
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७४ साल मङ्सिर ५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CI-०४१२, छुट जग्गा दर्ता नामसारी, *कविन्द्र जोन्छे वि. कृष्णदास कायस्थसमेत*

दाबीको कि.नं.३३५ जग्गाको सम्बन्धमा स्वामित्वको प्रश्न उठेको जग्गाधनीको नाम फरकफरक भएको अवस्थासमेतबाट हक बेहकसम्बन्धी द्विपक्षीय दाबी भई विवादको सम्बन्धमा प्रमाण बुझी निर्णय गर्नुपर्ने देखिएको, प्रमाण बुझी निर्णय गर्न मालपोत ऐन, २०३४ को दफा ७(२) ले मालपोत कार्यालयलाई अधिकार दिएको नदेखिएको र यस सम्बन्धमा मालपोत कार्यालयलाई त्यस्तो अधिकार नभएकोले हकबेहकमा सुनाउनुपर्ने भनी धेरै मुद्दाहरूमा सर्वोच्च अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भइरहेको हुँदा विवादको विषयमा जिल्ला अदालतबाट हक कायम गराई ल्याउनु भनी सुनाई दिनुपर्नेमा दाबीको जग्गा यी पुनरावेदक वादी कविन्द्र जोन्छें र सत्यन्द्र जोन्छेंका नाममा छुट जग्गा दर्ता दा.खा.हुने भनी मालपोत कार्यालय, भक्तपुरबाट भएको उक्त निर्णय कानून एवम् प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल भई त्रुटिपूर्ण देखिन आएकोले बदर गरी हक कायम गराई ल्याउन जिल्ला अदालतमा जानु भनी मुद्दाका दुवै पक्षलाई सुनाई दिने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।१।२२ मा भएको फैसला मिलेकै देखिन आएको हुँदा सुरू मालपोत कार्यालयको उक्त निर्णय सदर कायम हुनुपर्ने भन्ने पुनरावेदक वादीको प्रस्तुत पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, विवादको विषयमा जिल्ला

अदालतबाट हक कायम गराई ल्याउनु भनी सुनाई दिनुपर्नेमा दाबीको जग्गा कविन्द्र जोन्छें र सत्यन्द्र जोन्छेंका नाममा छुट जग्गा दर्ता दा.खा.हुने गरी मालपोत कार्यालय, भक्तपुरबाट भएको निर्णय उल्टी बदर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।०१।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पुस ११ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०९१९, कर्तव्य ज्यान, *पूर्णबहादुर वलीसमेत वि. नेपाल सरकार*

प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा दोषी प्रमाणित गर्ने भार वादी पक्षमा निहित हुने र शङ्कारहित तवरले अभियोग प्रमाणित गर्नुपर्ने हुन्छ। बिना सबुद सजाय गर्न मिल्दैन। शङ्काको सुविधा अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तलाई पनि हामीले स्वीकार गर्दै आएका छौं। कसैले कुनै व्यक्तिउपर दोष वा अभियोग लगाउँछ भने त्यसरी दोष वा अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन। सो कुरा प्रमाणको आधारमा मात्र पुष्टि हुनुपर्छ। यस स्थितिमा साक्षीका शङ्कास्पद कथन र अपुष्ट परिस्थितिजन्य प्रमाणलाई आधार मानेर कसैलाई दोषी ठहर गर्न मिल्दैन, त्यसो गर्नु कानून र न्यायका मान्य सिद्धान्तविपरीत हुन जाने।

कुनैपनि सरकारी पक्षका साक्षीले कसुरमा प्रतिवादीहरूको संलग्नता रहे भएको भनी खुलाउन देखाउन सकेको अवस्था छैन। जाहेरी दरखास्त घटना घटेको कुरा नाबालकहरूले बताएपछि थाहा पाएको आधारमा मात्र परेको छ भने सो दरखास्तमा जाहेरवाला आफैँले देखे जानेको कुराको सट्टा अरूले भनेको वा सुनेको जस्ता कुरालाई आधार बनाइएको छ, त्यसरी घटना घटेको केही समयपछि द्वितीय स्रोतलाई उद्धृत गरी परेको जाहेरी दरखास्तले पनि मृतकको मृत्युमा प्रतिवादीहरूको संलग्नता रहेको कुरालाई पुष्टि नगर्ने।

जाहेरी दरखास्त स्वयम्मा अन्तिम प्रमाण होइन। सरकारी साक्षीका रूपमा अदालतमा उपस्थित भई बकपत्र गर्ने वर्ष १४ का तिलक बुढाले वारदातस्थलमा पुग्दा प्रतिवादीहरूसँग कुराकानी भएन, अरूसँग बोलेको सुनेर बोलीबाट प्रतिवादीलाई चिनेको हो भनी बकपत्रमा लेखाई दिएको पाइन्छ। मौकामा वारदातस्थलमा मृतक र प्रतिवादीहरूलाई हानाहान गरेको अवस्थामा देखी चिनेँ भनी भने तापनि अदालतमा बोलीले मात्र चिनेको भनी बकपत्र गरेको देखिँदा नाबालकको यस्तो भनाइलाई सतर्कतापूर्वक प्रमाणमा लिनुपर्ने।

घटनाका बारेमा पूरै अनभिज्ञता प्रकट गरी आफ्नो भनाइ व्यक्त गरेका सरकारी साक्षीहरूमध्येका राजु के.सी., टेकबहादुर पुन, नरेन्द्र पाण्डेसमेतले को कसले मारे थाहा छैन भनी मृतकको मृत्युका सम्बन्धमा अदालतमा बकपत्र गर्दा केही बताउन सकेका छैनन्। अर्का प्रत्यक्षदर्शी भनिएका वर्ष १२ का लोकबहादुर रोकाले मौकामा घटना विवरण कागज गरेकोमा अदालतमा उपस्थित भई बकपत्र गरेको देखिँदैन। प्रतिवादी किरण के.सी. र पूर्णबहादुर वलीले मृतकलाई मारेको शङ्का लाग्छ भन्ने बेहोराको सितला पुन, टिकाराम पुन र लक्ष्मी रोकाले गरेको एकै मिलानको घटना विवरण कागज लेखाई दिएकोमा अदालतमा आई बकपत्र गरेको पाइँदैन। अदालतसमक्ष त्यस्ता गवाहलाई पेस गरी अभियुक्तलाई त्यस्तो गवाहको भनाइ बकाई साँचो हो होइन जिरहमार्फत परीक्षण गर्ने मौका प्रदान गर्नुपर्छ र त्यसरी त्यस्ता चश्मदिद गवाहलाई जाँच्न दिएपछि साक्षी परीक्षणबाट त्यस्तो गवाहको शङ्कारहित तवरबाट परीक्षण भएपछि मात्र त्यस्ता गवाहहरूको बकाइको आधारमा अभियोग प्रमाणित भएको मानिन्छ। उल्लिखित मौकामा

बुझिएका मानिसहरूलाई अदालतसमक्ष उपस्थित गराई दाबीलाई पुष्टि हुने गरी बकपत्र गराउन सकेको नदेखिँदा यस्तो परिस्थितिमा अनुसन्धानको सिलसिलामा तयार भएका लिखतहरू मौकामा बुझिएकाहरूलाई प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार प्रतिवादीमाथि आरोपित गरिएको कसुरलाई प्रमाणित गर्ने शङ्कारहित तथ्ययुक्त सबुद प्रमाण हो भनी निर्विवाद यकिन गर्नुपर्ने अवस्था नदेखिने।

तसर्थः पुनरावेदक / प्रतिवादीहरू वारदातमा संलग्न नरहेको तथ्य निजहरूले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष गरेको इन्कारी बयान, बच्चाहरूले भनेको आधारमा जाहेरी दिएको भन्ने जाहेरी दरखास्त र बकपत्र, प्रत्यक्षदर्शी वर्ष १४ का तिलक बुढाले वारदातस्थलमा पुग्दा प्रतिवादीहरूसँग कुराकानी भएन, अरूसँग बोलेको सुनेर बोलीबाट प्रतिवादीहरूलाई चिनेको हो भनी गरेको बकपत्र, प्रतिवादीहरूका साक्षीहरूको बकपत्र, मौकामा घटना विवरणको कागज गर्ने राजु के.सी., टेकबहादुर पुन, नरेन्द्र पाण्डेसमेतले को कसले मारे थाहा छैन भनी अदालतमा गरेको बकपत्र, मृतकको शरीरमा चोटपटक देखिएको र पोस्टमार्टमबाट Head Injury मृत्युको कारण उल्लेख भए पनि सो कार्य प्रतिवादीहरूले गरेको भन्ने देखिनुपर्नेमा सो नदेखिएकोलगायतका प्रत्यक्ष अप्रत्यक्ष प्रमाणहरूले समर्थित गरेको देखिँदा प्रतिवादीहरूले मृतक द्रोणबहादुर पुनलाई कर्तव्य गरी मारेको भन्ने शङ्कारहित तवरबाट पुष्टि भएको नदेखिँदा पुनरावेदन अदालत, तुलसीपुरबाट प्रतिवादीहरूलाई सफाइ दिनु पर्नेमा अभियोग दाबीबमोजिम दोषी ठहर गरेको फैसला मिलेको नदेखिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट पुनरावेदक / प्रतिवादीहरू पूर्णबहादुर वली र किरण के.सी. ले मृतक द्रोणबहादुर पुनलाई कर्तव्य गरी मारेको भन्ने अभियोगमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू रूकुम जिल्ला अदालतको मिति २०६९।३।१९ को फैसला सदर गरेको पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७०।१।१६ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक / प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-WO-०८७५, उत्प्रेषण, *राजेन्द्रबहादुर बस्नेत वि. पुनम बस्नेतसमेत*

निवेदकले पाएको जग्गा कमसल र विपक्षी वादीले पाएको जति जग्गा असल भनी रिट निवेदकले आफ्नो जिकिर लिएबाहेक सो कुरा पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन । केवल जिकिर लिएर मात्र हुँदैन सो कुराको पुष्टि पनि हुन सक्नुपर्दछ । वादीले अंश पाउने भन्दा कम जग्गा लिएको अवस्था छ । बन्डा मुचुल्कामा कुनै कानूनी त्रुटि विद्यमान छैन । बन्डा मुचुल्कामा उपस्थित भएर पनि सहीछापसम्म रिट निवेदकले गरेको छैन । अदालतबाट तायदाती फाँटवारी माग गर्दा, तायदाती पेस नगर्ने, बन्डा मुचुल्का हुँदा पहिलो पटक सोमा व्यवधान गर्ने कार्यबाट आफ्नो पत्नी र छोरीलाई सहज ढङ्गबाट अंश नदिने रिट निवेदकको कलुषित मनसाय रहेको भन्ने स्पष्ट देखिन आयो । यसरी अदालतबाट कानूनबमोजिम फैसला भई अंश पाउने ठहर भएपछि सोको कार्यान्वयन गर्ने कार्यबाट निवेदकको कुनै संवैधानिक वा कानूनी हकको हनन् भएको मान्न नमिल्ने।

यसर्थ, विवेचित आधार, प्रमाण तथा कानूनका आधारमा रिट निवेदकले आफूहरू बीचमा चलेको अंश मुद्दाको फैसलालाई स्वीकार गरी बसेको अवस्था, निवेदक विवादित बन्डा मुचुल्काउपर

साधारण अधिकारक्षेत्रको प्रयोग गरी सुरू र पुनरावेदन अदालत प्रवेश गरिसकेको देखिएको स्थितिमा फेरी असाधारण अधिकारक्षेत्र मानिने रिटको माध्यमबाट यस अदालतमा प्रवेश गरेको अवस्था, निवेदकले विपक्षीहरूको कामकारबाहीबाट आफ्नो के कुन मौलिक हक र संवैधानिक हकमाथि आघात पर्न गएको हो भन्ने कुरा स्पष्ट रूपमा खुलाउन नसकेको स्थिति, रिट निवेदकले विपक्षीहरूको लिखित जवाफलाई अन्यथा हो भन्न नसकेको स्थिति र उल्लिखित यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतलाई विश्लेषण गर्दा विपक्षीहरूको कामकारबाहीबाट निज निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा कुनै पनि आदेश जारी गर्नुपर्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-०७५१, उत्प्रेषण, *विद्याप्रसाद मुराउ वि. बाँके जिल्ला अदालत, नेपालगन्जसमेत*

कुनै पनि मुद्दाको कामकारबाही सुरू अदालतमा चलिरहेको अवस्था वा सुरू अदालतमा मुद्दा विचाराधीन रहेको स्थितिमा उक्त सुरू निकायबाट मुद्दामा कानूनबमोजिम कामकारबाही हुने नै हुन्छ। मुद्दा चल्दाचल्दैको अवस्थामा कुनै पनि सुरू अदालतले कानूनले निर्दिष्ट गरेबमोजिमको आफ्नो अधिकारक्षेत्रको प्रयोग गरी कानूनी अख्तियारीबमोजिमको कामकारबाही गर्न पाउने नै हुँदा यस स्थितिमा साधारण अधिकार क्षेत्रअन्तर्गत प्रतिवादी विद्याप्रसाद मुराउउपर बाँके जिल्ला अदालतमा चलिरहेको झुठ्ठा विवरण दिई नागरिकता लिए, दिलाएको मुद्दामा उक्त मुद्दाको कामकारबाहीमा असर पर्ने गरी एवम् सुरू अदालतको क्षेत्राधिकारमाथि नै हस्तक्षेप गर्ने गरी असाधारण अधिकारक्षेत्रको बाटोबाट यस अदालतबाट रिट जारी गर्नु प्रचलित कानून एवम् न्यायिक मूल्य मान्यतासमेतका विरूद्ध हुने।

झुठ्ठा विवरण दिई नागरिकता लिए, दिलाएको नितान्त फरक मुद्दामा सुरू अदालतबाट मुद्दाको प्रमाण परीक्षणको प्रक्रिया चलिरहेको बखत रिट जारी गरी कारबाही प्रक्रिया नै प्रभावित हुने गरी हस्तक्षेप गर्न मिल्ने होइन भन्ने विपक्षीहरूको लिखित जवाफ एवम् सोही बेहोराको विद्वान् उपन्यायाधिवक्ताको बहस एवम् प्रतिवाद जिकिर अन्यथा नदेखिने।

तसर्थ विवेचित आधार तथा कारणबाट सुरू अदालतले आफ्नो अधिकारक्षेत्र ग्रहण गरी हुँदै गरेको कामकारबाहीलाई रिट क्षेत्राधिकारको असाधारण अधिकारक्षेत्रको मार्ग प्रयोग गरी मुद्दाको कामकारबाही रोक्ने गरी आदेश गर्न मिलेन। विपक्षीहरूको कामकारबाहीबाट निज निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा कुनै पनि आदेश जारी गर्नुपर्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल जेठ ९ गते रोज ४ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-१३४३, लेनदेन, *नारायणबहादुर लामिछानेसमेत वि. समिम अख्तर अन्सारी*

राष्ट्रिय विधिविज्ञान प्रयोगशालामा विवादित चेकहरूमा परेको वादीको विवादित दस्तखत जाँच गर्न पठाइएकोमा राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट “Citizens Bank international Ltd को चेकको अर्धकट्टीको पीठमा गरिएको विवादित दस्तखत लेखन गुणका आधारमा वादीको दस्तखतहरूसँग मिल्दछन्” भनी उल्लेख भई आएको र Nepal

SBI Bank Ltd नेपाल समान बनावटका नमूना दस्तखतहरूको अभावमा सो चेकको अर्धकट्टीको पीठमा गरिएको विवादित दस्तखतको तुलनात्मक अध्ययन गर्न सकिएन" भन्ने विशेषज्ञको रायसहितको परीक्षण प्रतिवेदन प्राप्त भएको देखिएकोले सो दुवै चेकहरूमा परेको आफ्नो दस्तखतलाई सुरूदेखि नै पूर्ण इन्कार गर्ने वादीको उक्त प्रतिवाद जिकिर उक्त बैंक खाताको स्टेटमेन्ट तथा विशेषज्ञको जाँच परीक्षणको प्रतिवेदनबाट नै खण्डित भइरहेको देखिने।

वादी र प्रतिवादीहरूका बीचमा मिति २०६६।०८।२८ मा बैनाबापतको रकम लिएको भनी सोही मितिमा भएको लिखतबमोजिमको उक्त रकम वादीलाई प्रतिवादीहरूले बुझाएको भन्ने यकिन हुनको लागि सो रकम बुझाई भरपाई हुनुपर्ने वा उक्त बैनाबापतको रकम बुझेको सो सुरूको लिखत फट्टा हुनै पर्ने भन्ने अर्थमा वादीलाई प्रतिवादीहरूले उक्त चेकको माध्यमले बुझाएको रकमको दायित्वलाई शून्यमा परिणत गर्ने गरी इन्साफको रोहमा बोल्न मिल्ने हुँदैन। उक्त वादीले प्राप्त गरिसकेको सो रकम वादीले यो यसबापतमा प्राप्त गरेको रकम हो भनी अन्यथा प्रमाणित नगर्दासम्म निजहरूका बीचमा पूर्ववत् रूपमा रहेको आपसी व्यवहारको दायित्वलाई निर्वाह गर्नका लागि गरिएको हो भनी स्वतः मान्नु पर्ने हुन आउने।

सुरूमा लिखत गरी लिएको कुनै रकमको दायित्व पूरा गर्दाका अवस्थामा कुनै भरपाई नलिई वा लिखत फट्टा नगरिकनै रकम तिरे बुझाएको देखिन आएको यस्तो अवस्थामा सो रकम बुझिलिनेले "उक्त रकम यो, यस व्यवहारबापत बुझिलिएको रकम हो" भनी पुष्टि प्रमाणित नगरेको अवस्थामा सोही पूर्ववत् रहेको लेनदेनको व्यवहारबाट सिर्जित दायित्वबापतको रकम बुझेको हो भनी न्यायिक विवेकका दृष्टिले हेरिनुपर्ने।

यिनै प्रतिवादीहरूलाई मिति २०६६।८।२८ मा बैनाबापत भनी गरिदिएको सो लिखतबमोजिमको रकम निज वादीले यिनै पुनरावेदक प्रतिवादीहरूमध्येकै प्रतिवादी ओमकृष्णबहादुर लामिछानेको नाउँमा सिटिजन बैंकमा रहेको खाताबाट चेक नं. ११११८५८ मार्फत मिति २०६७।९।९ मा रू.६,००,०००।– (छ लाख) र नेपाल एस.वि.आइ. बैंक, श्रीपुरमा रहेको खाताबाट चेक नं.४६०७०४३ मार्फत मिति २०६७।९।२१ मा रू.८,००,०००।- (आठ लाख) बुझिलिएको पुष्टि भएको देखिन आएबाट वादीले सुरू फिराद दाबीमा उल्लेख गरेबमोजिमको बैनाबापतको रकम प्रतिवादीहरूबाट लिन बाँकी रहेको नदेखिएको हुँदा वादीको फिराद दाबी पुग्न नसक्ने ठहर गर्नुपर्नेमा वादी दाबीबमोजिमको रकम प्रतिवादीहरूबाट वादीले भराई लिन पाउने भनी सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।०३।०२ फैसला मिलेको देखिन नआउने।

तसर्थ, उल्लेख भई विवेचित आधार प्रमाणसमेतबाट वादीले प्रतिवादीहरूलाई मिति २०६६।०८।२८ मा बैनाबापत भनी गरिदिएको सो लिखतबमोजिमको रकम प्रतिवादीबाट वादीले प्राप्त गरिसकेको देखिन आएकोले वादीको फिराद दाबी पुग्न नसक्ने ठहर गर्नुपर्नेमा वादी दाबीबमोजिमको रकम प्रतिवादीहरूबाट वादीले भराई लिन पाउने भनी सुरू पर्सा जिल्ला अदालतबाट भएको मिति २०६८।१२।२२ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।३।२ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई प्रस्तुत मुद्दामा वादी दाबी पुग्न नसक्ने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल चैत १ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-CR-०४६७, नागरिकता बदर, *विद्याप्रसाद मुराउ वि. नेपाल सरकार*

नेपाल नागरिकता ऐन, २०६३ को दफा १४(१) मा "कुनै विदेशी व्यक्तिले झुट्ठो विवरण वा बयान दिई नेपाली नागरिक हो भनी झुक्याई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको कुरा प्रमाणित हुन आएमा नेपाल सरकारले निजको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने आदेश दिनेछ" भन्ने कानूनी व्यवस्था देखिन्छ भने ऐ. ऐनको दफा २०(१) को प्रतिबन्ध्यात्मक वाक्यांशमा "तर दफा १४ बमोजिम नेपाली नागरिकबाट हटाउने अधिकार प्रत्यायोजन हुने छैन" भन्ने उल्लेख भएको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्थाको रोहबाट हेर्दा, कुनै पनि व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गर्ने अधिकार गृह मन्त्रीलाई रहे भएको देखिँदैन, न कि यसप्रकारको निर्णय गर्नसक्ने अधिकार गृहमन्त्रीलाई प्रत्यायोजनसमेत गर्न सक्ने कानूनी व्यवस्था रहे भएको देखिन्छ । साथै वादी गृह मन्त्रालय, सिंहदरबारका तर्फबाट नेपाल सरकारका उपप्रधानमन्त्री एवं गृहमन्त्री विजयकुमार गच्छदार एवं प्रत्यर्थी जमुना राउत कुर्मी भएको नागरिकता बदर मुद्दामा अधिकार प्रत्यायोजन गरिएकोमा बाहेक कुनै एकजना मन्त्रीको निर्णयलाई नेपाल सरकारको निर्णय मान्न नसकिने । नेपाल नागरिकता ऐन, २०६३ को दफा २० को उपदफा (१) ले नेपाल सरकारले उक्त ऐनबमोजिम प्राप्त अधिकार नेपाल सरकारको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्ने भए पनि सोको प्रतिबन्धात्मक वाक्यांशले दफा १४(१) बमोजिम नेपाली नागरिकबाट हटाउने अधिकार प्रत्यायोजन हुन सक्ने देखिँदैन । प्रचलित कानूनले निर्णय गर्ने अधिकार नदिएको विषयमा नभएको अधिकार प्रयोग गरी गरिने कार्यको परिणाम स्वभावतः शुन्य हुने । नेपाल सरकारले ग्रहण गर्नुपर्ने अधिकारक्षेत्र ग्रहण गरी नेपाल सरकारका गृहमन्त्रीलाई नागरिकताको प्रमाण पत्र बदर गर्ने अधिकार रहे भएको कानूनतः देखिन नआएको अवस्थामा सो विवादको निरूपणको विषय अधिकारप्राप्त मन्त्रिपरिषद्मा पेस नगरी नागरिकताको प्रमाणपत्र बदर गर्ने गरेको निर्णयले वैधानिकता प्राप्त गर्न नसक्ने (ने.का.प.२०७०, अंक ६, नि.नं.९०२० प्रकरण नं.४) भनी यस अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको स्थितिमा प्रस्तुत मुद्दाको तथ्य, प्रकृतिसमेत उक्त प्रतिपादित नजिर सिद्धान्तसँग मेल खाएको देखिँदा गृहमन्त्रीको मिति २०६१।४।८ को निर्णय एवं सोही निर्णयलाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।१२।३० को फैसला मिलेको नदेखिने।

तसर्थ, विवेचित आधार, प्रमाण तथा कारणबाट गृह मन्त्रीलाई कुनै पनि व्यक्तिको नागरिकता बदर गरी नागरिकबाट हटाउन सक्ने अधिकारको अख्तियारी कुनै पनि कानूनले नदिएको, एवम् नागरिकता बदर गर्न सक्ने अधिकार प्रत्यायोजन गर्न नसकिने भनी स्पष्ट कानूनी व्यवस्था रहेको देखिएको स्थिति एवम् उल्लिखित नजिर सिद्धान्तसमेतको आधारमा प्रतिवादी विद्याप्रसाद मुराउको नागरिकता बदर गर्ने गरी भएको तत्कालीन गृहमन्त्रीको मिति २०६१।४।८ को निर्णयमा कानूनतः क्षेत्राधिकारको अभाव देखिएको स्थितिमा तत्कालीन गृहमन्त्रीको निर्णयलाई मिलेकै देखिएको भनी सो निर्णय सदर हुने ठहर गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।१२।३० को फैसलासमेत मिलेको नदेखिँदा उक्त फैसला उल्टी हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६५-CR-०३१५, गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. बामदेव दीप अधिकारीसमेत*

काठमाडौं भीमसेनगोलाको घर एवम् शौचालय निर्माण वर्षको दररेटमा हिसाब गर्दा रू.६,९९,५१७।-

हुन आउँछ । प्रमाणमा पेस भएको सहरी विकास तथा भवन निर्माण विभागको मिति २०६४।४।९ को पत्रअनुसार सो विभागबाट निर्धारित दररेटमा ठेक्का कर १५ प्रतिशत र ठेकेदारको ओभरहेड कष्ट ५ प्रतिशतसमेत समावेश भएको भन्ने देखिन्छ । व्यक्ति आफूले बनाएको घरमा उक्त २० प्रतिशतको रकमलाई लागत खर्चमा समावेश गर्न नमिल्ने हुँदा निर्धारित दररेटअनुसार हुन आउने उल्लिखित रकममा २० प्रतिशत कम गर्दा प्रतिवादीको भीमसेनगोलाको घर निर्माणको लागत खर्च रू.५,५९,६१३।- मात्र हुन आउने ।

फर्निचरका सामानको बजार मूल्य बढ्दै गएको र विद्युतीय उपकरणहरूको बजार मूल्य घट्दै गएको परिप्रेक्ष्यमा न्यायोचित खरिद मूल्य कायम गर्नु पर्दा खरिद मिति र मूल्य यकिन नभएको अवस्थामा फर्निचरका सामानको हकमा हालको बजार मूल्यको आधाका दरले र विद्युतीय उपकरणको हकमा हालको बजार मूल्यअनुसार नै खरिद मूल्य कायम गर्ने गरी आएको हुँदा प्रतिवादीको घरमा भएका फर्निचर तथा विद्युतीय सामानको मूल्य रू.१,७७,८२६।- हुन आउँछ । यसबाट भीमसेनगोलाको घर र सो घरमा भएका फनिर्चर एवम् विद्युतीय सामानसमेत गरी जम्मा लागत खर्च रू. ७,३७,४३९।- कायम हुने ।

प्रतिवादीको कीर्तिपुर लायकुमा निर्माण भएका घर, टहरा तथा पालेघरसमेतको निर्माण वर्षको निर्धारित दररेटअनुसार जम्मा लागत खर्च रू.२६,६३,२७५।- लागेको भन्ने आरोपपत्रको तालिका नं.१७ र १८ बाट देखिन्छ । त्यसमा माथिको प्रकरणमा विवेचना गरिएअनुसारको २० प्रतिशतले हुन आउने रू.५,३२,६५५।- घटाउँदा उक्त घरको वास्तविक निर्माण लागत रू.२१,३०,६२०।- मात्र कायम हुने देखियो । यी प्रतिवादीले जाँच अवधिमा निर्माण गरेका घर, टहरा, पालेघर एवम् खरिद गरेका फर्निचर तथा विद्युतीय सामानको गरी जम्मा लागत खर्चको बिगो रू.२८,६८,०५९।- मात्र कायम हुने ।

प्रतिवादीले जाँच अवधिमा रू.३,२५,०००।- को सुन खरिद गरेको, रू.१,००,०००।- को मोटरसाइकल खरिद गरेको, रू.३,००,०००।- सुनिल फर्निसिङ सेन्टरमा लगानी गरेको र रू.३,०००।- मा नबिल बैंकको सेयर खरिद गरेको भन्ने कुरा आरोपपत्रबाट देखिन्छ । त्यसलाई प्रतिवादीले अन्यथा भन्न सकेको पाइँदैन । त्यसकारण जाँच अवधिमा भएको उल्लिखित खर्चको रकम रू.७,२८,०००।- लाई पनि प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिको बिगोमा हिसाब गर्नुपर्ने ।

आरोपपत्रको तालिका नं.१७ को सि.नं. १०, ११, १२ र तालिका नं.१८ को सि.नं.८ मा उल्लेख भएबमोजिम स्रोत खुलेको र नखुलेको गरी जम्मा रू.३२,४५,०००।- बैंकको खाताबाट रकम निकालेको देखिन्छ । निकालेको कुरामा प्रतिवादीले अन्यथा भन्न सकेको पाइँदैन । उल्लिखित रकम मिति २०६०।१।१९ मा बैंकको खाताबाट निकालेको भन्ने देखिन्छ । सो रकम बैंकबाट निकालेपछि आरोपपत्रको तालिका नं.१६ को क्रम संख्या १७ को १०, ११ र १५ मा उल्लेख भएबमोजिम २०६० मंसिर र २०६१ पौषमा छोराहरू राजनदीप र सरोकारदीपको चिकित्सा शास्त्र अध्ययन खर्चबापत रू.७,९०,०००।- मणिपाल कलेज पोखरामा तिरेको भन्ने देखिन्छ । सोबाहेक बैंकबाट झिकेको उल्लिखित रकमबाट आरोपपत्रमा दाबी लिएको कुनै चल अचल सम्पत्ति खरिद वा निर्माण गरेको भन्ने मिसिल प्रमाणहरूबाट देखिँदैन । त्यसकारण बैंकबाट झिकेपछिको मितिमा मणिपाल कलेजमा तिरेको रू.७,९०,०००।- कटाउँदा बाँकी हुन आउने रू.२४,५५,०००।- प्रतिवादीको साथमा नगद मौज्दात रहेको मान्नुपर्ने हुन आउने ।

आरोपपत्रको तालिका नं. १५ एवम् १६ मा उल्लेख भएबमोजिम प्रतिवादीले आफ्ना २ भाइ छोराहरूलाई मणिपाल कलेज पोखरामा अध्ययन

गराउँदा जाँच अवधिको २०६१ पौषसम्ममा रू.२६,८०,०००।- खर्च गरेको भन्ने देखिन्छ । सो खर्चका सम्बन्धमा प्रतिवादीले अन्यथा भन्न सकेको पाइँदैन । बैंकबाट झिकेको रकम र मणिपाल कलेजमा तिरेको रकम पूरैलाई बिगोमा हिसाब गर्दा दोहोरो हुन जाने हुन्छ । त्यसकारण बैंकबाट झिकेकोमध्ये मणिपाल कलेजमा तिरेको रकम कटाउँदा प्रतिवादीसँग जाँच अवधिमा देखिन आउने नगद मौज्दात रू.२४,५५,०००।- र छोराहरूको पढाई खर्चको लागि मणिपाल कलेजमा तिरेको रू.२६,८०,०००।- गरी जम्मा रू.५१,३ ५,०००।- प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने सम्पत्ति एवम् खर्चको बिगोमा हिसाब गर्नुपर्ने देखिन आउने ।

आरोपपत्रमा २०३८ साउनदेखि २०६१ असारसम्म तलब रू.९,९५,६८५।- र भत्ता रू.५८,९१४।- गरी जम्मा तलब भत्तामा रू.१०,५४,५९९।- मात्र प्रतिवादीको तलब भत्तामा भएको आय देखिन्छ । प्रतिवादीले बयान गर्दा आफूले जाँच अवधिमा तलब भत्तामा त्यति मात्र नभई तलब, दुर्गमस्थान भत्ता, फिल्ड भत्ता, दैनिक भत्ता, महँगी भत्ता, कार्यालय, प्रमुख भत्ता, सञ्चित बिदाको रकम र दशैं खर्चसमेत गरी सोभन्दा बढी पाएको छु भनी जिकिर लिएको पाइन्छ । आरोपपत्रको तालिका नं. १६ को विवरणहरूबाट २०६१ साल पौषसम्ममा भए गरेको खर्चलाई हिसाबमा देखाएको हुँदा माथि विवेचना गरिएबमोजिम २०३८ श्रावण १ गतेदेखि २०६१ साल पौषसम्मको तलब भत्तालाई प्रतिवादीको आयस्रोतमा हिसाब गर्नुपर्ने हुन्छ । प्रतिवादीबाट पेस भएको ग्रेडसहितको तलब भत्ताको विवरण एवम् सम्बन्धित कार्यालयहरूको पत्रहरूसमेतको आधारमा हिसाब गर्दा तलब, दुर्गमस्थान भत्ता, फिल्डभत्ता, दैनिक भत्ता, महँगी भत्ता, कार्यालय, प्रमुख भत्ता, सञ्चित बिदाको रकम र दशैं खर्चसमेत गरी उक्त जाँच अवधिमा जम्मा रू.१५,८१,४६०।- प्राप्त गरेको भन्ने देखिन्छ । त्यस रकमका सम्बन्धमा वादीतर्फका विद्वान्ले पनि बहसका सन्दर्भमा अन्यथा भन्न सकेको पाइँदैन । त्यसमा वादी स्वयम्ले मानेको २०३५ साल भाद्रदेखि २०३६ साल आश्विनसम्मको त्रि.वि.अन्तर्गत अध्यापन गराउँदा प्रतिवादीले पाएको रू.८,४४६।- समेत गरी प्रतिवादीले जाँच अवधिमा तलब भत्ता एवम् अन्य सुविधाको रकम गरी जम्मा रू.१५,८९,९०६।- मौद्रिक आय प्राप्त गरको देखिने ।

प्रतिवादीले प्रमाणमा पेस गरेको Australian Development Scholarships-Bfzma Deb Deep AusAID ID 100013207 Date: 20 July 2005 को पत्रबाट प्रतिवादीले अस्ट्रेलियाको अध्ययनको अवधिमा ३६,९५६ अस्ट्रेलियन डलर पाएको भन्ने देखिन्छ । सो पत्र प्रतिवादीले अनुसन्धानको क्रममा नै पेस गरेको भन्ने पनि देखिन्छ । पत्रमा उल्लिखित डलर प्रतिवादीले प्राप्त गरेको नभई २३,१०० अस्ट्रेलियन डलर मात्र पाएको भन्ने आधार कारण एवम् प्रमाण आरोपपत्रमा उल्लेख हुन सकेको पाइँदैन । प्रतिवादीले अस्ट्रेलियामा अध्ययन गर्दा २३,१०० डलर मात्र पाएको भन्ने अन्य प्रमाण वादी पक्षबाट पेस हुन नसकेको अवस्थामा प्रतिवादीबाट पेस भएको उल्लिखित प्रमाणअनुसारकै डलर प्राप्त भन्ने कुरालाई नकार्न नमिल्ने ।

आरोपपत्रमा जाँच अवधिमा चपली भद्रकालीको ९ आना जग्गा बिक्रीबाट रू.९,०००।- आय प्राप्त गरको भनी सो रकमलाई प्रतिवादीको आयमा हिसाब गरेको पाइन्छ । प्रतिवादीले सुरू विशेष अदालतमा बयान गर्दा सो जग्गा रू.२,५०,०००।- मा बिक्री गरेको हुँदा बिक्रीबाट प्राप्त रकमलाई नै आय मान्नु पर्दछ भन्ने जिकिर लिएका छन् । रजिस्ट्रेसन पारित लिखतबाट उल्लिखित जग्गा रू.९,०००।- मा बिक्री गरेको देखिन्छ । प्रतिवादीको मौखिक कथनबाहेक सो जग्गा रू.२,५०,०००।- मा बिक्री गरेको आधिकारिक प्रमाण पेस गर्न सकेका छैनन् । अन्यथा प्रमाणित

नभएको अवस्थामा लिखतमा उल्लिखित मूल्यमा नै बिक्री गरेको मान्नुपर्ने ।

नगद प्रवाहको आधारमा नभई जाँच अवधिको आधारमा स्रोत खुलेको र नखुलेको आय व्ययको हिसाब गर्दा खरिद गरेको रकमलाई सम्पत्ति आर्जनको व्ययमा हिसाब गरिएको हुँदा बिक्रीको रकमलाई आयमा हिसाब गर्नुपर्ने हुन आउँछ । घरजग्गा कर निर्धारणको प्रयोजनको लागि कर कार्यालयले गरेको मूल्याङ्कनलाई बिक्रीको मूल्य मान्न मिल्दैन । सो घर जग्गा बिक्रीबाट प्रतिवादीले रू.१६,००,०००।- प्राप्त गरेको भन्ने तथ्ययुक्त प्रमाणको अभावमा पारित लिखतमा लेखिएको मूल्य रू.४,५७,५०००।- लाई नै बिक्री गरेको मूल्य मान्नुपर्ने हुन्छ । त्यसकारण जाँच अवधिमा घरजग्गा बिक्रीबाट प्रतिवादीले जम्मा रू.४,६६,५००।- सम्म आय प्राप्त गरेको भन्ने देखिने ।

जाँच अवधिमा सुन खरिद गरेको रकमलाई माथि विवेचना गरिएबमोजिम सम्पत्ति आर्जनमा हिसाब गरिएको हुँदा सोही अवधिमा सुन बिक्रीबाट प्राप्त गरेको रकमलाई प्रतिवादीको आयमा हिसाब गर्नुपर्ने भएको हुँदा जाँच अवधिमा सुन बिक्रीबाट प्रतिवादीले रू.८,८०,०००।- आय प्राप्त गरेको देखिन आउने ।

सुनिल फर्निसिङ सेन्टरबाट प्रतिवादीले जाँच अवधिमा रू.७,९९,३३२।- नाफा प्राप्त गरेको र सोही अवधिमा सुनील फर्निसिङ सेन्टरबाट प्रतिवादीले लगानी गरेकोमध्ये रू.२,९५,०००।- पुँजी झिकेको भन्ने कुरा वादी स्वयम्ले आरोपपत्रमा स्वीकार गरी आयमा हिसाब गरेको देखिन्छ । सो रकमका सम्बन्धमा प्रतिवादीले अन्यथा भन्न सकेको पाइँदैन । त्यसकारण जाँच अवधिमा प्रतिवादीले सुनिल फर्निसिङ सेन्टरबाट नाफा र पुँजी फिर्ता गरी जम्मा रू.१०,९४,३३२।- मौद्रिक आय प्राप्त गरेको देखिने ।

आरोपपत्रबमोजिम प्रतिवादीले नबिल बैंकको सेयर खरिद गर्न गरेको लगानी रू.३,०००।- लाई माथि विवेचना गरिएअनुसार प्रतिवादीको सम्पत्तिमा गणना गरिएको हुँदा जाँच अवधिमा सेयर बिक्रीबाट प्राप्त रकमलाई प्रतिवादीको आयमा हिसाब गर्नुपर्ने हुन आउँछ । प्रतिवादीले प्रमाणमा पेस गरेको नेपाल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्स लिमिटेडको मिति २०६२।१।३० को पत्रअनुसार बोनस सेयरसमेत प्रतिसेयर रू.१९२५।- का दरले ६५ कित्ता सेयर बिक्री गरेको भन्ने देखिएबाट जाँच अवधिमा प्रतिवादीले सेयर बिक्रीबाट रू.१,२५,१२५।- मौद्रिक आय प्राप्त गरेको देखिन आउने ।

प्रतिवादीले जाँच अवधिमा काठमाडौंको भीमसेनगोलामा जम्मा २४८५ वर्गफिटको अढाई तलाको घर एक र कीर्तिपुरको लायकुमा २२४५ वर्गफुटको दुई तलाको घर निर्माण गरेको भन्ने आरोपपत्रबाट देखिन्छ । त्यसैगरी प्रतिवादी विष्णुकुमारीले दानबहादुरबाट २०४४ सालमा हालैको बकसपत्रबाट प्राप्त गरेको जग्गामा घरसमेत भएको भन्ने प्रतिवादीको जिकिर छ। सो जग्गामा ११८८ वर्गफिटको भुइँतले घर भएको भन्ने प्रतिवादीले प्रमाणमा पेस गरेको कर कार्यालय, पोखराले आर्थिक वर्ष २०५२।५३ मा गरेको घरजग्गा कर निर्धारण आदेशको प्रतिलिपिबाट देखिन्छ भने मिति २०५२।४।५ को पारित लिखतबाट पनि सो जग्गामा घरसमेत रहेको देखिन्छ । सो घर प्रतिवादीले जग्गा प्राप्त गरिसकेपछि बनाएको भन्ने आरोप पत्रबाट देखिँदैन । यसबाट जग्गा प्राप्त गर्दाको अवस्थामा नै सो जग्गामा उल्लिखित घरसमेत रहेको मान्नुपर्ने हुन आउने ।

पोखराको पूरै घरबाट २०४५ साल वैशाखदेखि २०४९ वैशाखसम्म प्रतिमहिना रू.८,०००।- का दरले र २०४९ जेठदेखि २०५२ आषाढसम्म प्रतिमहिना रू.९,०००।- दरले रू.७,३४,०००।-, काठमाडौंको अढाई तला घरमध्ये डेढतला घरबाट २०४७ वैशाखदेखि २०६१ पौषसम्म मासिक रू.१०,०००।- दरले रू.१७,७०,०००।- र कीर्तिपुरको भुइँतला २०५३ वैशाखदेखि र पहिलो तला

२०५५ वैशाखदेखि २०६० वैशाखसम्म प्रतितला मासिक रू.५,०००।- का दरले रू.७,३०,०००।- समेत गरी जाँच अवधिमा घर भाडाबाट रू.३२,१४,०००।- आय प्राप्त गरेको भन्ने प्रतिवादीको जिकिर छ । प्रतिवादीको परिवार संख्यालाई हेर्दा काठमाडौंको घरको अढाई तलामध्ये डेढतला आफ्नो परिवारले प्रयोग गरी एक तला र पोखरा तथा कीर्तिपुरको पूरै घर भाडामा लगाउन सक्ने अवस्था रहेको देखिँदा घर भाडामा लगाई त्यसबाट आय प्राप्त गरेको भन्ने प्रतिवादीको जिकिरलाई अन्यथा प्रमाणित गर्न सकिने स्थिति पनि नदेखिने ।

घर मूल्याङ्कन प्रतिवेदनबाट काठमाडौंको घर २०४६ सालमा बनेको देखिँदा २०४७ सालदेखि मात्र पोखराको घर भाडामा लगाएको मान्नु पर्ने हुन्छ । पोखराको घरभाडा सरदर मासिक रू.८,०००।- हिसाब गर्दा २०४७ सालदेखि २०५२ असारसम्मको घरभाडा रू.५,०४,०००।- हुन आउँछ । कीर्तिपुरको घरको मूल्याङ्कन प्रतिवेदनबाट भुइँतला २०५२ सालमा र पहिलो तला २०५४।५५ मा बनी तयार भएको भन्ने देखिन्छ । भुइँ तलाको २०५३ सालदेखि र पहिलो तलाको २०५५ सालदेखि प्रतितला मासिक रू.५,०००।- का दरले बिक्री गर्नुभन्दा पहिले २०६० वैशाखसम्म भाडामा लगाएको भन्ने प्रतिवादीको जिकिर छ । प्रत्येक तलाको सरदर मासिक रू.४,०००।- का दरले भाडा लागेको मानी भुइँतला २०५३ साल वैशाखदेखि र पहिलो तला २०५५ श्रावणदेखि हिसाब गर्दा कीर्तिपुरको घरभाडा रू.५,३६,०००।- हुन आउँछ । त्यसैगरी काठमाडौं भीमसेनगोलाको घर सरदर मासिक रू.७,०००।- का दरले घरभाडा लागेको मानी हिसाब गर्दा २०४७ देखि २०६१ पौषसम्मको रू.१२,३९,०००।- आउँछ । अतः प्रतिवादीले जाँच अवधिका घरभाडाबाट जम्मा रू.२२,७९,०००।- सम्म मौद्रिक आय प्राप्त गरेको भनी अनुमान गर्नुपर्ने देखिन आउने ।

कास्की रूपाकोटमा प्रतिवादीले ४ रोपनी खेतीयोग्य जग्गा मिति २०४४।३।२ मा खरिद गरी २०६०।२।२२ मा राजीनामा गरी हक हस्तान्तरण गरेको देखिन्छ भने काठमाडौं सितापाइलामा २०५२।८।२६ मा २ रोपनी खेतीयोग्य जग्गा मिति २०६०।२।२८ मा बिक्री गरेको देखिन्छ । त्यसैगरी बर्दियाको ढोडरीमा २०४९ जेठमा ५-१८-५ बिगाहा र २०५१ भाद्रमा ०-४-१ बिगाहा गरी जम्मा ६-२-६ खेतीयोग्य जग्गा खरिद गरी मिति २०६०।३।१६ मा राजीनामा गरी हक हस्तान्तरण गरेको देखिन्छ । उल्लिखित जग्गाहरूबाट आफूले जाँच अवधिमा रू.२६,५६,४८९।- कृषि आय प्राप्त गरेको भन्ने प्रतिवादीको जिकिर छ । जग्गाको उत्पादन जग्गाको उर्वराशक्ति, बिउविजन मलखाद, सिचाइँसमेतमा निर्भर गर्ने भएको हुँदा प्रत्येक सालको कृषि आय यति नै हुन्छ भनी यकिन गर्दा सम्बन्धित कृषि विकास कार्यालयको पत्रसमेतको आधारमा यकिन गर्नुपर्ने ।

जग्गाको प्रकृति र सम्बन्धित कृषि विकास कार्यालयको पत्रसमेतलाई मध्यनजर राख्दा सरदर प्रतिरोपनी रू.१,०००।- र प्रति बिगाहा रू.१५,०००।- सम्म कृषि आय बचत हुन सक्ने मान्दा न्यायोचित अनुमान हुने देखिन्छ । यस हिसाबबाट उल्लिखित खेतीयोग्य जग्गा प्रतिवादीहरूको हकमा आई प्रतिवादीहरूको नाममा रहेको अवधिसम्ममा प्रतिवादीले कृषिबाट जम्मा रू.१२,३७,०००।- सम्म आय प्राप्त गरेको मान्न सकिने ।

आरोपपत्रमा दाबी लिएका घर बनाउँदा र जग्गा खरिद गर्दा पिता टीकाराम अधिकारीबाट पटकपटक गरी जम्मा रू.३,००,०००।- प्राप्त गरेको भन्ने प्रतिवादीको जिकिर छ । आरोपपत्रमा जग्गा खरिद गर्दा र घर निर्माण गर्दाका अवस्था नपुग रकम प्रतिवादीको पिताबाट प्राप्त गरेको कुरालाई स्वीकार गरेको पाइन्छ । नपुग रकम पिताबाट प्राप्त गरी खरिद गरेको जग्गा र निर्माण गरेको घरको भागलाई प्रतिवादीको

स्रोत खुलेको सम्पत्ति मानेको पनि पाइन्छ । तर के कति रकम प्राप्त गरेको भनी आरोपपत्रमा रकम खुलाएको भने पाइँदैन । प्रतिवादीका अंशियारहरूका बीचमा अंशबन्डा हुँदा अन्य दाजुभाइहरू भन्दा प्रतिवादीले कम जग्गा अंशमा पाएको भन्ने आधारमा प्रतिवादीले पिताबाट रकम पाएको भन्ने तथ्यलाई नकार्न सक्ने अवस्था पनि रहेन । अत: प्रतिवादीले पिताबाट पाएको भनेको उक्त रकमलाई अन्यथा भन्न सकिने स्थिति नदेखिँदा सो रकमलाई पनि प्रतिवादीको जाँच अवधिको वैध मौद्रिक आयमा सामेल गरिनुपर्ने ।

आरोपपत्रमा प्रतिवादीहरूले दाइजो पेवा नपाएको वा पाउन सक्ने आर्थिक स्थिति नरहेको भनी स्पष्ट खुलाउन सकेको पाइँदैन । प्रतिवादीहरूको माइतीको आर्थिक स्थिति नाजुक साबित गरी निजहरूले दाइजो पेवा पाउन सक्ने स्थिति नै नरहेको भनी वादी पक्षले आरोपपत्रमा खुलाउन नसकेको अवस्थामा र निज प्रतिवादीहरूले दाइजो पेवा पाएको भन्ने खास लिखत प्रमाणसमेत हाम्रो सामाजिक परिवेशअनुसार सम्भव नहुने भएको हुँदा न्यायिक अनुमान गर्नुपर्ने ।

आफूले जाँच अवधि अर्थात् मिति २०६०।२।२२, २०६०।२।२८ र २०६०।३।१६ मा दाङ ढोढरीको जग्गा, कीर्तिपुरको घरजग्गा, सितापाइलाको जग्गा र कास्की रूपाकोटको जग्गा बिक्री गरी जम्मा रू.५२,८६,५००।- प्राप्त गरेको भन्ने प्रतिवादीको जिकिर छ । सो घर जग्गाको रकम लिई बिक्री गरेको नभई लुकाउने छिपाउने उद्देश्यले लिखत पारित गरी हक हस्तान्तरण गरेको मात्र हो भन्ने वादीको दाबी छ । प्रतिवादीका जिकिरबमोजिमको कर्जा रकमलाई आयमा कायम गर्न नमिल्ने भनी माथि नै विवेचना गरी सकिएको छ । आरोपपत्रबाट र प्रतिवादीको बयान जिकिरबाट समेत उल्लिखित घरजग्गा बिक्रीको रकम प्रतिवादीको सँगसाथमा रहेको वा घरजग्गा बिक्रीपछि बैंकमा जम्मा गरेको भन्ने देखिँदैन । त्यसैगरी घरजग्गा बिक्री गरेपछि सो रकमबाट अनुसन्धानको दायराभित्र परेको कुनै चल अचल सम्पत्ति आर्जन गरेको भन्ने पनि देखिँदैन । यस स्थितिमा उल्लिखित घरजग्गा बिक्रीको लिखतमा लेखिएको रकमलाई प्रतिवादीको आयस्रोत कायम गरी आरोपपत्रमा उल्लिखित चल अचल सम्पत्तिमा खर्च भएको भनी मान्न मिल्ने नदेखिने ।

कुनै पनि व्यक्तिलाई भ्रष्टाचारको कसुरअन्तर्गत सजाय गर्नको लगि भ्रष्टाचार गरेको हो भन्ने विवादरहित तरिकाले पुष्टि हुनुपर्दछ । जहाँसम्म बदनियतपूर्वक कामकारबाही भएको हो भन्ने तथ्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुँदैन तबसम्म भ्रष्टाचारको कसुरअन्तर्गत सजायभागी बन्नु पर्ने हुँदैन । "भ्रष्टाचारको कसुर कायम हुनको लागि सरकारी हानि नोक्सानी गर्ने मनसायबाट आफूले त्यसबाट केही लिनु खानु गर्ने नियत र मनसाय राखेर खर्च अपारदर्शी रूपमा गरी त्यसबाट आफूले समेत लिनु खानु गरी आर्थिक लाभ लिने उद्देश्य भएको वा लिएको, खाएको वा बदनियत राखेको प्रस्ट देखिनु पर्ने ।

जाँच अवधिमा तलब भत्ताबाट रू.१५,८९,९०६।- विदेश भ्रमणबाट बचत रू.९,३३,०९५।- जग्गा बिक्रीबाट रू.४,६६,५००।- सुन बिक्रीबाट रू.८,८०,०००।- सुनील फर्निसिङ सेन्टरको मुनाफा र पुँजी फिर्ताबाट रू.१०,९४,३३२।- सेयर बिक्रीबाट रू.१,२५,१२५।- घरभाडाबाट रू.२२,७९,०००।- कृषि आयबाट रू.१२,३७,०००।- पिताबाट प्राप्त पैतृक रू.३,००,०००।- पेवा दाइजोबाट रू.२,००,०००।- गरी प्रतिवादीले जाँच अवधिमा जम्मा रू.९१,०४,९५८।- मौद्रिक आय प्राप्त गरेको, यसबाट प्रतिवादीले जाँच अवधिमा आर्जन गरेको कूल चल अचल सम्पत्ति एवम् खर्च रू.९३,०५,७७२।- मध्ये रू.२,००,८१४।- अर्थात् कुल सम्पत्ति एवम् खर्चको करिब दुई प्रतिशत सम्पत्तिको सम्म मौद्रिक आय पुष्टि हुन सकेको नपाइने ।

प्रतिवादीले आफ्नो स्रोतमा जिकिर लिएका

केही रकमहरूलाई खास प्रमाणको अभावमा स्रोतमा गणना गर्न नसकिएको, प्रतिवादीको जिकिरभन्दा कम हुने गरी न्यायिक अनुमानमा आय कायम गरिएको, लामो समयसम्म गरेका वैध आय एवम् खर्चको आधिकारिक स्रेस्ता राख्न नसकिने र राख्नुपर्ने कानूनी व्यवस्थासमेत नभएको अवस्थामा जम्मा सम्पत्तिको करिब दुई प्रतिशतसम्मको सम्पत्ति एवम् खर्चको आय स्रोत पुष्टि हुन नसक्नुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अनुसार वैध आयस्रोतको अनुपातमा अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरी उच्च जीवनयापन गरेको मानी कसुर ठहर गर्न कानून एवम् न्यायसङ्गत हुने नदेखिई विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई गरेको फैसला मिलेकै देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी वामदेव दीप अधिकारीले वैध आयस्रोतको अनुपातमा अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरेको पुष्टि हुन नआएको हुँदा निज प्रतिवादी वामदेवदिप अधिकारीले दाबीबमोजिमको कसुर गरेको नठहरी सफाइ पाउने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०६४।४।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल पुस २ गते रोज १ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७४-WO-००४२, परमादेश, आनन्द शाही वि. भूमिसुधार व्यवस्था मन्त्रालय, मालपोत कार्यालय, तनहुँ, दमौलीसमेत

निवेदकले दाबी गेरको तनहुँ जिल्ला भिमाद गाउँ विकास समिति वडा नं. २(ग) कि.नं. ४६ कि.नं. क्षे.फ. १३-१५-०, ४७ को क्षे.फ. ५-७-१० कि.नं. ४८ को क्षे.फ.१-१५-२-३ कि.नं. ४९ को क्षे.फ. ०-१४-२-२ कि.नं., ५० को कि.नं., ५१ को क्षे.फ.१२-२-३ कि.नं., ५२ को क्षेफ. १-९-४-३ कि.नं., ५३ को क्षे.फ.४-८-० लगायतका जग्गाहरू श्री भगवती मन्दिर, श्री नारायण मन्दिर, श्री महादेव मन्दिरको पूजा, पर्व चलाउन, पाटी पौवा संरक्षण गर्नकै निमित्त तत्कालीन श्री ५ सुरेन्द्रबाट लालमोहर बकस भएका जग्गाहरू हुन्। गुठी संस्थान ऐन, २०३३ को दफा १९(क) मा निजी गुठीका गुठियारहरूले गुठीको लगत तोकिएबमोजिमको ढाँचामा संस्थानमा दिनुपर्ने कानूनी व्यवस्था हुँदा विपक्षीसँग निजी गुठीको लगत नभएको र यस संस्थानमा पनि नरहेको हुँदा राजगुठीअन्तर्गतको गुठी तैनाथी जग्गालाई निजी गुठी भनी दूषित मनसाय लिई राजगुठीको सम्पत्तिलाई हात पार्नकै निमित्त दाबी लिएको देखिन्छ। तसर्थ माथि उल्लेख गरेअनुसार यस संस्थानको कुनै पनि कार्यबाट रिट निवेदकको संवैधानिक तथा कानूनी हकमा आघात नपरेको र यस गुठी संस्थानलाई प्रत्यर्थी बनाई रिट निवेदन दिनु पर्ने औचित्यसमेत नहुँदा रिट निवेदन खारेज गरी झुठा दाबीबाट फुर्सद दिलाई राजगुठीको सम्पत्तिलाई संरक्षण गरिपाउँ भन्ने विपक्षीहरू गुठी संस्थान केन्द्रीय कार्यालय, काठमाडौंको र मालपोत कार्यालय, तनहुँको छुट्टाछुट्टै लिखित जवाफ देखिन आउने।

निवेदक आनन्दराज शाहीले सर्वोच्च अदालतबाट मिति २०२६।३।१० मा भएको फैसलाबमोजिमको जग्गा दा.खा. गरिपाउँ भनी मिति २०५४।१२।३१ मा दिएको निवेदन हालसम्म कुनै कारबाही नभएकोले तामेलीमा रहेको मिसिल जगाई

तनहुँ जिल्ला भिमाद गा.वि.स. वडा नं. २(ग) कि.नं. ४७, ४८, ४९, ५०, ५१, ५२, ५३ का जग्गाहरू म निवेदकको नाममा दा.खा. गरी पाउन फैसलाअनुसारको कारबाही प्रक्रिया अगाडि बढाई पाउँ भनी मालपोत कार्यालयमा २०६६ सालमा निवेदन दिएको देखिने।

पुनरावेदक / वादी जिं. जुक्तराज शाही विपक्षी / प्रतिवादी सुर्जे रत्न नेवारसमेत भएको गुठीको आयस्ता दिएन दिलाई पाउँ भन्ने मुद्दामा यस अदालतबाट मिति २०२६।०३।१० मा उक्त जग्गा हक बेहक गरी गरेको माल र गोश्वाराको फैसला बदर हुने ठहरी फैसला भएको देखियो । निवेदकको उक्त मिति २०५४।१२।३१ मा दिएको निवेदनउपर मालपोत कार्यालयबाट हालसम्म पनि कुनै कारबाही प्रक्रिया अगाडि बढाएको नदेखिने।

अतः निवेदकले मिति २०६६।०९।२७ मा तामेलीमा रहेको मिसिल जगाई फैसलाअनुसारको कारबाही अगाडि बढाई पाउँ भनी दिएको निवेदनमा विपक्षी मालपोत कार्यालय, तनहुँमा द.नं. ८२४३ मिति २०५४।१२।३१ मा दा.खा. दर्ता गरिपाउँ भनी दिएकोमा हालसम्म कार्यान्वयन नभएको भनी उल्लेख भएको र विपक्षी मालपोत कार्यालय, तनहुँको लिखित जवाफबाट यी निवेदकले दिएको उल्लिखित निवेदनहरूउपर के कारबाही भएको छ, सो सम्बन्धमा केही उल्लेख नै नभएको देखिएकोले निवेदकले दिएको जग्गा दर्तासम्बन्धी निवेदनउपर कानूनबमोजिम जे, जो बुझ्नु पर्ने हो बुझी निवेदनको टुङ्गो लगाउनु भनी विपक्षी मालपोत कार्यालय, तनहुँको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-WO-०५५२, उत्प्रेषण, कोमलनाथ *आत्रेय वि. बढुवा सिफारिस समिति, नेपाल विद्युत् प्राधिकरण कार्यालय, काठमाडौंसमेत*

निवेदकले त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानबाट सञ्चालित M.Sc. in Information and Communication Engineering कार्यक्रमबाट २०६२ सालमा स्नातकोत्तर तहको उपाधि प्राप्त गरेको सन्दर्भमा हेर्दा, त्रि.वि.वि. इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पस, इलेक्ट्रोनिक्स तथा कम्प्युटर इन्जिनियरिङ विभागबाट निवेदक कोमलनाथ आत्रेयले अध्ययन गरेको शोधकार्य (Thesis Work) Analysis on Performance Implementation Issues of TOD Meter (Time-of-day) इलेक्ट्रिकल इन्जिनियरिङसँग समेत सम्बन्धित विषय रहेको भनी उक्त अध्ययन संस्थानको मिति २०६९।११।१६ को पत्रबाट देखिन्छ । यसरी निवेदकको बढुवा हुने सेवा समूहसँग सम्बन्धित विषयमा निवेदकले अध्ययन गरेको स्नातकोत्तर तहको शैक्षिक उपाधिलाई सेवा समूहसँग सम्बन्धित शैक्षिक योग्यता होइन भन्ने विपक्षीहरूको लिखित जवाफ तर्कसङ्गत र उपयुक्त नदेखिने।

रिट निवेदक विपक्षी नेपाल विद्युत् प्राधिकरण बढुवा सिफारिस समितिको मिति २०७१।८।१६ को सिफारिस तथा मिति २०७१।९।१८ को निर्णयअनुसार प्राविधिक सेवा, इलेक्ट्रिकल समूहको तह ८ सहायक प्रबन्धक (इलेक्ट्रिकल) पदमा जेष्ठताको हकमा बढुवा सिफारिस समितिको निर्णय मिति २०७१।०८।१६ देखि र तलब भत्ताको हकमा कार्यभार सम्हालेको मितिदेखि लागू हुने गरी बढुवा गरी उत्पादन निर्देशनालयअन्तर्गत उत्पादन विकास विभागमा पदस्थापन गरिएको नेपाल विद्युत् प्राधिकरणको च.नं. ७२०४ मिति २०७१।९।१८ को पत्रबाट देखिन्छ। यी निवेदक इलेक्ट्रिकल समूहको तह ८ सहायक प्रबन्धक (इलेक्ट्रिकल) पदमा बढुवा भइसकेको देखिएकोले

निवेदन माग दाबीबमोजिम आदेश जारी गरी रहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : लोकबहादुर हमाल

कम्प्युटर : मञ्जु खड्का

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-WO-०२८८, उत्प्रेषण, नवल किशोर यादव वि. लुम्बिनी विकास कोष, प्रधान कार्यालय, लुम्बिनी, रूपन्देहीसमेत

निवेदक विपक्षी लुम्बिनी विकास कोष पदपूर्ति समितिको मिति २०७३।९।४ को निर्णयअनुसार सोही मितिबाट लागू हुने गरी लुम्बिनी विकास कोष कर्मचारी सेवा, सर्त तथा सुविधासम्बन्धी विनियमावली, २०५८ (प्रथम संशोधन २०६४) को ४.२३क र ४.२३ख मा विशेष बढुवाको व्यवस्था भएबमोजिम बढुवा हुनुभएको र ऐ.ऐ. विनियमावलीको ३.२१ अनुसार कार्यकारिणी समितिबाट मिति २०७३।१०।०६ मा अनुमोदन भएको भन्ने निवेदकले पेस गरेको लुम्बिनी विकास कोषको च.नं. ७९ मिति २०७३।१०।१० को पत्रबाट देखिन्छ । यी निवेदक कम्प्युटर अधिकृत (विशेष) प्राविधिक पदमा बढुवा भइसकेको देखिएको र विनियमावलीबमोजिम निवेदकको स्थायी सेवा अवधि नपुगेको कारणबाट निजलाई अधिकृतको बढुवामा समावेश नगराइएको देखिएकोले रिट निवेदकको मागदाबीको सम्बन्धमा अब आदेश जारी गर्न निरर्थक हुने हुँदा निवेदन मागदाबीबमोजिम आदेश जारी गरी रहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०८१५, जबरजस्ती करणी, रामबहादुर गुरूङ वि. नेपाल सरकार

प्रतिवादी रामबहादुर गुरूङले अनुसन्धान अधिकारी तथा सुरू अदालतमा आरोपित कसुरमा इन्कार रहेको र निजको इन्कारी बयान समर्थन गरी निजको साक्षी टर्जन गुरूङ र माया तमु गुरूङले बकपत्र गरेको देखिए पनि पीडित २०६८ एस बसौलाले मौकामा कागज गर्दा मिति २०६८।८।२९ गते साँझ निज आफू भएको भान्सा कोठामा आई मलाई समाती मैले लगाएको कट्टु खोली भुइँमा सुताई करणी गरेका हुन् । मेरो योनिभित्र निजले लिङ्ग छिराएका हुन् । म रून कराउन लाग्दा मेरो मुख हातले बन्द गरेका थिए । निजले करणी गर्दै रहेको अवस्थामा घरबाहिर दाजु आमा बोलेको सुनेपछि निज उठी आफ्नो कपडा लगाउँदै भागेका हुन् । त्यसपछि आमाले तातोपानी तताई मलाई नुहाई दिई तेल तताई योनिमा राखिदिनु भएको हुँदा दुख्न कम भएको हो भन्नेसमेत अनुसन्धानको क्रममा व्यक्त गरेको आफ्नो भनाइलाई समर्थन गर्दै आफूलाई निज प्रतिवादीले जबरजस्ती करणी गरेका हुन् भनी बकपत्र गरेको देखिन्छ। मौकामा जाहेरी दिने जाहेरवालाको बकपत्र र मौकामा बुझिएका मानिसहरू रमेशचन्द्र हडखले, भगवती हडखले समेतले मौकामा भएको कागजलाई समर्थन गरी गरिदिएको बकपत्रसमेतले प्रतिवादीको इन्कारी बयान खण्डित भएको पाइन्छ । पीडित नाबालिकाले झुट्टा दोष लगाउनु पर्नेसम्मको पत्यारलाग्दो आधार कारण प्रतिवादीले खुलाउन सकेको नपाइने।

प्रस्तुत मुद्दामा पीडित बालिकाको उमेर १२ वर्षको भन्ने देखिन्छ । तसर्थ, प्रतिवादी रामबहादुर गुरूङले जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १०(दश) वर्ष कैद र पीडितलाई रू.१,००,०००।- (एक लाख) क्षतिपूर्ति भराउने गरी भएको सुरू तनहुँ जिल्ला

अदालतबाट मिति २०७०।५।१६ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।३।३ मा भएको फैसला मनासिब नै देखिन आउने।

अतः विवेचित आधार र कारणहरू समेतबाट प्रतिवादी रामबहादुर गुरूङलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. १० (दश) वर्ष कैद सजाय गरी निजबाट ऐ. महलको १० नं. बमोजिम रू.१,००,०००।- (एक लाख) पीडितलाई क्षतिपूर्ति भराइदिने ठहऱ्याएको सुरू तनहुँ जिल्ला अदालतको मिति २०७०।५।१६ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०७१।३।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: मञ्जु खड्का
इति संवत् २०७४ साल जेठ ७ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-MS-००२०, अवहेलना, *अन्जला श्रेष्ठ वि. काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकसमेत*

विपक्षीहरू काठमाडौं विश्वविद्यालयसमेतले आदेश कार्यान्वयननको सिलसिलामा सम्मानित अदालतको अनादर हुने, यसको गरिमामा ठेस पुग्ने र पुऱ्याउने गरी हामीबाट जानी जानी कुनै काम भए गरेको छैन । अन्तरिम आदेशको कार्यान्वयन गर्ने पुनित उद्देश्यसहित हामीबाट भएका काममा अन्तरिम आदेशविपरीत सम्मानित अदालतको अनादर हुन सक्ने प्रति हामी सजग र सतर्क छौँ। हामीले त्यस आदेशको भावना र मर्मलाई आत्मसात गरेका छौं भन्ने लागेको छ र आदेशअनुरूप भएको काममा हामीबाट कुनै गल्ती गरेको भन्ने हामीलाई लागेको छैन । स्वच्छ भावनाले आदेशको पालन गर्दागर्दै नजानी कुनै त्रुटि हुन पुगेको भए हामी क्षमाप्रार्थी छौं । सम्मानित अदालतको अन्तरिम आदेशलाई शिरोधार्य गरेर यस विश्वविद्यालयले आदेशको कार्यान्वयन गरेको छ भन्ने विश्वास सम्मानित अदालतलाई दिलाउन चाहन्छौं भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएकोले निवेदकको माग दाबीअनुसार विपक्षीहरूलाई अदालतको अवहेलनामा सजाय गरिपाउँ भन्ने निवेदन मागदाबी पुग्न नसक्ने।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: मञ्जु खड्का
इति संवत् २०७३ साल माघ ४ गते रोज १ शुभम्।

## इजलास नं. ७

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-०७५१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामेश्वर महतो विरबहादुर कामी*

स्वयम् प्रतिवादी वीरबहादुर कामीले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष बयान गर्दासमेत आफूले प्रहार गरेको काठको दाबिलोको चोटबाट मृतक खड्कबहादुरको मृत्यु भएको कुरालाई स्वीकार गरेको देखिन्छ । जाहेरवालाले मृतक खड्कबहादुर कामीलाई प्रतिवादी वीरबहादुर कामीले भात चलाउने दाबिलोले टाउकोसमेतमा हान्दा सोही चोटबाट निजको मृत्यु भएको हो भनी जाहेरी बेहोरा समर्थन गरी बकपत्र गरेको देखिन्छ। प्रतिवादीले भात पकाउने दाविलाले टाउकोमा हिर्काएको कारण मृतक खड्कबहादुरको मृत्यु भएको हो भनी भुवन सिं कामीले मौकामा गरेको कागजलाई समर्थन गरी अदालतमा समेत बकपत्र गरेको देखिन्छ। भात चलाउने काठको दाबिलो बरामद भई सोलाई प्रतिवादीले सनाखत गरिदिएसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादी वीरबहादुर कामीले भात चलाउने काठको दाबिलोले मृतकको टाउकोसमेतमा प्रहार गरेको चोटबाट मृतक

खड्कबहादुरको मृत्यु भएको कुरा निर्विवाद रूपमा पुष्टि हुन आउने।

मृतक तथा प्रतिवादी विवाह उत्सवमा रक्सी सेवन गरी नसामा रहेको, दुवै साख्खै दाजुभाइ रहेका, दुवैबीच पूर्वरिसइवी नरहेको तत्काल विवाद उठी प्रतिवादी वीरबहादुर कामीले मृतक खड्कबहादुर कामीलाई भात चलाउने काठको दाबिलोले प्रहार गरेको चोटबाट मृतक तत्कालै मरेको कुरा पुष्टि भएको देखिन आयो। ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुर कायम गरी सजाय गर्नको लागी पूर्वरिसइवी रहेको, ज्यान मार्न पूर्वतयारी योजना रहेको र जोखिमी हतियारले प्रहार गरेकोजस्ता तत्त्वहरू रहेको कुरा निर्विवाद पुष्टि हुनुपर्नेमा विवाह समारोहमा विवाद भई तत्काल उठेको रिसका कारण आफ्नो सहोदर भाइलाई घटनास्थलमै रहेको काठको दाबिलोले प्रहार गर्दा तत्कालै डम्बरहादुरको मृत्यु भएको कुरा मिसिल प्रमाणबाट देखिएको अवस्थामा प्रतिवादी वीरबहादुर कामीबाट भएको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं मा उल्लिखित कानूनी व्यवस्थाले समेट्न सक्ने प्रकृतिको नभई ज्यानसम्बन्धीको १४ नं. मा वर्णित व्यवस्था अनुरूपकै देखिँदा निजलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

अतः विवेचित आधार कारणबाट प्रतिवादी वीरबहादुर कामीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहर गरी भएको सुरू दैलेख जिल्ला अदालतको मिति २०७१।८।८ को फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७२।२।३२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल भदौ २१ गते रोज ४ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-CI-००९४, निर्णय बदर हक कायम, *अनिलकुमार पाण्डे वि. गोविन्दबहादुर चिपालु*

तेरो मेरोको प्रश्न खडा भएको विवादित जग्गा पुनरावेदन अदालत, पाटनको मिति २०५६।११।१६ को फैसलाअनुसार हक बेहक कायम गरी ल्याउनु भनी दुवै पक्षलाई सुनाउनु पर्नेमा नसुनाई अदालतको फैसलाको मर्मविपरीत मालपोत कार्यालय, ललितपुरले एकतर्फी रूपमा प्रतिवादी अनिलकुमार पाण्डेका नाउँमा दर्ता गर्ने गरी मिति २०६१।१२।८ मा निर्णय गरेको देखिँदा सो निर्णय स्वतः दूषित भई बदर हुने देखिन आउने।

मालपोत कार्यालयको दूषित निर्णयले सिर्जना गरेको बाध्यतावश हक कायमतर्फ गरेको फिरादको आधारलाई मात्र अदालतमा प्रवेश गरिसकेको भनी सम्झन मिलेन। दूषित निर्णयबाट सिर्जित अन्य सम्पूर्ण कामकारबाही दूषित नै हुने हुँदा मालपोत कार्यालयको मिति २०६१।१२।०८ को निर्णय बदर गर्नेसमेत ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

पुनरावेदन सुन्ने अदालतले न्याय प्रशासन ऐन, २०४८ को दफा १४(ग) मा उल्लिखित अधिकार तल्लो अदालत, निकाय वा अधिकारीले मुद्दामा ठहर्‍याउनु पर्ने प्रश्नसँग सम्बन्धित प्रमाणहरू बुझ्न छुटाएको अवस्थामा आकर्षित हुने देखिन्छ भने उक्त दफा १४(घ) तल्लो अदालत, निकाय वा अधिकारीले मुद्दामा निर्णय गर्नुपर्ने केही प्रश्नहरूमा निर्णय नगरेको अवस्थामा पुनः निर्णय गर्नु भनी तल्लो अदालत, निकाय वा अधिकारी कहाँ पठाउने सन्दर्भमा आकर्षित

हुने देखिने।

मालपोत कार्यालय, ललितपुरले विवादित जग्गा दर्ता गर्ने सम्बन्धमा सम्बन्धित प्रमाणहरू बुझ्न छुटाएको अवस्था नभई विवादित जग्गामा तेरो मेरो को विवाद भई हकबेहकको प्रश्न खडा भएको अवस्था विद्यमान रहेको देखिन्छ। यसरी हकबेहकको प्रश्न खडा भएको अवस्थामा पुनरावेदन अदालत, पाटनबाट मिति २०५६।११।१६ मा हकबेहकमा सुनाउनु भनी भएको फैसलाअनुसार मालपोत कार्यालय, ललितपुरले हकबेहक कायम गरी ल्याउनु भनी दुवै पक्षलाई सुनाउनु पर्नेमा नसुनाई विवादित जग्गामा दाबी गर्ने एउटा पक्षको नाममा दर्ता गरिदिने निर्णय गरेको अवस्था विद्यमान हुँदा मालपोत कार्यालय, ललितपुरको निर्णय बदर गरी हक बेहकतर्फ सुनाउनु भनी पुनः निर्णयका लागि मालपोत कार्यालय, ललितपुरमा पठाउने गरी भएको पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मनासिब नै देखिने।

अतः विवेचित तथ्य, आधार र कारणसमेतबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६५।११।५ मा भएको फैसला उल्टी भई मालपोत कार्यालय, ललितपुरको निर्णय बदर गरी हकबेहकमा सुनाउनुसमेत भनी मालपोत कार्यालय, ललितपुरमा पठाइदिने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।३।१० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: भगवती शर्मा ढुंगाना

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल कात्तिक १९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४-CR-०६६५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुरजकुमार परियार*

जाहेरवालाले मौकामा जाहेरी दिँदा प्रतिवादी सुरजकुमार परियारले मृतकलाई कुटपिट गरेको भनी किटानी जाहेरी दिए पनि अदालतसमक्ष बकपत्र गर्दा मृतकलाई प्रतिवादी सुरजकुमार परियारले कुटपिट गरेको भनी किटानी बकपत्र नगरी गोरखबहादुर के.सी. र रातो कामीले भनेअनुसार यी प्रतिवादी सुरजकुमार परियारले मृतकको हात समाउने कार्य गरेको सुनी थाहा भएको भनी बेहोरा उल्लेख गरेको पाइयो। यसबाट जाहेरवालाले प्रतिवादी सुरजकुमार परियारउपर घटनाबारे आफूले देखी जानी किटानी रूपमा जाहेरी दिएको नभई अरूले भनेअनुसार जाहेरी दिएको देखियो। यसरी जाहेरवालाको मौकाको जाहेरी बेहोरा र निजको अदालतसमक्षको बकपत्र बेहोरा एक आपसमा बाझिएको देखिन आउने।

चश्मदिद भनिएका गोरखबहादुर के.सी. ले अदालतसमक्ष बकपत्र गर्दा घटनाबारे देखेका भनिएका व्यक्ति डण्डे वलीले मौकामा कागज गर्दा मिति २०७०।८।२ गते साँझ म आदर्श मा.वि.मा थिएँ। नेत्र वली, रातो कामी, सन्देश भन्ने गोरखबहादुर के.सी. समेत आई रहेको वडा केन्द्रको एजेन्ट कार्ड छोडी नेत्र वलीसमेत एजेन्ट कार्ड लिई घेत्मा प्रा.लि.मा पुऱ्याउन जाँदा बाटोमा बसेका कर्णबहादुर मल्ल, निर्मल मल्ल, शशिराम नेपाली, सुरज परियार, पहलसिंह परियारलगायतका मानिसले ढुङ्गा मुढा गर्दा नेत्रबहादुर वली, कर्णबहादुर नेपाली, धनबहादुर वि.क., नन्दराम सुनार घाइते भएका भनी बेहोरा लेखाएको पाइने।

डण्ड वलीले गोरखबहादुर के.सी.ले भने जस्तो सुरज परियारसमेतले मृतकलाई समातेको भनी बेहोरा उल्लेख नगरी निज प्रतिवादी सुरज परियारसमेतले ढुङ्गा मुढा प्रहार गरेको भनि उल्लेख गरेबाट दुवैजनाको भनाइ एकआपसमा मिलेको देखिएन। साथै डण्ड वलीले मौकामा गरेको कागजलाई अदालतमा आई बकपत्र गरी पुष्टि गर्नसमेत सकेको पाइएन भने गोरखबहादुर के.सी.ले अदालतसमक्ष

बकपत्र गर्दा घटनाबारे देखेका भनिएका अन्य व्यक्तिहरू ध्रुव के.सी., मनिराज वटाला, धनबहादुर वि.क.को मौकाको कागजसमेत भएको नपाइने।

घटना विवरण कागज गर्ने रातो कामीले मौकामा कागज गर्दा कर्णबहादुर मल्ल र निर्मल मल्लले ढुङ्गा मुढा गरी नेत्रबहादुर वलीलाई कुटपिट गरी सख्त घाइते बनाएको भनी बेहोरा लेखाएको देखियो भने अदालतसमक्ष सुरजकुमार परियार र निर्मल प्रकाश मल्लले मृतक नेत्रबहादुर ओलीको हात समाती दिए अन्य प्रतिवादीहरूले बाँसको लाठीले मृतकको टाउकोलगायतको भागमा हानेका हुन् भनी मौकामा गरेको कागज बेहोराभन्दा भिन्न बेहोराको बकपत्र गरेको देखियो। यसबाट जाहेरी दर्खास्तलगायतका यी प्रतिवादी सुरजकुमार परियार विरूद्धका अन्य प्रमाण कागजातहरू वस्तुनिष्ट प्रमाणद्वारा पुष्टि हुन आएको नदेखिने।

कर्तव्य ज्यान जस्तो गम्भीर कसुरमा वस्तुनिष्ठ एवं ठोस प्रमाणको अभावमा मौकामा कागज गर्ने व्यक्ति जाहेरवाला एवं चश्मदिद व्यक्तिहरूको भनाइको आधारमा प्रतिवादीलाई दोषी ठहऱ्याउन उनीहरूको भनाइ वारदात र कसुरसँग मालाकार रूपमा जोडिने गरी उनीहरूको मौकाको भनाइ एवं अदालतमा गरेको बकपत्र बीचमा गम्भीर विरोधाभाषको अवस्था रहेको हुन नहुने।

मिति २०७०।८।२ गते म घटनास्थलमा नभएकोले मृतक नेत्रबहादुर वली के कसरी घाइते भए, म घटनामा संलग्न छैन भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष कसुरमा इन्कारी रही बयान गरेको पाइन्छ। प्रतिवादीका साक्षी हरिवोल भारती, विनोद पुन, गणेश मल्लले समेत प्रतिवादीको इन्कारी बयानलाई समर्थन गरी अदालतसमक्ष बकपत्र गरेको पाइयो। त्यसैगरी बरामदी मुचुल्काका मानिस नवराज परियारले अदालतमा बकपत्र गर्दा प्रतिवादीले मृतकलाई कुटपिट गरे भनिएको बेहोरा झुठा हो भनी तथा अर्का मौकामा कागज गर्ने कर्णबहादुर नेपालीले प्रस्तुत घटनामा यी प्रतिवादीको संलग्नता थियो भनी नाम किटानी गरी कागज बेहोरा नगरेको र अदालतसमक्ष उपस्थित भई बकपत्रसमेत नगरेबाट प्रतिवादीको इन्कारी बयान पुष्टि हुन आउने।

अतः प्रतिवादी सुरजकुमार परियारलाई सफाइ दिने गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७३।११।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदीपकुमार भट्टराई
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७५ साल पुस १८ गते रोज ४ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-१२९५, अपहरण गरी कुटपिट गरेको, *नेपाल सरकार वि. कृष्णबहादुर डाँगीसमेत*

प्रतिवादीमध्येको आनन्द शर्माको हकमा अभियोग दाबीबमोजिम कसुर ठहर भएकोले सोको हकमा पुनरावेदन जिकिर नरहेको हुँदा निजको हकमा थप तथ्यगत विवेचना गर्नुपर्ने अवस्था देखिएन। यी प्रतिवादी आनन्द शर्माको बाहेकका अन्य प्रतिवादीहरूको संलग्नता रहे नरहेको सम्बन्धमा विचार गर्दा प्रतिवादी कृष्णबहादुर डाँगी र तेजबहादुर खत्रीले प्रस्तुत वारदातमा मेरो संलग्नता छैन भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिन्छ भने यी प्रतिवादीहरूलगायत नरबहादुर डाँगी र भेगबहादुर खत्रीसमेतले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। त्यसैगरी, वारदातमा बुझिएका मानिस

चन्द्रबहादुर घर्तीले अदालतमा बकपत्र गर्दा प्रतिवादी नरबहादुर डाँगी, कृष्णबहादुर डाँगी, तेजबहादुर खत्री, भेगबहादुर भन्ने भीकबहादुर खत्रीसमेत ४ जनाले पीडितलाई अपहरण गरी कुटपिट गरेको होइन भनी उल्लेख गरेको देखिन्छ । वारदातका पीडितसमेतले पनि यी प्रतिवादीहरू कृष्णबहादुरसमेत ४ जनाले नै निज गंगबहादुर वलीलाई अपहरण गरेको यकिन तथ्य खुलाउन सकेको देखिँदैन । स्वयम् पीडित गंगबहादुर वलीले बकपत्र गर्दा प्रतिवादीहरू नरबहादुर डाँगी, कृष्णबहादुर डाँगी, तेजबहादुर खत्री, भेगबहादुर खत्रीलाई शङ्काले जाहेरी दिएको भन्ने उल्लेख भएको पाइने ।

प्रतिवादीहरूको आरोपित कसुरमा संलग्न रहेको भनी पुष्टि हुने खालका अन्य कुनै ठोस सबुद प्रमाण वादीको तर्फबाट पेस हुन सकेको देखिँदैन । यसरी अभियुक्तउपरको कसुर शङ्का रहित तवरले प्रमाणित हुने गरी वादी पक्षले प्रमाण पेस गर्न नसकेको अवस्थामा कसैलाई पनि केवल शङ्का र अनुमानको आधारमा दोषी ठहर गर्नु फौजदारी न्यायको मान्यताविपरीत हुन जान्छ । यसमा यी प्रत्यर्थी / प्रतिवादीहरूको हकमा वादी पक्षबाट कसुर प्रमाणित हुन सक्ने युक्तियुक्त सबुद प्रमाण पेस हुन सकेको नदेखिँदा शङ्काको भरमा दिएको जाहेरी र सोका आधारमा वादी पक्षले अभियोग लगाएको आधारमा मात्र यी प्रतिवादीहरू कृष्णबहादुर डाँगी, तेजबहादुर खत्री, नरबहादुर डाँगी र भेगबहादुर भन्ने भीकबहादुर खत्रीलाई कसुरदार कायम गरी सजाय गर्न न्यायोचित देखिन नआउने ।

अतः विवेचित तथ्य, प्रमाण र कानूनसमेतबाट प्रत्यर्थी / प्रतिवादी कृष्णबहादुर डाँगी, तेजबहादुर खत्री, नरबहादुर डाँगी र भेगबहादुर भन्ने भीकबहादुर खत्रीको हकमा निजहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई सुर्खेत जिल्ला अदालतबाट मिति २०६७।१०।२४ मा भएको फैसला सो हदसम्म सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६८।९।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल माघ ३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०८९२, लागु औष खैरो हेरोइन, *नेपाल सरकार वि. बृजेशकुमार साह*

वादी नेपाल सरकारले उक्त लागु औषध सेवन र बिक्री वितरणसमेत गर्ने उद्देश्यले ओसारपसार गरेको भनी जिकिर लिएकोले उक्त लागु औषध सेवन गर्न मात्र प्रतिवादीले बोकेको हो वा बिक्री वितरण गर्नसमेतका लागि हो भन्ने सम्बन्धमा विचार गर्नुपर्ने हुन आयो । यस सम्बन्धमा हेर्दा, यी प्रत्यर्थी / प्रतिवादी लागु औषध सेवनकर्ता रहे भएको तथ्य निज स्वयम्ले गरिदिएको बयान, निजका साक्षीले अदालतमा गरिदिएको बकपत्र र निज सेवनकर्ता भई उपचारसमेत गराएको भन्ने MIRACLE FOUNDATION को मिति २०६८।१२।२४ च.नं.१०५ को पत्रबाट समेत पुष्टि हुन आएको छ । निजले अनुसन्धानका क्रममा आफूले सेवन गर्न र बिक्री गर्नसमेत लागु औषध बोकी ल्याएको भने पनि अदालतमा बयान गर्दा भने निजले सेवन गर्न ल्याएको भन्ने कुरालाई स्वीकार गर्दै बिक्री वितरण गर्न ल्याएको भन्ने कुरामा इन्कार रही बयान गरिदिएको पाइयो । निजका साक्षीबाट पनि उक्त कुरा समर्थन भएको देखिने ।

प्रतिवादीले कसैलाई बिक्री गर्न लागेको अवस्थामा पनि उक्त लागु औषध बरामद भएको देखिँदैन र निजले यो यो व्यक्तिलाई बिक्री गर्ने भनेर पनि भन्न सकेको पाइँदैन । मौकामा कागज गर्ने व्यक्तिले यी प्रत्यर्थी / प्रतिवादी लागु औषध बिक्री वितरणसमेत गर्ने व्यक्ति हुन भनी अनुसन्धानका क्रममा उल्लेख गरे पनि निजहरूले अदालतमा आई आफ्नो अनुसन्धानको

बेहोरालाई समर्थन हुने गरी बकपत्र गरिदिएको देखिन आउँदैन। बरामदको काम तामेल गर्ने र प्रतिवेदन दिने प्रहरी कर्मचारीले अदालतमा गरिदिएको बकपत्रबाट केबल बरामद भएको कुरामात्र पुष्टि हुन आएको छ। निजहरूले उक्त लागु औषध बिक्री वितरण गर्नलाई नै ल्याएको भनी भन्न सकेको देखिँदैन । यसरी यी प्रत्यर्थी / प्रतिवादी बृजेशकुमार साहले उक्त लागु औषध खैरो हिरोइन सेवन गर्न ल्याएको भन्ने तथ्य निजको बयान र सो बयानसँग मिल्ने भिड्ने मिसिल संलग्न अन्य प्रमाणहरूबाट पुष्टि हुन जान्छ भने निजले बिक्री वितरण गर्न ल्याएको भन्ने तथ्य कतैबाट पुष्टि हुन सकेको नपाइने।

प्रतिवादीको अनुसन्धानको बिक्री गर्नसमेत ल्याएको भन्ने भनाइ पनि प्रतिवादीको अदालतको बयानलगायत अन्य कुनै प्रमाणहरूबाट पुष्टि हुन आउने देखिन आएन । लागु औषध ६ ग्राम बरामद भएको भए पनि उक्त परिमाण बिक्री गर्नको लागि मात्र रहन सक्ने धेरै ठुलो परिमाण हो भनी मान्न सकिँदैन। एउटा सेवनकर्ताले आफूले धेरै पटक सेवन गर्नका लागि पनि त्यति परिमाण राख्न सक्ने नै हुन्छ। अन्य प्रमाणहरूले बिक्री वितरण गर्न ओसारपसार गरेको भन्ने पुष्टि नभएको अवस्थामा ६ ग्रामको परिमाण बरामद भएको भन्ने आधारमा मात्र बिक्री वितरण गर्न ओसारपसार गरेको भन्नु न्यायोचित नहुने।

अतः विवेचित आधार र प्रमाणहरूबाट यी प्रत्यर्थी / प्रतिवादी बृजेशकुमार साहले लागु औषध खैरो हिरोइन बिक्री वितरण गर्न ओसारपसार गरेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन नसकेकोले निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ दफा १४(१)(छ)(१) नं. बमोजिम ५ वर्ष कैद र रू.१५,०००।- जरिवाना र सेवनतर्फ ऐ.को १४(१)(ङ) नं. बमोजिम १ वर्ष कैद र रू.१०,०००।- जरिवानासमेत हुने ठहऱ्याई सुरू मकवानपुर जिल्ला अदालतबाट मिति २०६९।०३।२१ मा भएको फैसला बिक्री वितरणतर्फ उक्त दफा १४(१)(छ)(१) नं. बमोजिम ५ वर्ष कैद र रू.१५,०००।- जरिवाना गरेको हदसम्म नमिलेकोले उक्त फैसला केही उल्टी गरी निजलाई सेवनतर्फ मात्र ऐ. ऐनको दफा १४(१)(ङ) नं. बमोजिम १ वर्ष कैद र रू.१०,०००।- जरिवाना मात्र हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।४।२९ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल मङ्सिर १२ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१५६१, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. मदन चौधरीसमेत*

प्रतिवादीहरू मदन चौधरी तथा कविन्द्र खडगीले आफूहरू लागु औषध खरिद बिक्री, सञ्चय ओसारपसारमा इन्कारी रही सेवनकर्ता भएको कुरामा साबित भई अदालतमा बयान गरेको देखिएको छ । मिति २०६६।३।९ को बरामदी मुचुल्काबाट प्रतिवादी मदन चौधरीको साथसँगबाट ६ ग्रामको १ पोकासम्म लागु औषध खैरो हेरोइन फेला परेको देखिन्छ। उक्त १ पोकाबाहेक नाप तौल गर्नेजस्ता अन्य कुनै चिज वस्तु बरामद भएको देखिँदैन। यी दुवै प्रतिवादीहरूले के-कुन ठाउँबाट उक्त बरामद लागु औषध खैरो हेरोइन खरिद गरी कुन ठाउँमा भण्डारण गरी को-कसलाई बिक्री गर्ने गरेको भन्ने जस्ता कारोबार स्थापित गर्ने वस्तुनिष्ठ एवम् निश्चयात्मक प्रमाण वादी नेपाल सरकारबाट पेस भएको पनि नदेखिने।

प्रतिवादी मदन चौधरीले जन कल्याण संस्थाद्वारा सञ्चालित Peoples Future Care Center मा र अर्का प्रतिवादी कविन्द्र खडगीले माया नेपाल सुधार केन्द्रमा दुर्व्यसनी भई उपचार गराएको प्रमाण मिसिल संलग्न कागजातबाट देखिएको छ ।

प्रतिवादीहरूको उल्लिखित बयान, बरामद भएको लागु औषधको परिमाण र प्रतिवादीहरूले दुर्व्यसनी भई Peoples Future Care Center र माया नेपाल सुधार केन्द्रमा उपचार गराएको पाइएको अवस्थासमेतबाट यी दुवैजना प्रतिवादीहरू मदन चौधरी र कविन्द्र खडगीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) विपरीत लागु औषध सेवनसम्मको मात्र कसुर गरेको अवस्था देखिने ।

प्रतिवादी मदन चौधरीले आर्थिक फाइदाका लागि कविन्द्र खडगी र विक्रम बोगटीसँग प्रतिग्राम रू.९००।– मा लागु औषध खैरो हेरोइन खरिद गरी लिई प्रतिग्रामको रू.१२००।– का दरले संजय र राजिव कार्कीलाई बिक्री गर्न प्रतिक्षा गरिरहेको अवस्थामा पक्राउ परेको र लागु औषधको कारोबार गर्ने कार्य र सेवन गर्ने कार्य छुट्टाछुट्टै कसुर भएकोले एउटा कसुर अपराध स्वीकार गरी यी प्रतिवादीहरूले बयान गर्दैमा अर्को कसुर गर्दैनन् भन्ने होइन भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । सो सम्बन्धमा विचार गर्दा यी प्रतिवादीहरूले संजय र राजिव कार्कीसँग बिक्री गर्न प्रतिक्षा गरिरहेकै अवस्थामा पक्राउ परेको भनी अनुसन्धानमा लेखाएको भए तापनि अदालतमा आई उक्त तथ्यलाई इन्कार गरेका छन् । अनुसन्धानको बयानकै आधारमा बिक्रीको कारोबारमा यी प्रतिवादीहरूको संलग्नता रहेको भन्ने तथ्य पुष्टि हुन नसक्ने ।

बिक्री वितरण र ओसारपसार एवम् कारोबारको तथ्य आफैँ स्थापित हुने कार्य होइन । बिक्री वितरण र ओसारपसार एवम् कारोबारको कार्य हुन कम से कम खरिद, सञ्चय र बिक्री गर्ने जस्ता यी तीनवटै परिस्थितिको संयोजन भएको वस्तुनिष्ठ तवरले पुष्टि हुनुपर्दछ । यस्तो परिस्थिति रहेभएको स्वयम् वादीका साक्षी र प्रतिवेदकहरूको बकपत्रबाट पुष्टि हुन सकेको देखिँदैन । लागु औषध खैरो हेरोइन बरामद हुँदा कुनै नाप तौलका सामग्रीहरू बरामद भएको अवस्था पनि देखिएको छैन । प्रतिवादीहरूले एक अर्कालाई पोल गर्दा सेवन गर्ने गरेको र दुर्व्यसनी रहेको प्रस्ट देखिने ।

अतः विवेचित तथ्य, आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादीहरू मदन चौधरी तथा कविन्द्र खडगीले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) विपरीत लागु औषध सेवनसम्मको कसुर अपराध गरेको देखिन आएकोले सोही ऐनको दफा १४(१)(ङ) अनुसार प्रतिवादीमध्ये मदन चौधरीलाई एक वर्ष कैद र अर्को प्रतिवादी कविन्द्र खडगीलाई सोही नं. अनुसार सात महिना कैद हुने र सोबाहेक अन्य दाबीतर्फ अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।६।३ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।५।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: मन्दिरा रानाभाट

इति सवत् २०७४ साल फागुन २२ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-०८९६, ०७३-CR-०८९७, लागु औष (चरेस), *राज पुन वि. नेपाल सरकार र खिमबहादुर डाँगी वि. नेपाल सरकार*

कुनै पनि फौजदारी मुद्दाको अनुसन्धान गरी अभियोग पुष्टि गर्ने क्रममा जाहेरी दरखास्तको महत्त्वपूर्ण भूमिका रहन्छ । जाहेरी दरखास्तमा लेखिएका कुराहरूलाई आधार बनाई अपराधको अनुसन्धानकर्ताले अपराधको सम्बन्धमा महत्त्वपूर्ण सूचना सङ्कलन गरी सम्भाव्य अपराधीको पहिचान गर्न र अपराध पुष्टि गर्न सक्तछ । सोही क्रममा त्यस्तो जाहेरीलाई अभियोग प्रमाणित गर्ने महत्त्वपूर्ण प्रमाण मानिन्छ । तर त्यो नै एक मात्र प्रमाण भने हुँदैन । जाहेरी दर्खास्तलाई अभियोग लगाइएको कुनै पनि व्यक्तिका विरूद्ध प्रमाणको रूपमा ग्रहण गर्नुपूर्व सो जाहेरी

दरखास्तको न्यायिक परीक्षण त्यत्तिकै आवश्यक हुन्छ । प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम त्यस्तो जाहेरी दिने व्यक्ति स्वयम् साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थिति विद्यमान हुनुपर्दछ । अन्यथा कुनै पनि जाहेरीको बेहोराले अपराध पुष्टि गर्ने प्रामाणिक महत्त्व ग्रहण गर्न सक्ने देखिँदैन । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा प्र.ह. रामबहादुर चन्दसमेतको प्रतिवेदन जाहेरीले प्रस्तुत मुद्दाको उठान भएको र यी प्रतिवादी हरि भन्ने राज पुन र खिमबहादुर डाँगीको नाम किटानी रूपमा जाहेरीमा उल्लेख गर्न सकेको देखिँदैन । जाहेरवालालाई अभियोजन पक्षले साक्षीको रूपमा अदालतमा उपस्थित गराई जाहेरी दरखास्तमा लेखिएको कुरालाई समर्थन गराउन सकेको अवस्था पनि नदेखिने ।

प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा बरामदी मुचुल्कामा उल्लिखित लागु औषध चरेस यी प्रतिवादीहरूका साथबाट बरामद भएको देखिँदैन । बरामदी लागु औषध चरेस यी प्रतिवादीहरूको घरबाट समेत बरामद भएको पनि देखिँदैन । यसरी बरामदी लागु औषध चरेस यी प्रतिवादीहरूको साथबाट बरामद नभएपछि लागु औषध (नियन्त्रण) ऐन, २०३३ दफा १२ को कानूनी व्यवस्था यी प्रतिवादीहरूको विरूद्धमा आकर्षित हुने देखिन आएन । यस्तो अवस्थामा फौजदारी मुद्दामा प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग दाबी प्रमाणित गर्ने भार वादी नेपाल सरकारको नै हुने भएको र प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूउपरको अभियोग दाबी खम्बीर हुने प्रमाण वादी पक्षले गुजार्न नसकेबाट सहअभियुक्तको पोलका आधारमा मात्र दोषी ठहर गर्न नमिल्ने हुँदा यी प्रतिवादी हरि भन्ने राज पुन र हिमाल भन्ने खिमबहादुर डाँगीलाई अभियोग दाबीबमोजिम लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (क) को कसुरमा ऐ.ऐनको दफा १४(१)(घ)(४) बमोजिम जनही १ (एक) वर्ष कैद सजाय रू.५,०००।- (पाँच हजार) जरिवानासमेत हुने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७३।२।३१ गतेको फैसला मिलेको नदेखिने ।

तसर्थ विवेचित आधार प्रमाणहरूबाट यी प्रतिवादीहरूलाई जनही १ (एक) वर्ष ६ (छ) महिना कैद हुने गरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७२।०३।२८ मा भएको फैसला केही उल्टी भई प्रतिवादीहरू हिमाल भन्ने खिमबहादुर डाँगी र हरि भन्ने राज पुनलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ (क) को कसुरमा ऐ.ऐनको दफा १४(१)(घ)(४) बमोजिम जनही १ (एक) वर्ष कैद र रू.५,०००।- (पाँच हजार) जरिवानासमेत हुने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७३।२।३१ गतेको फैसला यी पुनरावेदक / प्रतिवादीको हकमा त्रुटिपूर्ण हुँदा उल्टी भई प्रतिवादी हिमाल भन्ने खिमबहादुर डाँगी र हरि भन्ने राज पुनले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी / अर्जुन पोखरेल

इति संवत् २०७४ साल फागुन २२ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६७-CI-०७१४ र ०६८-CI-०१३२, अंश दर्ता, *महादेव यादवसमेत वि. महावीर यादव र महावीर यादव वि. सागैरदेवी यादवसमेत*

वादीले पेस गरेको मिति २०६२।६।६ को तायदाती फाँटवारीमा प्रतिवादीमध्येकी सागैरदेवीको नाममा रहेको विभिन्न कित्ता जग्गा र घरसमेत आफ्नो पनि अंश लाग्ने भनी वादीले मुख्य दाबी जिकिर लिएको देखिन्छ । यी प्रतिवादी वादीको भाइबुहारी नाताको व्यक्ति भएको र निजले उक्त तायदातीमा उल्लिखित

कि.नं. १६३ को जग्गा आफ्ना बुबा बृजलाल यादवबाट मिति २०३८।०३।३० मा हालैको बकसपत्रबाट प्राप्त गरेको मिसिल संलग्न प्रमाणबाट देखिन्छ। राजीनामाको र बकसपत्रको बेहोराबाट लिनुदिनु भएको जग्गामा सोही लिखतमा उल्लेख भएको बेहोरालाई मान्यता दिनुपर्ने हुन्छ । लिखतमा लेखिएको बेहोरा अन्यथा नभएसम्म सोही लिखतको बेहोराले मान्यता प्राप्त गर्दछ । नाता सम्बन्धका कारणले मात्र लिखतमा लेखिएको बेहोराविपरीत अनुमानका भरमा अन्यथा भएको मान्नु न्यायसङ्गत हुने देखिँदैन । प्रस्तुत विवादमा बृजलाल यादवले छोरी सागैरदेवीलाई बकसपत्र लेखी दिएको कि.नं.१६३ नं. को जग्गा वादी प्रतिवादीको सगोलको सम्पत्तिबाट खरिद गरी बृजलालका नाममा पारित गरी लिएको र सोही जग्गा छोरी सागैरदेवीलाई बकसपत्र गरिदिएको हो भन्ने तथ्ययुक्त प्रमाणबाट पुष्टि भएको भन्ने देखिँदैन। बाबुले छोरीलाई रिझाएबापत बकसपत्र गरिदिएको सम्पत्ति आफ्नो पनि अंश हक लाग्ने सम्पत्ति हो भनी वादीले लिएको दाबी कानूनसम्मत नदेखिने।

अंशियार नै नरहेका दाता बृजलाल यादवको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी मान्न सकिने अवस्था पनि रहेन। वादीले प्रतिवादीको नाममा रहेको सम्पूर्ण जग्गाहरूबाट अंश पाउनुपर्ने भनी दाबी लिएपनि उक्त सम्पत्ति आफूसँगै बसी सगोलको आम्दानीबाट खरिद गरी बढे बढाएको हो भनी पुष्ट्याई दिन सकेको भने पाइँदैन। उक्त बकसपत्र प्राप्त जग्गामा खेती व्यवसाय गरी आफूले अन्य सम्पत्ति जोडेको भन्ने प्रतिवादीको जिकिरलाई अन्यथा हो भन्ने वादीले पुष्ट्याइँ दिन सकेका छैनन् । वादी भारतमा बसेका र प्रतिवादीहरू नेपालमा बसिरहेको देखिँदा सगोलको सम्पत्तिबाट उक्त सम्पत्ति बढे बढाएको नभई प्रतिवादीहरूको कथनअनुसार नै वैवाहिक सम्बन्ध कायम भएपछि मिति २०३८।३।३० मा ससुराबाबु बृजलाल यादवबाट कि.नं. १६३ को जग्गा बकसपत्रबाट प्राप्त गरेपछि मिति २०४६।२।१२, २०५२।९।६, २०५९।१२।२७, २०६०।४।२, २०६०।१०।५ मा अन्य जग्गाहरू किनबेच गरी लिए दिएको तथ्य सुरू मिसिल संलग्न रहेको लिखत प्रमाणका प्रतिलिपि कागजहरूबाट पुष्टि हुने।

प्रतिवादीको प्रतिउत्तर जिकिरलाई हेर्दा तायदाती फाँटवारीमा उल्लिखित कि.नं. १६३ को जग्गा बकसपत्रबाट प्राप्त गरेपछि अन्य सम्पत्ति र जग्गा जोडेको भन्ने देखिन्छ । सो बेहोरालाई निजले सोही जग्गा प्राप्त गरेपछि अन्य जग्गाहरू जोडेको र विभिन्न व्यक्ति तथा संस्थाहरूबाट व्यवसायका लागि ऋण कर्जा लिएको मिसिल संलग्न कागजातहरूले समेत समर्थन गरिरहेको देखिन्छ । वादीले प्रतिवादीको नाममा रहेको सम्पूर्ण जग्गाहरूबाट अंश पाउनुपर्ने दाबी लिए पनि उक्त सम्पत्ति आफूसँगै बसी सगोलको आम्दानीबाट खरिद गरी बढे बढाएको हो भनी पुष्टि गर्न सकेको पाइँदैन । वादीले पैतृक सम्पत्तिको कुनै स्रोत देखाउन सकेको पनि पाइँदैन । बकसपत्रबाट प्रतिवादीमध्येकी सागैरदेवीले जग्गा प्राप्त गरेपश्चात् अन्य सम्पत्तिहरू जोडेको देखिएको छ। अन्य सम्पत्ति जोड्दा उक्त बकसपत्र प्राप्त भएपछि २०५४।५५ सालमा र त्यसपश्चात् घर व्यवहार र व्यवसाय गर्दा कृषि विकास बैंक, जानकी फाइनान्स कम्पनी लिमिटेडलगायत विभिन्न व्यक्तिहरूबाट ऋण कर्जा लिएको भन्नेसमेत देखिन्छ। पुनरावेदक वादी विरूद्ध भारतको मधुवनीमा प्रतिवादी महादेव यादवले वादी महाविर यादव विरूद्ध अंश मुद्दा दायर गरेका र सोही ठाउँमा नै वादीको बसोबास रहेको भन्ने देखिएको छ। पुस्तौनी बसोबास रही नेपाली नागरिक भएको तथ्य स्थापित नभएको अवस्थामा विहावारी भई प्रतिवादी सागैरदेवीसँग सम्बन्ध स्थापित भई निजकै नाममा काम कारोबार गर्दै आएको तथ्य खुल्न आएको छ।

पैतृक सम्पत्तिको स्रोत खुलाउन नसकेको र बसोबास रहेको स्थानको कुनै सम्पत्ति बिक्री गरी यहाँ नेपालमा सो बिक्रीको रकमबाट जग्गा खरिद गरेको भन्ने वादीले खुलाउन नसकेको अवस्थामा आफ्नो आफ्नो गरी खती उपती बेहोर्ने गरी खानु पिउनु गरी व्यवहार चलाएको अवस्थालाई अन्यथा मानी कमाएको धन ऋण अर्कालाई समेत बन्डा हुने गरी निर्णय गर्नु न्यायसङ्गत हुने नदेखिने।

वादी प्रतिवादीले पेस गरेका तायदाती फाँटवारीमा उल्लिखित कि.नं.१६३ को जग्गा प्रतिवादी सागैरदेवीका बाबु बृजलालले पदमलालबाट मिति २०३५।७।२४ को राजीनामाबाट प्राप्त गरी सोही जग्गा रिझबापतमा भनी मिति २०३८।३।३० मा प्रतिवादी सागैरदेवीलाई बकसपत्र पारित गरिदिएको देखियो । निजी तवरले बकसपत्रबाट प्राप्त सम्पत्ति मुलुकी ऐन, अंशबन्डाको १८ नं. ले अंश लाग्ने प्रकृतिको नभई बकस प्राप्त गर्ने व्यक्तिले आफूखुसी गर्न पाउने सम्पत्ति भन्ने देखिन्छ। वादीका बाबु सुन्नर यादवको हकको जग्गा हस्तान्तरण भई सागैरदेवीका बाबु बृजलालका नाममा राखिएको र सोही जग्गा नै बकसपत्र गरिदिएको सगोलककै सम्पत्ति हो भन्ने वादी दाबी रहे पनि सो कुरा पुष्टि हुने सम्बद्ध प्रमाणको अभाव देखिन्छ । त्यसैगरी कि.नं.१७४ र २५२ को जग्गा सागैरदेवीले अन्यत्र हक हस्तान्तरण गरिसकेको हुँदा निजका नाउँमा दर्ता कायम नरहेको भन्ने मालपोत कार्यालयको मिति २०६२।९।१३ को पत्रमा उल्लेख भई आएको मिसिल संलग्न कागजबाट देखिने।

बकसपत्रबाट प्राप्त कि.नं.१६३ र हक हस्तान्तरण भई गइसकेका कि.नं.१७४, २५२ का जग्गा प्रस्तुत मुद्दामा बन्डा हुने सगोलको सम्पत्ति मान्न नसकिने भनी बन्डा नलाग्ने ठहर गरी भएको फैसला मिलेकै देखियो । अन्य माग दाबीका तायदातीमा उल्लिखित कि.नं.१८८, ३०, १३४, २५६ का जग्गाहरूसमेत सगोलको आय आम्दानीबाट खरिद गरिएको भन्ने वादीले पुष्ट्याइँ दिन नसकेको अवस्था र स्थितिमा भारत र नेपालमा अलगअलग बसी घर व्यवहार गरिरहेको परिस्थितिलाई विचार गर्दा बाँकी सम्पत्तिमा समेत बन्डा हुनुपर्छ भन्ने वादी जिकिरलाई समर्थन हुने गरी पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला मिलेको नदेखिँदा उक्त कि.नं. १८८, ३०, १३४, २५६ का जग्गाहरू र कि.नं. १८८ मा बनेको घरसमेतमा महावीर यादव र महादेव यादवको २ खण्ड गरी १ खण्ड अंश पुनरावेदक वादीले पाउने ठहऱ्याई गरेको फैसला सो हदसम्म मिलेको नदेखिने।

तसर्थ पुनरावेदक प्रतिवादी सागैरदेवीले बाबु बृजलालबाट पाएको जग्गालाई सदुपयोग गरी निजी प्रयासले सम्पत्ति जम्मा गरी घर जग्गा खरिद गरेको निजी आर्जनको सम्पत्ति भएकाले अंशियारबीच बन्डा लाग्ने अवस्था नदेखिँदा उक्त कि.नं. १८८, ३०, १३४, २५६ का जग्गाहरू र कि.नं. १८८ मा बनेको घरसमेतमा महावीर यादव र महादेव यादवको २ खण्ड गरी १ खण्ड अंश पुनरावेदक वादीले पाउने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक वादीको दाबी नपुग्ने ठहर्छ । पुनरावेदन अदालतबाट यी पुनरावेदक वादीलाई बन्डा नलाग्ने गरी भएको फैसला सो हदसम्म सदर भई सोसमेत बन्डा लाग्नुपर्छ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-०४५२, बकसपत्र बदर, *महादेव यादव वि. सागैरदेवी यादव*
- ०६९-CR-०२९१ र ०६९-CR-०२९२, जालसाजी, *महादेव यादव वि. सागैरदेवी यादव र सागैरदेवी वि. महावीर यादव*

## इजलास नं. १०

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-०६६७, आगलागी, *नेपाल सरकार वि. सरोजकुमार मण्डल*

जाहेरवालालगायत मौकामा कागज गर्ने व्यक्ति राम सागर ठाकुरसमेतले अदालतमा बकपत्र गर्दा गोरूसमेत जली वध भएको सम्बन्धमा फरकफरक तथ्य उल्लेख गरेको देखियो । प्रत्यक्षदर्शी भनिएका रामसागरले एउटा गोरू रोडमा आएर पछारिएर तुरून्तै मरेको हो, अरू ३ वटालाई दवा पानी गर्दागर्दै १५ दिन पछि मरेका भनी लेखाएकोमा अर्का प्रत्यक्षदर्शी भनिएका राजकुमार राय आमातले २ वटा गोरू जलेर मऱ्यो भनी सुरू अदालतमा बकपत्र गरेको देखियो । अभियोग पत्र साथ तस्वीर देखिन्छन् । ती तस्वीरमा यो भैंसी यो गोरू भनी बेहोरा खुलेको देखिँदैन । साथै वस्तु भाउ जलेको भन्ने तथ्य पुष्टि गर्न तत्काल यति थान भैंसी, गोरू, बाच्छा जली नष्ट भएका हुन् र ती शवहरूको अवस्था कस्तो थियो ? कति भाग कति अवस्थासम्म जलेको थियो ? सो सम्बन्धमा घट्नास्थल मुचुल्का पनि भएको देखिँदैन । बाच्छी र अन्य वस्तु भाउ मरेकोमा शव परीक्षण प्रतिवेदन पनि मिसिल संलग्न रहेको देखिँदैन । तथ्य प्रस्ट देखिने कानूनी आधिकारिक लिखतको अभाव देखिन्छ । साथै वादी पक्षले अन्य कुनै भरपर्दो प्रमाण पेस गरेको मिसिल संलग्न नदेखिने ।

जाहेरवालाको गोठ घरमा आगो लगाई गोठघरमा भएका वस्तु भाउ नै जलेको भन्ने अभियोग दाबी पुष्टि हुने वस्तुभाउको शव परीक्षण नै नभएको स्थितिमा सोतर्फको दाबी वस्तुनिष्ठ तवरबाट समर्थित भएको देखिएन । फौजदारी दायित्व संलग्न कसुर शङ्कारहित तवरमा पुष्टि हुनुपर्दछ । प्रस्तुत मुद्दामा शङ्का र अनुमानको अवस्था विद्यमान देखियो । शङ्काको सुविधा प्रतिवादीले पाउने फौजदारी न्यायको मान्य सिद्धान्तलाई हाम्रो अदालतले स्वीकार गरेको देखिन्छ । साथै अनुमानको आधारमा प्रतिवादीलाई गौ वधजस्तो गम्भीर कसुरमा कसुरदार ठहर गरी सजाय गर्नु न्यायसङ्गत हुने नदेखिने ।

अत: प्रतिवादी सरोजकुमार मण्डललाई चौपाया महलको ११ नं. बमोजिम १२ वर्ष कैद गर्ने र जाहेरवालालाई दुई लाख पचास हजार भराइदिने गरी भएको मिति २०७०।०९।२४ को सुरू धनुषा जिल्ला अदालतको फैसला नमिलेको देखिँदा केही उल्टी गरी चौपायाको महलको अभियोग दाबीबाट सफाइ दिई प्रतिवादी सरोज मण्डललाई मुलुकी ऐन, आगो लगाउनेको ५ नं. बमोजिम ४ वर्ष कैद र ऐ. को १० नं. बमोजिम जाहेरवालाको नोक्सान भएको बिगो घर -१ र कोरासमेत गरी जम्मा रू.१,५०,०००।- (एक लाख पचास हजार) प्रतिवादीबाट जाहेरवालालाई भराइदिने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७२।०२।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: टेकराज जोशी

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७५ साल जेठ १४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-०७६०, ठगी, *नेपाल सरकार वि. डम्बरबहादुर तामाङ (बम्जन) समेत*

जाहेरवालालाई दिने भनिएको जग्गाको प्लट नं. बि-७ क्षेत्रफल ०-४-०-० जग्गा प्रतिआना रू.५,००,०००।- का दरले जग्गाको कूल मोल रू.२०,००,०००।- कायम गरी रू.५,००,०००।- बैनाबापत लिई मिति ३५ दिनभित्र जग्गा रजिस्ट्रेसन पास गरिदिने लिने उल्लेख गरी मिति २०६६।४।२१ मा भएको सम्झौता भएको देखिन्छ । उक्त सम्झौता

यी प्रतिवादीहरू र जाहेरवालाबीच नभई कम्पनीका अध्यक्ष प्रतिवादी सुरजबहादुर दाहाल र खरिद कर्ता एवम् जाहेरवाला शंकरप्रसाद पोखरेलबीच भएको देखिन्छ। साथै सम्झौताको जग्गा दिने भनी पटकपटक जाहेरवालाबाट रकम तथा चेक बुझ्ने र भाखा सार्ने काम पनि प्रतिवादी सुरजबहादुर दाहालबाट भएको देखिन्छ । यी प्रतिवादीहरूले रकम बुझेको पनि देखिँदैन । हाउजिङका अध्यक्षसँग सम्झौता भएको यी प्रतिवादीहरू उक्त हाउजिङको सदस्य नभएबाट निजहरूको उक्त कम्पनीमा कुनै हैसियत देखिँदैन । प्रतिवादी डि.वि. वम्जन तत्काल गोर्खा डेभलपमेन्ट बैङ्क लि. को अध्यक्ष रहेका र विवादको जग्गा धितो राखी कर्जा प्रवाहसम्म गरेको र जग्गा खरिद बिक्रीमा आफ्नो कुनै संलग्नता नरहेको भनी इन्कारी बयान गरेको देखिन्छ। त्यस्तै अर्की प्रतिवादी सिर्जना थापा मगर (दाहाल) पनि कसुरदार हुन भनि जाहेरीमा र मुरारी भट्टराईको मिति २०६८।१०।३ को प्रहरी प्रतिवेदनमा नामसम्म उल्लेख भई निजउपर अभियोग दायर भएको देखिन्छ । प्रतिवादी सिर्जना थापा मगरको नाउँमा सुरू अदालतबाट म्याद जारी भएकोमा उक्त म्याद मिति २०६८।११।०९ मा बेपत्ते तामेल भएको देखिन्छ । निज अदालतमा उपस्थित भएकी देखिँदैनन् । साथै प्रतिवेदन दिने प्रहरी कर्मचारीलाई बुझ्ने आदेश भएकोमा निजसमेत अदालतमा उपस्थित भएको देखिँदैन । जाहेरीबाहेक अन्य कुनै कागज प्रमाणबाट उक्त ठगी कार्य निजहरूको मिलोमतोमा भएको थियो भनी पुष्टि गर्ने कागज प्रमाण वादी पक्षबाट पेस हुन सकेको मिसिल संलग्न कागजबाट देखिँदैन। साथै प्रमाण ऐन, २०३१ को दफा २५ मा अभियोग दाबी प्रमाणित गर्ने भार वादी पक्षको हुन्छ भन्ने उल्लेख भएको देखिन्छ। यी प्रतिवादीहरूसमेतले ठगी गरेको भन्ने ठोस सबुद प्रमाण वादी पक्षबाट पेस भई अभियोग पुष्टि हुन सकेको नदेखिने।

अत: प्रतिवादी डि.वि. बम्जन भन्ने डम्बरबहादुर तामाङ र सिर्जना थापा मगर (दाहाल) ले अभियोग माग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।८।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल जेठ १४ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-०८४२, जबरजस्ती करणी, *नेपाल सरकार वि. सविन (नाम परिवर्तन)*

प्रतिवादी सविनले अनुसन्धानका क्रममा तथा अदालतमा गरेको बयानमा पीडिताले खेल्ने क्रममा योनितिर देखाई दुख्यो भन्दा निजले लगाएको हाफपेन्ट खोली हेर्दा योनि वरिपरी सुन्निएको देखेँ मैले पीडितालाई घरमा आमालाई देखाउनु भनेको थिएँ । मैले पीडिता ग-२ लाई जबरजस्ती करणी गरेको होइन भनी आरोपित कसुर गरेकोमा इन्कार भई बयान गरेको पाइन्छ। पीडिताले गरेको मौकाको कागजमा प्रतिवादीले आफ्नो लिङ्ग योनिको वरिपरि दलेको भनी र अदालतमा गरेको बकपत्रमा प्रतिवादीले छाडा काम गर्‍यो भनी लेखाएकी छिन् । जाहेरवाली पीडिताकी आमाले पीडिताले मलाई भनेपछि थाहा पाएको र सोही आधारमा जाहेरी दरखास्त दिएकी भन्ने देखिन्छ । जाहेरवाली स्वयम्मा प्रत्यक्षदर्शी होइन । जाहेरीलाई पुष्टि गर्ने ठोस प्रमाण शारीरिक परीक्षण प्रतिवेदन हो । उक्त मिति २०७०।४।९ मा भएको पीडितको शारीरिक परीक्षण प्रतिवेदनमा पीडिताको हाइमन नच्यातिएको तथा निजको योनिको वरिपरि घाउचोट पटक नभएको भनी उल्लेख भएको देखिन्छ। साथै प्रतिवादी पनि १४ वर्ष उमेर भएको नाबालक रहेको देखिन्छ। जबरजस्ती करणी भएको शारीरिक परीक्षणबाट पुष्टि हुन आएको नदेखिने।

तथापि प्रतिवादीउपरको किटानी जाहेरी, पीडितले मौकामा तथा अदालतमा गरेको बयानमा प्रतिवादीले छाडा कार्य गरेको भनी कागज लेखाएकी अवस्था तथा प्रतिवादीले पीडितको यौनाङ्ग हेर्ने कार्य गरेको भनी अदालतमा समेत स्वीकार गरेको प्रमाणहरूबाट निज प्रतिवादीले जबरजस्ती करणी गर्ने उद्योग गरेको पुष्टि हुन आउने।

तसर्थ, प्रतिवादी सविनलाई जबरजस्ती करणी महलको ५ नं. बमोजिम जबरजस्ती करणी उद्योगको कसुर गरेको ठहऱ्याई जबरजस्ती करणी महलको ५ नं. कसुरमा ५ वर्ष कैद हुने, अवस्था भएपनि प्रतिवादीको उमेर १४ वर्षको देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) आर्कषित हुने हुँदा प्रतिवादी सविनलाई सो दफाले आधी सजाय २ वर्ष ६ महिना कैदको सजाय हुने भनी पुनरावेदन अदालत, इलामबाट मिति २०७३।४।१८ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल जेठ १४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-CR-१४४८, वैदेशिक रोजगार कसुर, *चित्रबहादुर कार्की वि. नेपाल सरकार*

मिसिल संलग्न प्रतिवादीमध्येका चित्रबहादुर कार्कीले जाहेरवालालाई गरिदिएको मिति २०७०।४।३० को सक्कल लिखत हेर्दा चित्रबहादुर कार्कीले तपाई धनी पेमा छिरिङ तामाङलाई वैदेशिक रोजगारको लागी आजको मितिले ६ महिनाभित्रमा विदेश जापान पठाई रोजगारसमेत दिलाउनको लागि नगद रू. ७,२०,०००।- लिएको ठीक साँचो हो भन्ने बेहोरा उल्लेख गरेको देखिने।

प्रतिवादी चित्रबहादुर कार्कीले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष गरेको बयानमा आफूले जाहेरवालालाई जापान पठाउन भनी निजसँग कुनै रकम लिएको छैन। मिति २०७०।४।३० को लिखत जबरजस्ती गराएको हो भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको भएपनि निज प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष जाहेरवाला पेमा छिरिङ तामाङलाई वैदेशिक रोजगारमा जापानमा पठादिन्छु भनी रू.७,२०,०००।- बुझिलिई उक्त रकम उर्मिला लामालाई बुझाएको हो, सो रकम बुझेको भरपाई बनाइन्। निज उर्मिलाले मबाट बुझिलिएको रकम विदेश पठाउने एजेन्ट सुन्दरलाई बुझाएको हो भनी उर्मिला लामाले भनेकी थिइन्। विदेश पठाउन नसकेपछि जाहेरवाला आफैँ फर्की आएको हो। मिति २०७०।४।३० मा भएको लिखतको सहीछाप मेरै हो भनी सो कागजको अस्तित्त्वलाई स्वीकार गरी बयान गरेको देखिन्छ। साथै जाहेरवाला पेमा छिरिङ तामाङले न्यायाधिकरणसमक्ष उपस्थित भई आफ्नो जाहेरीलाई पुष्टि हुने गरी बकपत्र गरिदिएको देखिने।

प्रतिवादीले उक्त कागज डरधाकबाट पीडितहरूले जबरजस्ती बनाएको हुन् भनी न्यायाधिकरणसमक्ष जिकिर लिए पनि उक्त कागज बदर गराउनतर्फ कुनै उजुरबाजुर गरेको छैन भनी आफ्नो बयानमा उल्लेख गरेबाट निज प्रतिवादीबाट पीडितलाई गरी दिएको कागज सत्य साँचो नै मान्नु पर्ने देखियो।

प्रतिवादी इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायी नभएको भन्ने कुरा निज स्वयम्को बयानबाट देखिन्छ। तथापि यी प्रतिवादीले जाहेरवालालाई विना इजाजत वैदेशिक रोजगारमा जापान पठाइदिन्छु भनी झुठ्ठो आश्वासन दिई प्रलोभनमा पारी वैदेशिक रोजगारको कागज गरी वैदेशिक रोजगारमा नपठाई रकमसमेत फिर्ता गरेको नदेखिएको तथ्य स्थापित हुन आउने।

पीडितको किटानी जाहेरी, मौकामा

प्रतिवादीले गरिदिएको लिखत प्रमाण तथा जाहेरवालाको बकपत्रसमेतका उल्लिखित विवेचित तथ्य प्रमाण तथा कानूनसमेतको आधारमा प्रतिवादी चित्रबहादुर कार्कीसमेतले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको पुष्टि हुन आएको देखिने।

अत: प्रतिवादी चित्रबहादुर कार्कीले आरोपित कसुर गरेकोले निज प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने र बिगोको हकमा अभियोग मागदाबीबमोजिम हर्जानासमेतको बिगो निज प्रतिवादीसमेतबाट जाहेरवालाले भरिपाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।१०।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल जेठ १४ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CR-१२९८ र ०७१-CR-१४८३, वैदेशिक रोजगार कसुर, *डेविड श्रेष्ठसमेत वि. मैया श्रेष्ठ र मैया श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी मैया श्रेष्ठले अनुसन्धानको क्रमबाटै जाहेरवाला डेविड श्रेष्ठसँग आफ्नो चिनजान रहेको, निज जाहेरवालाबाट रू.१५,००,०००।- ऋण व्यापार व्यवसाय गर्न लिएको तर वैदेशिक रोजगारमा जाहेरवालाई पठाउन भनी नलिएको, आफू सामान्य लेखपढ गर्न मात्र जान्ने भएकाले जाहेरवालाले झुक्याई लिखत तयार गरेको, लिएको रकम पटकपटक गरी तिरिसकेको, लिखतमा भएको सहीछाप आफ्नै रहेको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ । निज प्रतिवादी मैया श्रेष्ठले सोही बेहोरामा वैदेशिक रोजगार न्यायाधिकरणमा बयान गरेको देखिने।

लिखतको बेहोरामा नै वैदेशिक रोजगारको लागि रकम लिएको भन्ने उल्लेख भएको र प्रतिवादीको पतिसमेत साक्षी बसी लिखतको बेहोरा पढी वाची सुनाई सहीछाप गरी तयार भएको लिखत प्रतिवादीले जिकिर लिएझैं झुक्याई तयार गरेको हो भनी निज प्रतिवादीले कानूनसम्मत कुनै चुनौती दिएको पाइँदैन। प्रतिवादीले सो लिखतलाई कानूनबमोजिमको चुनौति दिन नसकेको स्थितिमा दाबीको लिखतलाई अन्यथा भन्न मिल्ने नदेखिने।

लिखतमा उल्लिखित बेहोराबाट वैदेशिक रोजगारीमा पठाई दिनको लागि रकम लिएको तथ्य पुष्टि भएको छ। सो लिखतमा उल्लिखित बेहोरा साँचो होइन भनी जिकिर लिने प्रतिवादीले नै सो कुरा प्रमाणबाट पुष्टि गर्नुपर्दछ। अन्यथा लिखतलाई प्रमाणमा ग्रहण गर्न पर्ने हुन्छ। प्रतिवादी मैया श्रेष्ठले दाबीको लिखतबमोजिम जाहेरवालालाई वैदेशिक रोजगारमा अमेरिका पठाई दिने भनी निजबाट रू.१९,००,०००।- बुझिलिएकोमा रोजगारमा नपठाई रू.९,००,०००।- रकम फिर्ता गरी रू.१०,००,०००।- फिर्ता नगरेको देखिँदा वैदेशिक रोजगारको कसुर गरेको देखिन आउने।

प्रतिवादीले विना वैदेशिक रोजगारको इजाजत वैदेशिक रोजगारमा पठाउने भनी जाहेरवाला डेविड श्रेष्ठबाट रकम लिएको तर विदेश नपठाएको र रकमसमेत सबै फिर्ता गरी नसकेको अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादीलाई ऐ. ऐनको दफा ४३ बमोजिम सजाय तथा बिगो कायम गरी निज जाहेरवाला डेविड श्रेष्ठको हकमा गरेको फैसला अन्यथा भन्न मिलेन। प्रतिवादी मैया श्रेष्ठको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरवालाहरू किशोर पोखरेल, शंकर नेपाल एवम् संजिव पाण्डे र प्रतिवादी मैया श्रेष्ठबीच दाबीको लिखत मिति २०६७।०८।०१ मा लिखत कागज गर्नुपूर्व

नै विभिन्न मितिमा प्रतिवादीले चेक दिएकोमा चेक अनादर भई मुद्दासमेत अदालतमा चली फैसलासमेत भएको देखिँदा जाहेरवालाहरू र प्रतिवादीबीच लेनदेनको कारोबारमा विवाद भएको देखिन आयो। चेकबाट रकम प्राप्त नगरेको व्यक्तिबाट वैदेशिक रोजगारीमा पठाई दिने भनी रू.६५,००,०००।- रकम दिएको भन्ने तथ्यगत प्रमाणबाट मिल्दो देखिन नआउने।

प्रतिवादी मैया श्रेष्ठउपरको कसुर पुष्टि नभएको अवस्थामा सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट जाहेरवालाहरू किशोर पोखरेल, शंकर नेपाल र संजिव पाण्डेको हकमा अभियोग दाबी पुग्न नसक्ने ठहर गरेको फैसला अन्यथा भन्न नमिल्ने।

अतः जाहेरवाला डेविड श्रेष्ठको हकमा अभियोग दाबीबमोजिम प्रतिवादी मैया श्रेष्ठलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम २ (दुई) वर्ष कैद, रू.२,००,०००।- (दुई लाख रूपैयाँ) जरिवाना र बिगो र हर्जानासमेत गरी रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) जाहेरवाला डेविड श्रेष्ठले प्रतिवादीबाट भरी पाउने र जाहेरवालाहरू किशोर पोखरेल, शंकर नेपाल र संजिव पाण्डेको हकमा अभियोग दाबी पुग्न नसक्ने ठहर गरेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७०।११।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू
कम्प्युटर: देविना खतिवडा
इति संवत् २०७५ साल माघ २ गते रोज ४ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्द मोहन भट्टराई,** ०७२-CR-१००७, सवारी ज्यान, *नेपाल सरकार वि. राजन खड्का*

वारदातको समयमा प्रत्यर्थी प्रतिवादीले मादक पदार्थ सेवन गरेको थियो भनी स्वास्थ्य परीक्षण प्रतिवेदक डा. मिथलेस ठाकुरले अदालतसमक्ष बकपत्र गर्दा यकिनसाथ भन्न सकेको पाइएन। डा. मिथलेस ठाकुरको अदालतसमक्षको बकपत्र दृष्टिगत गरी हेर्दा निज प्रतिवेदक डा. मिथलेस ठाकुरले अनुमानको आधारमा प्रत्यर्थी प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन दिएको देखिन्छ। अनुमानको आधारमा दिएको त्यस्तो स्वास्थ्य परीक्षण प्रतिवेदनलाई भरपर्दो प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने नदेखिने।

प्रतिवादीले सवारी चालक अनुमति-पत्र प्राप्त गरेको देखिन्छ। प्रतिवादीले आफ्नो बयानमा दुर्घटना हुँदाका अवस्थामा गाडीको गति ४५ किलोमिटर प्रतिघण्टा रहेको भनी उल्लेख गरेको देखिन्छ। वादी पक्षले आफ्नो पुनरावेदनमा गाडीको गति तीव्र रहेको भनी उल्लेख गरेकोमा दुर्घटना हुँदाका बखत गाडी के कति गतिमा थियो भनी यकिनसाथ भन्न सकेको पाइँदैन। मिसिल संलग्न घटनास्थलको फोटोबाट मानिसहरूको भिडभाड हुने प्रकृतिको घटनास्थल रहे भएको देखिएन। ऐनको दफा १६१(२) अनुसारको कसुर यी प्रत्यर्थी प्रतिवादीले गरेको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको पाइएन। तसर्थ दफा १६१(२) अनुसार प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

अतः विवेचित आधार, कारणबाट प्रत्यर्थी प्रतिवादी राजन खड्काले लापरवाहीपूर्वक सवारी चलाएको कारणले दुर्घटना भई मृतक कमल कार्कीको मृत्यु भएको भन्ने अभियोग मागदाबी प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा निज प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिमको कसुरमा सोही दफाबमोजिम ५ महिना कैद र रू. २,०००।– जरिवाना हुने गरी मकवानपुर जिल्ला अदालतले मिति २०७२।१।८ मा गरेको फैसला

सदर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७२।५।१६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०८१४, ०७१-CR-१०५९ र ०७१-CR-११४८, कर्तव्य ज्यान, *टेक नारायण श्रेष्ठ वि. नेपाल सरकार, सन्तमान श्रेष्ठ वि. नेपाल सरकार र नेपाल सरकार वि. सन्तमान श्रेष्ठसमेत*

अन्यथा प्रमाणित नभएमा झुन्डिएको अवस्थामा पाइएको शवलाई आत्महत्याको रूपमा मान्नुपर्ने हुन्छ (All hanging deaths are considered as sucidal unless proved otherwise) भन्ने मान्यता रहेको छ । मृतकलाई मारेर झुन्डाइएको हो वा आफैं झुन्डिई मरेको हो भनी निर्धारण गर्ने मुख्य लक्षण मृतकको घाँटीमा परेको डाम (ligature mark) लाई मान्नुपर्दछ । विधि विज्ञान (Forensic Science) ले समेत ligature mark को आधारमा झुन्डी मरेको हो होइन भनी छुट्याउन सकिने कुरा स्वीकार गरेको पाइन्छ। अन्य भागको तुलनामा घाँटीमा परेको डाम केही कडापन हुनुलाई पनि झुन्डी मरेको अर्को विशेषता मानिने।

लास प्रकृति मुचुल्काबाट मृतकको घाँटीमा V आकारको डाम रहेको भन्ने देखिँदा डा. किरण सोतीको बकपत्र तथा A Jay Chapman को पुस्तकमा उल्लिखित धारणाअनुसार पनि मृतक आफैँ झुन्डिएको भन्ने दाबीलाई समर्थन मिलेको देखिन्छ। लास प्रकृति मुचुल्कामा मृतकको घाँटीमा औंलाको डाम रहे भएको भनी उल्लेख भएको देखिँदैन। मृतकको घाँटीमा औंलाको जस्तै डाम छ भन्ने डा.किरण सोतीको बकपत्रको बेहोरा लास प्रकृति मुचुल्काभन्दा फरक किसिमको देखिन आउने।

सामान्यतया झुन्डिएर मरेको लासको भित्री नरम तन्तु तथा हड्डीहरूमा त्यस्तो कुनै रक्तश्राव वा चोटहरू नहुने भए तापनि पूर्णरूपमा झुन्डिएको अवस्थामा घाँटीमा पर्ने चापको मात्रा पूरा शरीरको चापभन्दा बढी भई घाँटीको मांशपेसी तन्कने क्रममा ती लक्षणहरू देखिन सक्ने सम्भावनातर्फ डा.झपिन्द्र पोखरेलको बकपत्रमा केही उल्लेख भएको देखिएन । मृतकको शव परीक्षण गर्ने चिकित्सकहरू डा.किरण सोती र डा.झपिन्द्र पोखरेलको बकपत्रमा समेत एक आपसमा एकरूपता रहेको देखिन आएन । शव परीक्षण गर्ने चिकित्सकहरूले मृत्युको कारण वैज्ञानिक अर्थात् चिकित्सकीय मान्यताका आधारमा विज्ञानको सूत्रअनुसार राय व्यक्त गर्ने हो । शङ्का र सम्भावना देखाई आपसमा विरोधाभाषपूर्ण बेहोरा उल्लेख गर्ने विशेषज्ञको रायलाई भरपर्दो प्रमाणको रूपमा ग्रहण गर्न नसकिने।

वारदातको चश्मदिद गवाह कोही पनि देखिएन। लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन तथा शव परीक्षण गर्ने चिकित्सकहरूको विरोधाभाषपूर्ण बकपत्रबाट पनि मृतकलाई कर्तव्य गरी मारी झुन्डाएको भनी यकिनसाथ भन्न सकिने अवस्था देखिएन । मृतकको मुखबाट रगत जस्तो रातो पदार्थ निस्केकै आधारमा कर्तव्य गरी मारेको भनी निष्कर्ष निकाल्नलाई चिकित्सा विधिशास्त्रले अनुमति दिँदैन। मृतकको लास प्रकृति मुचुल्काबाट मृतकको घाँटीमा V आकारको डाम रहेको भन्ने तथ्यले मृतक आफैँ झुन्डिएको भन्ने प्रतिवादीको जिकिरलाई समर्थन मिलेको देखिने।

मृतकलाई कर्तव्य गरी मारी दिनरात सवारी साधन गुडिरहने पृथ्वी राजमार्गको पुलमा मृतकलाई झुन्ड्याउन लगियो होला भनी मान्न सकिने अवस्था देखिँदैन । अपराध गरेको भए त्यसको ढाकछोप गर्न झाडी, जङ्गल वा मानिसको आवागमन नहुने ठाउँतर्फ जाने र अपराध लुकाउने

प्रवृत्ति रहने गर्दछ । निरन्तर सवारी साधन चल्ने मूल सडकमा लास बोकी ल्याएर झुन्ड्याउने कुरा स्वाभाविक हुँदैन । प्रतिवादी टेकनारायण श्रेष्ठ एपेन्डिसाइटिसको बिरामी भई अपरेसनसमेत गरेको भन्ने मिसिल संलग्न उपचारसम्बन्धी काजगपत्रहरूबाट देखिन्छ । निजले के कसरी को कसको सहयोगमा मृतकलाई मारी के कुन तरहसँग राजमार्गमा लगि झुन्डाएका हुन् भन्ने तथ्य अनुसन्धानबाट खुलेको छैन । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ । कसुर प्रमाणित हुन विश्वसनीय सबुत प्रमाणको जरूरत पर्दछ । प्रतिवादीहरूले आपराधिक कार्य गरेको भन्ने नै पुष्टि हुन नसकेको अवस्थामा अपराध हुन सक्ने कारणहरू दर्साई व्यक्त गरिएका शङ्का र अनुमानका कुराहरूले अकाट्य प्रमाणको रूप ग्रहण गर्न नसक्ने ।

विश्वसनीय सबुत प्रमाणबाट पुष्टि नभई वारदातपूर्व मृतक र प्रतिवादीबीच असमझदारी रहेको भन्ने आधारले मात्र प्रतिवादीहरूले आरोपित कसुर गरेका हुन् भनी ठहर गर्नु न्यायोचित हुने नदेखिने ।

मृतकको मृत्यु कर्तव्यबाट नै भएको हो भन्ने नै पुष्टि हुन सकेको अवस्था नहुँदा प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिनु पर्नेमा प्रतिवादी टेकबहादुर श्रेष्ठलाई मुलकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी सन्तमान श्रेष्ठलाई ऐ. को १७(३) नं. बमोजिम २ वर्ष ६ महिना कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, पोखराको फैसला सो हदसम्म मिलेको देखिन नआउने ।

प्रतिवादी पार्वती श्रेष्ठ वारदातको दिन माइतीघरमा नभई आफ्नै घर ढोरफिर्दी भाटडाँडामा रहेको भन्ने कुरा निजको अनुसन्धान अधिकारी र अदालतसमक्ष भएको बयान, शान्ति थापा, लिलबहादुर थापा एवम् सुनिता श्रेष्ठले गरेको कागज तथा बकपत्रसमेतबाट देखिन आएको छ । निज वारदातको समयमा माइतीघरमा रहेको भन्ने देखिन नआएको र मृतक शर्मिला श्रेष्ठको हत्या भएको भन्ने तथ्य नै पुष्टि हुन नसकेको अवस्थामा निजको हकमा समेत आरोपित कसुरमा संलग्नता रहे नरहेको भनी थप विवेचना गर्नुको कुनै प्रयोजन देखिएन । निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी सुरू तथा पुनरावेदन अदालतबाट भएको फैसला मिलेकै देखिने ।

अतः विवेचित आधार कारणसमेतबाट शर्मिला श्रेष्ठको मृत्यु कर्तव्यबाट भएको भन्ने तथ्य प्रमाणित हुन नआएको र निजको मृत्यु झुन्डिएको कारणले आत्महत्याको तवरबाट भएको देखिएको हुँदा प्रतिवादी टेकनारायण श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद तथा प्रतिवादी सन्तमान श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम २ वर्ष ६ महिना कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७१।७।२४ को फैसला निजहरूको हकमा उल्टी भई प्रतिवादीहरू टेकनारायण श्रेष्ठ र सन्तमान श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । प्रतिवादीहरू जौमाया श्रेष्ठ तथा पार्वती श्रेष्ठले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको हदसम्मको उक्त मितिको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल साउन १७ गते रोज ३ शुभम् ।

## इजलास नं. १२

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०६७-CI-१३९३, बाटो कायम खिचोला मेटाई पाऊँ, *प्रेमभक्त तुलाधर वि. लवकृष्ण श्रेष्ठ*

मिसिल संलग्न नक्सा कुण्डलीको स्थिति र प्रकृतिसँग तुलना गरी हेर्दा न.नं.५ कि.नं. २५२ को जग्गाको उत्तरमा न.नं.४ साबिक कि.नं.३ कि.नं.१८६ भई जसमा घरसमेत देखिन्छ। सो न.नं. ४ को उत्तरमा न.नं.३ कि.नं. १८६ रही त्यो जग्गाले उत्तरतर्फ न.नं.१ को बाटोलाई छोएको स्पष्ट देखिन्छ । यसरी बकसपत्रको लिखतमा कि.नं. २८३, २८५, १९६ र २५२ को जग्गा बाटोसँग जोडिएको छ भनी उल्लेख भएको अवस्था र न.नं.१ बाटो रहेको भन्ने कुरा स्वयम् प्रतिवादीले हक छाडिदिएको लिखतमा नै स्पष्ट उल्लेख भएबाट अहिले बाटो छैन भनी भन्न मिल्ने नदेखिने।

संवत् २०६१ सालको दे.पु.नं.९१६६ पुनरावेदक प्रतिवादी लवकृष्ण श्रेष्ठ प्रत्यर्थी वादी प्रेमभक्त तुलाधर भएको हटक खिचोला मेटाई पाउँ भन्ने मुद्दामा सर्वोच्च अदालतबाट भएको फैसला हेर्दा विवादित कि.नं.१८६ मध्ये २०५७।२।२३ को नक्साको न.नं.३ को जग्गा प्रत्यर्थी वादी प्रेमभक्त तुलाधरको निजी भोगको नभई सार्वजनिक बाटोको रूपमा प्रयोग भएको र बाटो कायम भइसकेकोले त्यसमा प्रतिवादी लवकृष्ण श्रेष्ठले खिचोला गऱ्यो भन्ने वादी दाबी पुग्न नसक्ने ठहराउनु पर्नेमा वादी दाबीबमोजिम हटक खिचोला गरेको ठहऱ्याई भएको सुरू फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला उल्टी भई वादी दाबी नपुग्ने ठहरी फैसला भएको देखिने।

उक्त फैसलाबाट कि.नं.१८६ को न.नं.३ को विवादित जग्गा निजी नभई सार्वजनिक बाटोको रूपमा प्रयोगसमेत भएको देखिएको यस्तो अवस्थामा वादीसमेतले प्रयोग गर्दै आएको बाटोलाई प्रतिवादीको हकको भनी भन्न मिल्ने नदेखिने।

तसर्थ वादीले यिनै प्रतिवादीबाट लिएको जग्गासम्म पुगी जग्गाको क्षेत्रफल बढी नदेखिएको, स्वयम् प्रतिवादी आफैँले जग्गा छाडिदिँदा जग्गाको उत्तरमा बाटो भनी स्पष्ट लेखाएको, आदेशानुसार भई आएको नक्सा प्रकृतिसमेतबाट न.नं.३ बाटोकै भाग भन्ने माथि उल्लिखित मिसिल संलग्न उल्लिखित प्रमाण कागजहरूबाट देखिँदा सुरू अदालतको फैसलालाई उल्टी गरी वादी दाबीअनुसार कि.नं.१८६ भित्र देखिएको विवादित न.नं. ३ को जग्गालाई बाटो कायम गरी वादीले प्रतिवादीको खिचोला मेटाई पाउनेसमेत ठहऱ्याएको इन्साफ मनासिब नै देखिने।

अतः पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।९।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७५ साल माघ १८ गते रोज ६ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०६८-CI-०२२४, लिखत बदर, दर्ता बदर, दर्ता कायम, *लक्ष्मणलाल माझी वि. शोभालाल माझीसमेत*

वादी शोभालाल माझी र प्रतिवादी लक्ष्मणलाल माझी भएको दे.नं.१६७।१०७३ अंश मुद्दामा भएको मिति २०६६।५।९ को फैसलाबाट वादी लक्ष्मणलाल माझी र प्रतिवादी शोभालाल माझी सगोलका अंशियार दाजुभाइ रहेको देखिने।

वादीले प्रतिवादीबाट २ भागको १ भाग अंश पाउने ठहरी फैसला भए तापनि तायदाती फाँटवारीमा कुनै सम्पत्ति उल्लेख गरेको नदेखिँदा बन्डा गरिरहनु परेन भन्ने उल्लेख भएको पाइयो। यसबाट विवादित जग्गाबाहेक अन्य जग्गा यी वादी प्रतिवादीसँग रहेनछ भन्ने देखियो। यस अवस्थामा विवादित लिखत बदर नहुँदा यी वादी निरंशी हुन जाने स्थिति देखिने।

प्रतिवादी शोभालालले विवादित जग्गा मिति २०६४।२।३१ मा राजीनामा रजिस्ट्रेसन गरी लिएको देखिएको छ । सोही जग्गा मिति २०६४।१०।३ मा प्रतिवादी शोभालाल माझीले आफ्नै छोरी किसनी

देवी थरूनीलाई हालैको बकसपत्र गरिदिएको देखिन्छ । हालैको बकसपत्र गरी किसनी देवीलाई दिएको जग्गाको स्रोत शोभालालको निजी ज्ञान, सीप र प्रयासबाट आर्जन गरेको भन्ने जिकिर पुष्टि नभएको अवस्थामा मानो नछुट्टिई सँग बसेका अंशियारमध्ये जुनसुकै अंशियारले सगोलको खेती, उद्योग, व्यापार व्यवसायबाट बढेबढाएको सगोलको आर्जनमा मानो नछुट्टिई सँग बसेका सबै अंशियारहरूको समान हक लाग्ने नै देखिन आउने ।

अंश मुद्दामा वादी प्रतिवादीबीच मानो छुट्टिएको मिति २०६४।१०।२१ कायम भएको छ । उक्त मानो छुट्टिएको मितिपूर्व नै विवादित जग्गा खरिद भएको देखियो । वादी प्रतिवादीका बीच मानो छुट्टिएको मितिको विवादको निरूपण अंश मुद्दाबाट भई सो मुद्दा अन्तिम भएर बसेको अवस्थामा मानो छुट्टिनुअघि प्रतिवादीको नाउँमा खरिद भएको जग्गामा वादीको अंश हक रहेको देखिने ।

वादी प्रतिवादीको विवादित जग्गाबाहेक अन्य सम्पत्ति नदेखिएको अवस्थामा उक्त जग्गा बेचबिखन वा हक हस्तान्तरण गर्दा सगोलको अंशियारको मन्जुरी लिनुपर्ने हुन्छ । यसै सन्दर्भमा लेनदेन व्यवहारको १० नं. को व्यवस्था हेर्दा अंश नभएका अंशियारले सगोलको अचल सम्पत्ति बेचबिखन गर्दा वा कुनै किसिमले हक छाडी दिँदा ऐनले आफूखुसी गर्न पाउने अरूको मन्जुरी लिनु नपर्नेमा बाहेक अरूमा एकाघरसँग बसेका अंशियार सबै साक्षी बसेको वा निजहरूले मन्जुरीको लिखत गरिदिएको भए मात्र पक्का ठहर्छ भन्ने देखिने ।

वादी र प्रतिवादी सगोलका अंशियार देखिएको अवस्थामा सगोलको सम्पत्ति हालको बकसपत्र गरी हक हस्तान्तरण गर्दा वादीलाई साक्षी नराखी, मन्जुरीको लिखत गरेकोसमेत नदेखिएको अवस्थामा लेनदेन व्यवहारको १० नं. लाई आधार लिएर लिखत भएको मिति २०६४।१०।३ बाट एकवर्षभित्रै परेको फिराद कानूनअनुकूलकै देखिने ।

हालैको बकसपत्र गरी किसनी देवीलाई वादी दाबीबमोजिमको जग्गा दिएको देखिँदा घर व्यवहार चलाउन दिएको भन्न मिलेन । आफ्नो मात्र हक नपुगी सगोलको अंशियारको समेत हक लाग्ने सम्पत्ति निजको समेत मन्जुरी लिएर दिनुपर्नेमा मन्जुरी नलिई दिएको स्थितिमा लिखत कायमै रहन सक्ने अवस्था नहुने ।

यसर्थ, आधार कारणबाट वादी दाबीबमोजिमको जिल्ला सुनसरी तनमुना गा.वि.स. वडा नं. ६(ख) कि.नं. २०९, २१०, २५६ जग्गाको २ भागको १ भाग जग्गा बकसपत्र लिखत बदर, दर्ता बदर, दर्ता कायम हुने गरी सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६६।५।९ मा भएको फैसला सदर गर्नुपर्नेमा उल्टी गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१।७ को फैसला उल्टी भई वादी दाबीबमोजिम लिखत र दर्ता बदर भई २ भागको १ भाग जग्गा वादीका नाउँमा दर्तासमेत हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७४ साल फागुन ३ गते रोज ५ शुभम् ।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-CI-०६११, लिखत बदर, *नितानन्द आचार्य वि. गोविन्दप्रसाद आचार्य*

जयबहादुर आचार्य र भैर आचार्यको हकवाला संरक्षक गोविन्दप्रसाद आचार्यको रोहबर र मन्जुरीबेगर निजहरूको नाउँबाट भएको राजीनामा लिखतले कानूनी मान्यता प्राप्त गर्न सक्ने हो होइन भन्ने सन्दर्भमा मुलुकी ऐन, अ.बं. २४ र २५ नं. को कानूनी व्यवस्था हेर्नु पर्ने देखिन आयो । अ.बं. २४ नं. मा उल्लिखित कानूनी व्यवस्थाबमोजिम कुनै पनि किसिमको रोगले होस ठेगानमा नभएका बौलाएका मानिससँग कागज गराउनु पर्दा उसको संरक्षक वा हकवाला नराखी कुनै कागज गराउनु हुँदैन भन्ने उल्लेख भएको पाइने ।

प्रतिवादी नितानन्द आचार्यले अ.बं. ७८ नं.

बमोजिम गरेको बयानमा समेत निजहरूका हकदार गोविन्दप्रसाद आचार्य हुन् भनी वादीको दाबी र सर्जमिन मुचुल्काका मानिसहरूको भनाइलाई समर्थन हुने गरी बयान गरेको पाइन्छ । प्रतिवादीको बयानसमेतबाट बक्कलाटा जयबहादुर आचार्य र भैर आचार्यको हकवाला संरक्षक गोविन्दप्रसाद आचार्य भएको अवस्थामा निजको रोहबर तथा अनुमति बिना मालपोत कार्यालय, मुगुबाट मिति २०६४।१०।२४ मा जुम्ला जिल्ला बिराट नमुना गा.वि.स. वडा नं.७ को कि.नं.१८२, ३३४, ५५१ र ३१९ को जयबहादुर आचार्य र भैर आचार्य नाउँको जग्गा राजीनामा लिखत पारित गरी नितानन्द आचार्यलाई हक हस्तान्तरण गरेको देखिन आउने ।

उक्त हक हस्तान्तरण गर्ने कार्य मुलुकी ऐन, अ.बं. २४,२५ नं., रजिस्ट्रेसनको १०(३),१४, २२ र २३ नं. को कानूनी व्यवस्थाको प्रतिकूल रहेको पाइयो । यस तथ्यबाट मालपोत कार्यालय, मुगुबाट मिति २०६४।१०।२४ मा पारित राजीनामाको लिखत वादी दाबीबमोजिम बदर हुने भई गोविन्दप्रसाद आचार्यको संरक्षकत्त्वमा उक्त जग्गाहरू जयबहादुर आचार्य र भैर आचार्यको संयुक्त नाउँमा दर्ता कायम हुने देखियो । वादीहरूको हकवाला संरक्षक गोविन्दप्रसाद आचार्यले यी वादीहरूको हकको जग्गाको राजीनामा लिखत बदरतर्फ मात्र माग गरी दायर भएको फिरादमा हककायम हुने गरी भएको फैसला र बिराट नमुना गा.वि.स.को बिगो नखुलेको सिफारिस-पत्र सद्दे भई जालसाजीतर्फको प्रतिवादीको दाबी नपुग्ने भएकाले प्रतिवादी नितानन्द आचार्यलाई जालसाजीमा द.स.को १८ नं. को अन्तिम वाक्यांशले जरिवाना गर्नु नपर्नेमा जरिवाना गर्ने गरेको फैसला सो हदसम्म नमिली उल्टी गरेको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने ।

अतः तथ्य, आधार कारण एवम् प्रमाणबाट वादी दाबीबमोजिम लिखत बदर हुने ठहर्‍याई गरेको जुम्ला जिल्ला अदालतको मिति २०६८।५।१९ को फैसलालाई सदर गर्ने गरी र लिखत बदरको माग गरी दायर भएको फिरादमा हककायम हुने गरी भएको फैसला र बिराट नमुना गा.वि.स.को बिगो नखुलेको सिफारिस पत्र जालसाजी भनी दाबी गर्ने यी प्रतिवादी नितानन्द आचार्यको सोतर्फको दाबी नपुगेकोमा द.स.को १८ नं. को अन्तिम वाक्यांशले जरिवाना गर्नु नपर्नेमा जरिवाना गर्ने गरेको फैसला सोहदसम्म नमिली उल्टी गरेको पुनरावेदन अदालत, जुम्लाको मिति २०६८।९।५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

कम्प्युटरः मिनु शाही

इति संवत् २०७४ साल फागुन ३ गते रोज ५ शुभम् ।

## इजलास नं. १३

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०५७९, भ्रष्टाचार, *नेपाल सरकार वि. मनोज श्रेष्ठसमेत*

विवादित बेलिब्रिज अस्थायी प्रकृतिको रहेबाट केही समयको लागि पुल व्यवस्थापन भएको देखिन्छ । यसको निर्माण अवधि नै मिति २०७०।१।८ देखि २०७०।२।३१ सम्म रहेको देखिएकोमा छोटो समयमा तयार गरी अस्थायी रूपमा सवारी साधन सुचारू गरिने यस्ता बेलिब्रिज निर्माणमा दीर्घकालीन प्रकृतिबाट बन्ने पुल जस्तो गरी माटो परीक्षण गरिने अवस्था नहुन सक्छ । निर्माणपश्चात् २०७० साउन ७ मा राप्ती नदीमा पचास वर्षपछिको सबैभन्दा ठुलो बाढी आई नदीको पानीको बहावले खोला काटी ओभर फ्लो हुँदा उक्त बेलिब्रिजमा क्षतिपुग्न गई भत्किएर केही बगाएको बेलिब्रिजको फलाम, ढुङ्गाहरू र ग्याबिन वायर वरपर छरिएको अवस्थामा रहेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिइरहेको छ । धेरै

पानी बहाब हुँदा उक्त पुल भत्किन गई क्षति भएको र क्षतिपूर्तिका लागि बीमा दाबी गरेको पनि देखियो। यस अवस्थामा मौकामा रकम प्राप्त नहुँदा पुनः निर्माण गर्न नसकिएको भन्नेसमेत देखिएको र पुल क्षति स्थल वरपर फेला परेका भौतिक सामानबाहेक हुन गएको वास्तविक क्षतिबापत रू.८१४,२०४।– बिमा प्राप्त भई को.ले.नि.का. बाँकेको खातामा जम्मा भएको भन्नेसमेत देखिने।

प्रस्तुत विवादमा उल्लिखित बोलपत्र आह्वान प्रक्रियामा कुनै भ्रष्टाचारजन्य कार्य भएको भन्ने दाबी छैन। रीतपूर्वक सम्झौता भएको, सम्झौता अनुरूप कार्य प्रारम्भ भई करिब २ महिनाभित्रै सम्झौताबमोजिमको कार्य सम्पन्न भएको र Approach Road मा ग्राभेलिङ गर्ने तथा केही थप Gabion Protection को काम बाँकी रहेकोले साना सवारी तथा यात्रुहरूले सो पुल प्रयोग गरेको भन्ने मिसिल संलग्न प्रतिवेदनबाट खुल्न आएको छ। हुलाकी राजमार्गमा स्थायी पुल नबने सम्मको लागि अस्थायी सडक डाइभर्सन र बेलिब्रिज निर्माण गर्न सडक विभागको अनुरोधमा भौतिक पूर्वाधार तथा योजना मन्त्रालयबाट मिति २०६९।१०।०५ मा स्वीकृत भई प्राप्त बजेटको आधारमा बोलपत्र आह्वान गरी निर्माण सम्पन्न भई हलुका सवारी साधन प्रयोगसमेत गरेको अवस्था देखिएको हुँदा काम नै नगरी मिलेमतोबाट नेपाल सरकारलाई हानि नोक्सानी गराएको भन्ने देखिएन। अख्तियार दुरूपयोग अनुसन्धान आयोगका इन्जिनियर सम्पत न्यौपानेले पेस गरेको प्रतिवेदनमा बेलिब्रिज बनाउन प्राविधिक ज्ञान, सीप र अनुभवको कमी देखिएको भन्ने उल्लेख भएको देखिन्छ। सोही प्रतिवेदनमा Cost Estimate मा उल्लेख भएबमोजिम निर्माण सामग्री प्रयोग भएको, राप्ती नदीले आफ्नो Water-way वर्षातमा परिवर्तन गरेको पाइएको र ग्याबियन बक्सको सट्टा Stone Masonary प्रयोग गर्नुपर्ने भन्नेजस्ता राय दिएबाट पनि प्रस्तुत विवादमा भ्रष्टाचार भएको भन्ने अभिव्यक्ति दिएको पाइँदैन। प्रमुख जिल्ला इन्जिनियर गौरीकुमार श्रेष्ठको प्रतिवेदनबाट पनि बेलिब्रिजको स्पान १५ मिटर रही Bridge Abutment, Stone/ Boulder Filled Gabion बाट ठड्याइएको, लागत अनुमानबमोजिम निर्माण सामग्री प्रयोग भएको र नदीको सतह एवम् सो क्षेत्रको भू-बनोट नदीको बहावमा हुने मौसमी परिवर्तनसँगै नदीको मार्ग र चौडाई परिवर्तन भइरहने प्रकृतिको रहेको र उक्त संरचनाले तत्कालमा स्थान विशेष भई बग्ने भङ्गालोको बहाव मात्र समेट्न डिजाइन रहेको भन्ने प्रमाणित भएको अवस्थामा उक्त प्राकृतिक प्रकोप एवम् वर्षाको कारण हुन सक्ने क्षतिलाई पूर्वानुमान नगरेको भन्ने मात्र कारणबाट प्रस्तुत विषयमा भ्रष्टाचार भएको छ भनी अनुमान गरिहाल्नु न्यायोचित नदेखिने।

अतः विवेचित आधार प्रमाणसमेतबाट विवादित बेलिब्रिज असामान्य बाढीको कारणले भत्किएको भन्ने कुरामा विवाद नदेखिएको, प्रतिवादीहरूले प्राविधिक त्रुटि गरेको भन्ने आरोप भए पनि प्रतिवादीहरूले दाबीअनुरूप कसुर गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन नआउँदा प्रतिवादीहरू मनोज श्रेष्ठ, खगेन्द्रबहादुर शाही, सन्तोष भण्डारी र जयबहादुर खत्रीले आरोपित कसुर गरेको नदेखिँदा निजहरूले आरोपित अभियोग दाबीबाट सफाइ पाउने ठहरी सुरू विशेष अदालत, काठमाडौंबाट मिति २०७२।३।२३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७३ साल कात्तिक २ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-१२४७, घर भत्काई जग्गा खिचोला मेटाई चलन, *टिके रोका क्षेत्री वि. देउसी राना*

प्रतिवादी टिके क्षेत्रीले वादी देउसिं रानाको नाममा राप्ती अञ्चल बसोबास कार्यालयबाट दर्ता भएको रामघाट गा.वि.स. वडा नं.६ कि.नं. ११ को क्षे.फ.७-१-२-० जग्गामध्ये पूर्वतर्फबाट ३-८-०-० जग्गा र सोमा बनेको ३ कोठे पक्की घर, कि.नं. १२ को ६-०-०-२ जग्गामध्ये पूर्वतर्फबाट २-८-०-० जग्गा र सोमा बनेको घरसमेत रू.७ लाख लिई वादीले प्रतिवादीलाई बिक्री गरेको भन्ने मिति २०६५।१०।१४ को लिखतको बेहोराबाट देखिन्छ । पुनरावेदक प्रतिवादीबाट सुकुम्बासी समस्या समाधान समितिले मिति २०६७।१२।८ मा प्रस्तुत जग्गाको तिरो रकमबापत रू.१२,७०४।- बुझिलिएको रसिद, कि.नं.११ र १२ का जग्गाहरू आवादी कालदेखि टिके क्षेत्रीले भोग चलन गरेकाले स्रेस्ता निजकै नाममा बनाइदिनु भनी गा.वि.स. को कार्यालयले सुकुम्बासी समस्या सामाधान आयोगलाई मिति २०६७।६।२ मा सिफारिस गरेको पत्र एवम् प्रतिवादीकै नाममा अस्थायी जग्गाधनी प्रमाणपत्र बनी जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपिसमेत मिसिल सामेल रहेको देखिने।

सुरू जिल्ला अदालतबाट भएको नक्सा मुचुल्कामा न.नं. २ मा उल्लिखित कि.नं. ११ को जग्गा सुकुम्बासी आयोगले दिएको जग्गा भएको, लालपुर्जा प्राप्त भएपछि राजीनामा गरिदिने सर्तमा प्रतिवादीले वादीबाट २०५४ सालमा किनि २०६१ सालमा घर हाली भोगचलन गर्दै आएका हुन् भनी उल्लेख भएकोसमेत पाइयो । यस अवस्थामा कि.नं. ११ मा बनेको घर प्रतिवादीले नै निर्माण गरेकोमा कि.नं.१२ को हकमा पनि ०७८-०६५-००६४८ को मुद्दा परेकोमा उक्त मुद्दा मा क्षे.फ. ६-०-०-२ मध्ये पूर्वतर्फबाट २-८-०-० जग्गा प्रतिवादीले भोगचलन गर्ने गरी र तिरो भरो चलेपछि निजकै नाममा राजीनामा गर्ने गरी मिति २०६५।१०।१५ मा मिलापत्र भएको पाइने।

मिति २०६५।१०।१४ मा भएको लिखतमा घर भएको कुरा वादीले नै उल्लेख गरी घरसारको लिखत गरिदिएको देखियो । उक्त लिखत रजिस्ट्रेसन नभएको कारण त्यसबाट अचल सम्पत्तिको हक हस्तान्तरण हुन सक्ने देखिँदैन, तथापि उक्त लिखतमा लेखिएको बेहोराले घर निर्माण कहिले भएको भन्नेबारे तथ्य स्थापित हुनसक्ने अवस्था हुन्छ । उक्त लिखतका सम्बन्धमा वादीले कुनै जिकिर लिन नसकेको एवम् नाप नक्सा सर्जमिनमा समेत घरहरू प्रतिवादीले २०६१ सालमै निर्माण गरेका हुन् भनी लेखाएको देखिएबाट वादीले उल्लेख गरेको मितिमा घर निर्माण गरेको पाइएन । २०६१ सालमै निर्माण भएको घरको विषयमा हाल आएर घर भत्काई पाउँ भनी वादीले लिएको दाबी जग्गा मिच्नेको १, १८ नं. र घर बनाउनेको १, ११ नं. समेतको प्रतिकूल देखियो । यस अवस्थामा प्रतिवादीले कि.नं.११ मा बनाएको घरको हकमा सम्म वादी दाबी नपुग्ने गरी फैसला गर्नुपर्नेमा प्रतिवादीले निर्माण गरेको उक्त घर भत्काई वादीले चलनसमेत चलाई पाउने ठहऱ्याई सुरू सुर्खेत जिल्ला अदालतबाट भएको फैसला र सो फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसला कानूनसम्मत् देखिन नआउने।

अतः विवेचित आधार प्रमाण र कारणबाट कि.नं.११ मा निर्माण गरेको घरसमेत भत्काई वादीले चलन चलाई पाउने गरी भएको सुरू फैसला र सो फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, सुर्खेतबाट भएको फैसला नमिलेको हुँदा उल्टी भई प्रतिवादीले निर्माण गरेको घरले चर्चेको जग्गासम्ममा वादी दाबी नपुग्ने ठहरी बाँकी जग्गाको हदसम्म फिराद मागबमोजिम चलन चलाई पाउने ठहर्छ । साथै वादी टिके क्षेत्री र प्रतिवादी देउसिं राना भएको बिगो भराइ पाउँ भन्ने मुद्दामा वादीले प्रतिवादीबाट भरी पाउने ठहरेको मिति २०६५।१०।१४ को कागजबमोजिमको रकमबापत प्रस्तुत कि.नं. ११ को पूर्वतर्फबाट ३-८-०-० र कि.नं. १२ को पूर्वतर्फबाट २-८-०-० जग्गा

पञ्चकृते मूल्य कायम गरी सकार गरी लिई वादीले चलन पाएको पुर्जीसमेत मिसिल सामेल रहेको देखिँदा प्रस्तुत मुद्दाबाट केही बोलिरहनु नपर्ने।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल पुस १९ गते रोज ५ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-०१८७, हातहतियार खरखजाना**,** नेपाल सरकार वि. चतर यादवसमेत

वादी पक्षका सरकारी गवाह प्रहरी नायब उपरीक्षक गोविन्द थपलियाले प्रतिवादी सुनिलकुमार यादव, दीपेन्द्र यादवको साथबाट थ्री-फिप्टिन नलकटुवा बन्दुक नाल १।१, गोली थान १।१ बरामद गरेको र मधुसन्दर यादवको घरको धानको भकारीमा नलकटुवा थ्री-फिप्टिन १ थान र गोली राउण्ड १ थान बरामद भएको र सकेट बम डिस्पोज गरेको भनी बकपत्रसमेत गरेको अवस्थासमेतबाट प्रतिवादीहरूले अभियोग दाबीअनुसार कसुर गरेको तथ्य खम्बिर रूपमा पुष्टि गरेको देखिन्छ। सोबाट प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादी दाबीअनुरूप कसुर स्थापित हुन आएको देखिने।

मौकाको प्रतिवादीहरूको बयान, घटना विवरणका व्यक्तिको कागज र बरामदी मुचुल्कासमेतका कागज आधारबाट अपराधसँग सम्बन्धित हातहतियार तथा खरखजाना प्रतिवादीमध्येका दीपेन्द्र यादव, सुनिलकुमार यादव र मधुसुन्दर राय यादवसमेतबाट बरामद भएको अवस्था देखिन्छ। निजहरूसाथ रहेका उक्त हातहतियार खरखजाना लिने राख्नेसमेत अनुमति प्रतिवादीहरूले लिएको भन्ने देखिँदैन। यसरी जो जो प्रतिवादीहरूको सँगसाथबाट हातहतियार खरखजाना बरामद भएको छ ती प्रतिवादीहरूले अभियोग दाबी अर्थात् हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) तथा ५(१) विपरीतको कसुर गरेको कुरा उल्लिखित विवेचित आधार कारणबाट स्थापित भई प्रमाणहरूबाट पुष्टि भइरहेको देखिने।

अब अन्य प्रतिवादीहरू चतर यादव, विनेश पण्डित र हुकुम यादवसमेतको कसुरमा के कस्तो संलग्नता छ भनी मिसिल हेर्दा निज प्रतिवादीहरूका नाउँमा म्याद जारी भएकोमा उपस्थित नभएको अवस्थामा निजहरूबाट हातहतियार खरखजाना बरामद भएको छ भन्ने आधार लिन सक्ने अवस्था देखिएन । निजहरूलाई पक्राउ परी आएका प्रतिवादीहरूबाट पोल गरेको देखिन्छ । तथापि उक्त पोल समर्थित हुने गरी वस्तुनिष्ठ आधारबाट पुष्टि हुन नसकेको र निजहरूको घरबाट अपराधसँग सम्बन्धित कुनै पनि वस्तु बरामद भएको अवस्था देखिँदैन। उक्त वारदातमा फरारी प्रतिवादीहरू संलग्न रहेको तथ्यगत रूपले विवादरहित प्रमाणहरूबाट समर्थित भएको नदेखिँदा प्रमाणको अभावमा निजहरूको संलग्नता थियो भनी मान्न नमिल्ने।

तसर्थ, प्रतिवादी चतर यादव, विनेश पण्डित, हुकुम यादवले कसुरबाट सफाइ पाउने र प्रतिवादीहरू दीपेन्द्र यादव, सुनिलकुमार यादव, मधुसुन्दर यादवले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) अनुसार कसुर गरेको देखिँदा सोही ऐनको दफा २०(२) अनुसार जनही रू.६०,०००।- जरिवाना तथा ऐनको दफा २०(३) (क) अनुसार जनही रू.२०,०००।– समेत जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।१२।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७०-CR-०९५७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सतन पासीसमेत*

मृतकको शरीरमा कुटपिटको कुनै चिह्न नरहेको कुरा लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट देखिएको छ । लाठी र सावल जस्ता वस्तुको प्रयोग गरी प्रतिवादीहरूले चन्द्रमती पासीलाई हिर्काएका थिए भनी अदालतसमक्ष बकपत्र गर्दा किटानी साथ लेखाएको बेहोरा लास प्रकृति मुचुल्का एवम् शव परीक्षण प्रतिवेदनमा उल्लिखित बेहोराबाट खण्डित भएको अवस्थामा जाहेरवालालगायतका व्यक्तिहरूबाट घटनालाई अतिरञ्जित गरी प्रस्तुत गरेको देखिन्छ । जाहेरवालाका छोरा अयोध्या पासीसँग प्रतिवादीमध्येका सतन पासीको राजनीतिक कारणबाट सामान्य मनमुटाव रहेको भन्ने कुरा अयोध्या पासीको भनाइबाट देखिएको भए पनि सतन पासी र निजका सहयोगी भनिएका अन्य प्रतिवादीहरूले निज अयोध्या पासीलाई कुनै प्रकारको घाउचोट देखिने किसिमबाट कुटपिट गरेकोसम्म देखिएको छैन । प्रतिवादी सतन पासीको घरसम्म बोलाइएका अयोध्या पासीलाई कुटपिट भएको कारणबाट छोराको बचाउको निमित्त आएकी भनिएकी मृतक चन्द्रमती पासीलाई यी प्रतिवादीहरूले मरणासन्न हुने गरी कुटपिट गर्नुपर्ने अवस्था र कारणसमेत रहे भएको भन्ने कुरा मिसिल संलग्न कागजबाट कहिँकतै देखिँदैन । साथै फौजदारी कसुर कायम हुन कुनै पनि अपराधमा कार्य र मनसाय तत्त्वको अनिवार्यता हुनुपर्ने हुन्छ । प्रस्तुत वारदातमा चन्द्रमती पासीलाई मार्नुपर्ने कारण र निजलाई मार्ने मनसाय, तयारी आदि अपराध हुनको लागि आवश्यक पर्ने तत्त्वको अभाव रहेको देखिन्छ । प्रतिवादीहरूले मृतकलाई हातपात गरेर कुटेका थिए भन्ने कुरा तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन सकेको अवस्था नदेखिने ।

तथापि प्रतिवादीहरू सतन पासीको घरमा मृतकका छोरा अयोध्या पासी र अन्य प्रतिवादीहरूका बीच झगडा भई तनावग्रस्त रहेको माहोलमा मृतक चन्द्रमती पासीसमेत आएको देखिन्छ । सोही तनावग्रस्त अवस्थाको वातावरणमा प्रतिवादीहरूबाट धकेलाधकेल वा उक्त स्थानमा नआउनको लागि मनाही गर्दा केही भई निज चन्द्रमती पासी बिरामी परेकी र उपचारको क्रममा मृत्यु भएको अवस्था हुँदा भवितव्यबाट निजको मृत्यु भएको देखिन आउने ।

सुरुमा फरार भई पछि मुलतबी जागी कारबाही भएका प्रतिवादीहरू राजकुमार पासी, वासुदेव यादव, रघु भन्ने अमिरकालाल यादव र चस्माहे भन्ने तुलसीराम यादवलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०७२।१२।१७ को फैसलाउपर समेत पुनरावेदन परेको देखिन्छ । सोतर्फ हेर्दा यी प्रतिवादीहरूसमेतले कुटपिट गरेका कारण मृतकको मृत्यु भएको भन्ने जाहेरी परेको र जाहेरी बेहोरालाई समर्थन हुने गरी पोल बकपत्र गरेको देखिन्छ । यी प्रतिवादीहरूले आफूहरू उक्त वारदात स्थलमा नभएको भनी कसुरमा समेत इन्कार रही अदालतसमक्ष बयान गरेको देखिन्छ । यी प्रतिवादीहरू पनि वारदात स्थलमा उपस्थित थिए भनी वादी पक्षबाट तथ्ययुक्त आधार प्रमाण दिई पुष्टि गर्न सकेको देखिँदैन । धेरै जनाको कुटपिटबाट मृतकको मृत्यु भएको भनी जाहेरवालाले भने पनि मिसिल संलग्न लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदनको तथ्य र चिकित्सकको बकपत्रसमेतबाट जाहेरवालासमेतको बकपत्र कथन सत्यतथ्यमा आधारित देखिएन । यी प्रतिवादीहरूको उक्त कसुरमा संलग्नता रहेको तथ्य प्रमाणबाट पुष्टि हुन सकेको देखिएन । केवल यी

प्रतिवादीहरूसरहका अन्य प्रतिवादीहरूलाई सजाय भएको आधारमा मात्र यी प्रतिवादीहरू पनि कसुरदार हुन भनी ठहर गर्न नमिल्ने।

तसर्थ, विवेचित आधार कारण र प्रमाणबाट प्रतिवादीहरू गुड्डु भन्ने देवीप्रसाद कहार, जबाहिर मुराउ, सन्तराम लोनिया (सन्ते) र सतन पासीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नम्बरको देहाय ३ बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६९।३।१३ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको ६ नम्बरको देहाय ५ बमोजिम जनही दुई सय रूपैयाँ जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलले मिति २०७०।१।१५ मा गरेको फैसला र अन्य प्रतिवादीहरू राजकुमार पासी, वासुदेव यादव, रघु भन्ने अमिरकालाल यादव र चस्माहे भन्ने तुलसीराम यादवलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी मिति २०७१।१२।१७ मा भएको पुनरावेदन अदालत, बुटवलका दुवै फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम्।

## इजलास नं. १५

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७५-RC-००३७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. किशोर झाँक्री*

कानूनबमोजिम सजाय भएमा मन्जुर छ समेत भनी कसुरमा साबित रही अनुसन्धान अधिकारीसमक्ष भएको बयानअनुरूप अदालतमा समेत प्रतिवादी किशोर झाँक्रीले बयान गरेका र मृतकको मृत्युको कारण Combination of blunt force injury to head in setting of alcoholic intoxication भन्ने लास जाँच प्रतिवेदन (Post Morten Report) बाट देखिएको र मौकामा बुझिएका रामबहादुर झाँक्री, मीना पुन, कृष्ण पन्थ, जितेन श्रीपाली, सन्तोष सुनारसमेतले प्रतिवादी किशोर र मृतक विशालले सँगै कृष्णको होटलमा रक्सी खाई मोबाइल साटासाट गरेका, सोही मोबाइलका विषयमा विवाद भई प्रतिवादीले लौराले हान्दा मृतकको मृत्यु भएको भनी लेखाइ दिएका र मौकाको उक्त कागज भनाइलाई पुष्टि हुने गरी अदालतमा समेत बकी लेखाइ दिएबाट प्रतिवादी किशोर झाँक्रीको बयान मिसिल संलग्न स्वतन्त्र प्रमाणबाट समर्थित भइरहेको देखिएकाले निजलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ (३) नं बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू गुल्मी जिल्ला अदातलको फैसला सदर गर्ने गरेको उच्च अदालत, तुलसीपुर, बुटवल इजलासको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादीले मृतकलाई मार्नुपर्ने कुनै प्रकारको रिसइबी योजना रहेको नदेखिएको, प्रतिवादी र मृतक एउटै उमेर समूहका रहेका र आपसमा मिल्ने साथी रहेका, घटना घट्नुअगाडि दुवैले सँगै बसी रक्सी खाएका भन्ने स्थापित तथ्य रहेको, प्रतिवादीले आफ्नो मोबाइल मृतकसँग माग्दा निजले नै प्रतिवादीलाई छातीमा बक्सिङले हानेको कारण प्रतिवादीले घटनास्थलमै प्राप्त लौरोले मृतकको टाउकोमा प्रहार गर्दा रक्सीको नशामा रहेका मृतक अनियन्त्रित भई स्कुलको चौरमा लड्न गई मृत्यु भएको देखिएको र किशोर अवस्थाको प्रतिवादीको उमेरसमेतलाई दृष्टिगत गर्दा प्रतिवादीलाई कानूनबमोजिम सजाय गर्दा

चर्को पर्न जाने देखिएकाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको अ.बं. १८८ बमोजिम प्रतिवादीलाई कैद वर्ष ५ (पाँच) सजाय गर्ने भनी जाहेर गरेको सुरू गुल्मी जिल्ला अदालतको रायसमेत सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको रायसमेत मनासिब देखिने।

तसर्थ, आधार र कारणसमेतबाट प्रतिवादी किशोर झाँक्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १ नं. तथा १३(३) नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी ऐ. अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई ५ (पाँच) वर्ष कैद गर्ने गरी रायसमेत जाहेर गरेको सुरू गुल्मी जिल्ला अदालतको मिति २०७३।३।२८ को फैसलालाई सदर गर्ने गरेको मिति २०७४।४।३१ को उच्च अदालत, तुलसीपुर, बुटवल इजलासको फैसला मिलेकै देखिँदा पेस हुन आएको साधक सदर हुने।

इजलास अधिकृत: तेजप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल मङ्सिर २८ गते रोज ६ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-०४१४ र ०७१-CI-०४३४, उत्प्रेषण / निषेधाज्ञा, *डा. युवराज खतिवडा वि. रामेश्वरप्रसाद श्रेष्ठसमेत र लोकदर्शन रेग्मी वि. रामेश्वरप्रसाद श्रेष्ठसमेत*

पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१।१५ मा निवेदकहरूको मागबमोजिम नेपाल राष्ट्र बैंङ्क, सुपरीवेक्षण विभागबाट नेपाल राष्ट्र बैंक, वित्तीय संस्था नियमन विभागलाई मिति २०६९।९।२ मा लेखेको पत्र, सो सम्बन्धमा विपक्षीहरूबाट भए गरेको टिप्पणी आदेश, निर्णयलगायतका सम्पूर्ण काम कारबाहीहरू र निवेदकहरूका जायजेथा रोक्का राख्ने सम्बन्धमा अर्थ मन्त्रालयलाई मिति २०७०।३।११ मा प्रेषितपत्रसमेत उत्प्रेषणको आदेशले बदर गरी निवेदकहरूको बैंक खाता तथा लकरहरू, सेयर खरिद बिक्री र जायजेथाहरू सञ्चालनमा कुनै बाधा नगर्नु नगराउनु भनी विपक्षीका नाउँमा निषेधाज्ञाको आदेश जारी गरेउपर विपक्षीमध्येका नेपाल राष्ट्र बैंक र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको यस अदालतमा पुनरावेदन पर्न आएको पाइने।

निवेदकहरू रामेश्वरप्रसाद श्रेष्ठसमेतले बंगलादेश बैंकबाट लिएको ऋण निवेदकहरू नै संलग्न रहेको फर्म कम्पनी एवम् बैंकले सोही बंगलादेश बैंकबाट नै लिएको ऋण तिर्न एवम् अन्य हकप्रद सेयर खरिद गर्ने कार्यमा प्रयोग गरी यसरी लिएको कर्जा सो कर्जाको उद्देश्यविपरीतको कार्यमा ऋण प्रयोग गरी ऋणको अपचलन गरेको भन्ने नै निवेदकहरूउपर मुख्य रूपमा अभियोग लगाउन खोजेको देखिने।

निवेदकहरूउपर बैंकिङ कसुरको वारदात भएको भनी विपक्षीहरूले मिति २०६१।३।२४ देखि २०६३।११।३ को बीचको अवधिलाई इङ्गित गरेको देखिन्छ । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ सालमा मात्रै लागू भएको हुँदा सो ऐन, जारी हुनुपूर्व भएको वारदातमा सोपछि आएको प्रस्तुत ऐनबमोजिम कारबाही चलाउन ऐनले अख्तियारी प्रदान गरेकोसमेत नदेखिँदा बैंकिङ कसुरको वारदातपछि आएको उक्त ०३४ सालको ऐनअन्तर्गत गरिएको कारबाहीलाई कानूनी रूपमा मान्यता प्रदान गर्न न्यायोचित नहुने भनी पुनरावेदन अदालतले गरेको व्याख्यालाई अन्यथा मान्नु पर्ने नदेखिने।

प्रचलित कानूनबमोजिम नेपाल राष्ट्र बैंकले सुपरीवेक्षण र नियमन गरी कारबाही गर्न पाउने व्यवस्था

रहेको भन्ने विपक्षीहरूको लिखित जवाफको बेहोराको सम्बन्धमा विचार गर्दा नेपाल बंगलादेश बैंकबाट भएका ऋण प्रवाहका कामकारबाहीबाट उक्त बंगलादेश बैंकको खराब कर्जा बढी भई असुली हुन नसकी उक्त बैंक सञ्चालन नै हुन नसकी रहेको अवस्थामा पुगेको कारणले नेपाल राष्ट्र बैंकले नेपाल बंगलादेश बैंकको सञ्चालक समिति निलम्बन गरी उक्त बैंकलाई नियन्त्रणमा लिनुका साथै ऋणी कम्पनीहरूलाई कर्जा प्रवाह गर्दा भएको कमजोरीको कारणलाई लिएर नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १००(२)(क) बमोजिम सो बैंकका तत्कालीन अध्यक्ष जीतबहादुर श्रेष्ठलाई सचेत गराएको भन्ने मिसिलबाट देखिने।

नेपाल बंगलादेश बैंकबाट निवेदकहरूलाई प्रवाह गरेको ऋणहरूमा देखिएका कमजोरीका आधारमा सो बैंकका तत्कालीन अध्यक्षलाई एकातर्फ सचेत गराइसकेको अवस्था रहेको सन्दर्भमा सँगसँगै अर्कोतर्फ सोही ऋण प्रवाह गर्दाको समयमा भएको कमी कमजोरीलाई सोपछि बनेको बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम अनुसन्धान तथा तहकिकातको कारबाही गर्न नमिल्ने भएबाट नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम केन्द्रीय अनुसन्धान ब्युरोले महानगरीय प्रहरी परिसर हुनमानढोकालाई पत्र लेखेको आधारमा उक्त परिसरले सो सम्बन्धमा गरेको वा गर्ने अनुसन्धान एवम् तहकिकातको कार्यलाई कानूनी एवम् न्यायोचित भन्न मिल्ने अवस्था देखिन नआउने।

बैंकिङ कसुरसम्बन्धी ऐन, २०६४ बमोजिम कारबाही चलाउन सो कसुरको अनुसन्धान प्रयोजनको लागि भनी निवेदकहरूका नाउँको बैंक तथा वित्तीय संस्थाको खाता सेयर तथा अचल सम्पत्तिहरू रोक्का गरेको विपक्षीहरूको कार्य कानूनअनुकूल नै रहेको भन्ने विपक्षी पुनरावेदकहरूको पुनरावेदन जिकिर सम्बन्धमा विचार गर्दा, बैंकिङ कसुरसम्बन्धी ऐन, ०६४ आउनुभन्दा अगाडि भएको वारदातको सम्बन्धमा वारदातपछि आएको उक्त ऐनबमोजिम कारबाही चलाउन कानूनको पश्चात्दर्शी असर (ex-post Facto law) सम्बन्धी फौजदारी कानूनको सर्वमान्य सिद्धान्तले नमिल्ने हुँदा त्यस्तो कानूनले अख्तियारी नै प्रदान नगरेको अनुसन्धान कार्यको प्रयोजनको लागि भनी व्यक्तिको संविधान प्रदत्त स्वतन्त्रता र सम्पत्तिसम्बन्धी मौलिक हकको बर्खिलाप हुने गरी निवेदकहरूको बैंङ्क खाता, सेयर, चल, अचल सम्पत्ति तथा जायजेथा रोक्का राख्ने गरी भएको कामकारबाही एवम् पत्राचारले प्रारम्भबाट नै कानूनी मान्यता पाउने अवस्था रहन नजाने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ आउनुपूर्वको वारदातपछि बनेको उक्त ऐनबमोजिम बैंकिङ कसुरमा गरेको अनुसन्धान तहकिकातसम्बन्धी कार्य एवम् सोको आधारमा सोको प्रयोजनको लागि निवेदकको सेयरलगायत अन्य अचल सम्पत्ति रोक्का राख्ने गरी भएका कामकारबाही, आदेश, निर्णय एवम् पत्राचारहरूलाई कानूनअनुकूल कार्य भएको भनी भन्न मिल्ने नदेखिँदा पुनरावेदन अदालतबाट यस सम्बन्धमा जारी भएको आदेशलाई बदर गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार कारणबाट बैंकबाट प्रवाह भएको कर्जा असुलीका सम्बन्धमा ऋण असुली न्यायाधिकरणमा कारबाही चली सो मुद्दाको फैसलाबाट ऋण असुलीका सम्बन्धमा आवश्यक कारबाही अगाडि बढेको भन्ने देखिएको र नेपाल राष्ट्र बैंकको मिति २०६९।९।२ को पत्रमा उल्लिखित व्यक्तिहरू तथा यी प्रत्यर्थी रिट निवेदकहरू प्रतिवादी रहेको नदेखिएको एवम् कर्जामा संलग्न रहेकोसमेत नदेखिँदा ऐन, जारी हुनुपूर्व भएको वारदातमा निवेदकहरूउपर वारदातपछि

बनेको उक्त बैंकिङ कसुरसम्बन्धी ऐन, २०६४ बमोजिम कारबाही गर्न नमिल्ने सन्दर्भमा निवेदकहरूको मागबमोजिम नेपाल राष्ट्र बैंक सुपरीवेक्षण विभागबाट नेपाल राष्ट्र बैङ्क, वित्तीय संस्था नियमन विभागलाई मिति २०६९।९।२ मा लेखेको पत्र एवम् सोका आधारमा विपक्षीहरूबाट भए गरेका टिप्पणी, आदेश, निर्णयलगायतका सम्पूर्ण काम कारबाहीहरू र निवेदकहरूका जायजेथा रोक्का राख्ने सम्बन्धमा अर्थ मन्त्रालयलाई मिति २०७०।३।११ मा प्रेषितपत्र उत्प्रेषणको आदेशले बदर गरी निवेदकहरूसमेतको बैंक खाता तथा लकरहरू, सेयर खरिद बिक्री र जायजेथाहरू सञ्चालनमा कुनै बाधा अवरोध नगर्नु नगराउनु भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।१।१५ मा जारी भएको निषेधाज्ञाको आदेश मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल असार २४ गते रोज १ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७१-CI-०४१२ र ०७१-CI-०४३३, उत्प्रेषण / निषेधाज्ञा, *डा. युवराज खतिवडा वि. पूर्णबहादुर श्रेष्ठसमेत र लोकदर्शन रेग्मी वि. पूर्णबहादुर श्रेष्ठसमेत*
- ०७१-CI-०४१३ र ०७१-CI-१३६४, उत्प्रेषण / निषेधाज्ञा, *डा. युवराज खतिवडा वि. पूर्णबहादुर श्रेष्ठसमेत र प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्ज वि. पूर्णबहादुर श्रेष्ठसमेत*
- ०७१-CI-०४१५, उत्प्रेषण / निषेधाज्ञा, *डा. युवराज खतिवडा वि. पूरामेश्वरप्रसाद श्रेष्ठसमेत*

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-CR-१४२७, ठगी, *जनार्दनप्रसाद अर्याल वि. नेपाल सरकार*

पीडित जाहेरवालाहरूले आफूहरूसँग इनरूवा नगरपालिका वडा नं.७ स्थित रामभजन मेहताको घर भाडा लिई बसेका कृष्णप्रसाद अर्यालसँग चिनजान भई निजको भाडाको घरमा बोलाई विदेश मलेसियामा रोजगारीका लागि पठाइदिन्छौं भनी जाहेरवालाहरूबाट नगद रू.१६,७५,०००।- लिई काठमाडौं स्थित डेस्टिनेसन ओभरसिजमा बोलाई २५ दिनसम्म राखी मलेसिया नपठाएकोले रकम फिर्ता माग्दा मलेसिया पठाउन सकिएन, अब रोजगारीमा मालदिभ्स पठाउँछौं भनी रकम फिर्ता नदिई भारतको केरला राज्यको तिनुवन्नतपुरम पुऱ्याई होटलमा राखी भागी गएकोले प्रतिवादीहरूलाई ठगीमा कारबाही गरी ठगी गरिलिएको हामीहरूको रकम फिर्ता दिलाई पाऊँ भनी जाहेरी दिएको र जाहेरी बेहोरा पुष्टि हुने गरी बकपत्र गरिदिएबाट जाहेरवालाहरूलाई विदेश मलेसियामा रोजगारीमा पठाइदिन्छौं भनी रकम लिई विदेश नपठाई रकम ठगी गरेको पुष्टि हुन आउने ।

प्रतिवादी जनार्दनप्रसाद अर्याल मौकामा र अदालतसमक्ष कसुरमा इन्कार रहेका छन् । जाहेरवालाहरूले प्रतिवादी कृष्णप्रसाद अर्यालसँग चिनजान भई निजलाई रकम दिएको भनी जाहेरी र बकपत्रमा लेखाएका छन् । जाहेरीको बेहोराअनुसार यी प्रतिवादी जनार्दन पनि कृष्णप्रसाद अर्यालले भाडामा लिएको इनरूवा नं.७ स्थित रामभजन मेहताको घरमा भेट भएको भने पनि निजले यी जाहेरवालाहरूलाई पनि विदेश पठाउन आश्वासन दिएको र आफूहरूले निज प्रतिवादी जनार्दनप्रसाद अर्याललाई रकम दिएको भन्न सकेका छैनन् । जाहेरवालाहरूसँग विदेश पठाइदिन्छु

भनेर आश्वासन दिई रकम लिई रसिद दिएको अवस्था पनि छैन । यी प्रतिवादीका भाइ कृष्णप्रसाद अर्यालले भाडामा लिएको घरमा गएर बसेको भएपनि निजले यी जाहेरवालाहरूलाई विदेश पठाइदिने भनेर कुराकानी गरेको, आश्वासन दिएको, रकम मागेको र लिएको तथा जाहेरवालाहरूबाट रकम बुझेको भरपाईसमेत दिएको अवस्था देखिँदैन । यसप्रकार यी प्रतिवादी जनार्दन प्रसादसमेत भई जाहेरवालाहरूलाई विदेश मलेसियामा रोजगारीको लागि पठाइदिन्छौं भनी रकम लिई ठगी गर्ने कार्यमा संलग्न रहेको भन्ने अभियोग दाबी वादी पक्षबाट वस्तुनिष्ठ तवरले प्रमाणित गर्न सकेको देखिएन । अर्कोतर्फ जाहेरीमा जाहेरवालाहरूले प्रतिवादी कृष्णप्रसाद अर्यालसँग चिनजान भई निजसँग छलफल गरी विदेश रोजगारीमा जानको लागि निजलाई रकम दिएको भनी लेखाइदिएको बेहोरा समर्थित हुने गरी अदालतमा बकपत्र गरेको पाइन्छ । सोसमेतका आधार प्रमाणबाट यी प्रतिवादीउपरको अभियोग दाबी पुष्टि नहुँदा सुरू सुनसरी जिल्ला अदालतबाट अभियोगपत्र दाबीबमोजिम यी प्रतिवादीलाई सजाय गर्नेगरी गरेको फैसला सदर गर्ने पुनरावेदन अदालत, विराटनगरको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिएकोले केही उल्टी भई निज प्रतिवादी जनार्दनप्रसाद अर्यालले अभियोग दाबीबाट सफाइ पाउने ।

प्रतिवादीहरू नगेन्द्रप्रसाद अर्याल र नविनराज सत्याल सुरू म्यादभित्र अदालतमा उपस्थित भई आफूउपर लागेको अभियोग दाबीको सम्बन्धमा आफ्नो सफाइको सबुद प्रमाण गुजार्न सक्नु पर्नेमा सो गर्न सकेको नदेखिए तापनि निज प्रतिवादीहरूले जाहेरवालाहरूलाई विदेश मलेसियामा रोजगारीमा पठाइदिने गरी रकम लिई ठगीको कसुरमा संलग्न रहेको देखिने अभियोगपत्र दाबी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिएन । अर्कोतर्फ, पुनरावेदक प्रतिवादी जनार्दनप्रसाद अर्यालले अभियोग दाबीबाट सफाइ पाउने ठहराएका आधार प्रमाण एवम् मिसिल संलग्न तथ्यबाट यी प्रतिवादीहरूको जाहेरवालाहरूबाट रकम ठगी गर्ने कार्यमा के कुन भूमिका रहेको हो भन्ने खुल्न र जाहेरवालाहरूलाई विदेश मलेसियामा रोजगारीमा पठाइदिने गरी रकम लिएको भन्ने अभियोग वस्तुनिष्ट प्रमाणबाट पुष्टि भएको नदेखिँदा माथि विवेचित आधार प्रमाणहरूबाट यी प्रतिवादीहरूको हकमा सुरू फैसला सदर गर्ने पुनरावेदन अदालत, विराटनगरको फैसला सो हदसम्म उल्टी भई बदर हुन्छ । निज प्रतिवादीहरू नगेन्द्रप्रसाद अर्याल र नविनराज सत्यालले अभियोग दाबीबाट सफाइ पाउने ।

प्रतिवादी कृष्णप्रसाद अर्यालले विदेश रोजगारीमा पठाउने काम गरी आएको, सो कामका लागि सुनसरी बबियास्थित नमस्ते नेपाल नामक कार्यालय खोली सोमार्फत कार्य सञ्चालन गर्दै आएको पनि देखिन्छ । कार्यालयसरह रहेको इनरूवा न.पा.वडा नं. ७ स्थित निजले भाडामा लिएको रामभजन मेहताको घरमा बोलाई जम्मा गराई मासिक रू.१५,०००।– तलब पाउने गरी मलेसियामा रोजगारीमा पठाउँछौं भनी जाहेरवालाहरूबाट रू.१६,७५,०००।– रकम लिई विदेश रोजगारीमा नपठाई हामी जाहेरवालाहरूबाट लिएको रकम फिर्ता नदिई ठगी गरेको भनी मौकामा किटानी जाहेरी परेको छ । सुरेस यादवसमेत र मौकामा बुझिएका देवेन्द्र मेहताले जाहेरी तथा अभियोग दाबीलाई समर्थन गरी सुरू अदालतमा किटानीसाथ बकपत्र गरिदिएको देखिन्छ । अन्य सहअभियुक्तमध्ये मौकामा पक्राउ परेका सहअभियुक्त जनार्दनप्रसाद अर्यालले प्रस्तुत वारदातमा मेरो भाइ कृष्णप्रसाद अर्यालको संलग्नता भएजस्तो लाग्छ भनी मौकामा बयानसमेत गरेका छन् । जाहेरवालाहरूले जाहेरीलगायत अदालतमा आई गरेको बकपत्रमा

आफूहरूले कृष्णप्रसाद अर्याललाई रकम दिएको भनी उल्लेख गरेबाट जाहेरवालाहरूको किटानी जाहेरीको बेहोरा, मौकामा पक्राउ परेर अधिकारप्राप्त अधिकारीसमक्ष भएको सहअभियुक्त जनार्दनप्रसाद अर्यालको बयान र जाहेरवालाहरूकै अदालतसमक्षको बकपत्रको बेहोराबीचको सामञ्जस्यताबाट पनि यी जाहेरवालाहरूलाई विदेश मलेसिया पठाइदिन्छु भनी यी प्रतिवादी कृष्णप्रसाद अर्यालले नै रकम लिएको भन्ने पुष्टि हुन आउने।

प्रतिवादी कृष्णप्रसाद अर्यालउपर लागेको अभियोग दाबी कसुर सम्बन्धमा सुरू म्यादमा अदालतसमक्ष हाजिर भई निजले आफ्नो सफाइको सबुद पेस गर्न सकेकोसमेत देखिएन । अत: प्रस्तुत मुद्दामा माथि विवेचना गरिएका तथ्य एवम् प्रमाणका आधारबाट यी प्रतिवादी कृष्णप्रसाद अर्यालले जाहेरवालाहरूलाई विदेश रोजगारीमा पठाउँछौ भनी रकम लिई विदेश रोजगारीमा नपठाई भागी अभियोग दाबीबमोजिम ठगीको कसुर गरेको देखिन आयो । उपर्युक्त विवेचित तथ्य, कानून र प्रमाणका आधारमा यी प्रतिवादी कृष्णप्रसाद अर्यालले जाहेरवालाहरूलाई विदेश मलेसियामा रोजगारीमा पठाइदिन्छु भनी रकम लिई रोजगारीमा नपठाई अभियोग दाबीबमोजिम ठगीको कसुर गरेकोले यिनीलाई मात्र अभियोग दाबीबमोजिम सजाय गर्नुपर्नेमा अन्य सबै प्रतिवादीहरूलाई नै अभियोग दाबीबमोजिम कसुर कायम गरी सजाय गर्ने गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गर्ने पुनरावेदन अदालत, विराटनगरको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी कृष्णप्रसाद अर्याललाई मात्र साबिक मुलुकी ऐन, ठगीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ४ नं. बमोजिम १ (एक) वर्ष कैद र जाहेरवालाहरूबाट लिएको बिगोबमोजिम रू.१६,७५,०००।- जरिवाना हुने ठहर्छ । जाहेरवालाहरूले निजबाट उक्त बिगोसमेत भरी पाउने।

इजलास अधिकृतः नरहरि ढकाल

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल पुस ११ गते रोज ४ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७५-WH-००८८, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम (जनसेवा ४०), *वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

निवेदिकाको उमेर सत्र वर्ष मात्र रहेको भन्ने कुरा निवेदनबाटै देखिन्छ । निवेदिका र सनाउल्ला हक मन्सुर भागी काठमाडौं आई मामा केशर कहाँ बसिरहेको अवस्थामा बाबु आमाले जबरजस्ती फकाई लगेपश्चात् निज सनाउल्ला विरूद्ध जबरजस्ती करणी मुद्दा दर्ता गरी हाल काठमाडौं जिल्ला अदालतमा जबरजस्ती करणीमा मुद्दा चलिरहेको, सोही कारणबाट सनाउल्ला हक मन्सुरमाथि मुद्दा चली थुनामा रहेको तथ्य निवेदिका स्वयंले रिट निवेदनमा प्रस्ट पारेको देखिने।

अतः उल्लिखित कारण, प्रमाण तथा आधारहरूबाट रिट निवेदिका पीडित परिवर्तित नाम (जनसेवा ४०) ले प्रतिवादी सनाउल्ला हक मन्सुरसमेत उपर किटानी जाहेरी दिई जबरजस्ती करणीको मुद्दा दर्ता भई प्रतिवादीउपर जबरजस्ती करणी मुद्दा चली विचाराधीन रहेको र उक्त जबरजस्ती करणी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट नै मुद्दाको तथ्य प्रमाण बुझी जबरजस्ती करणी हो वा होइन, अभियुक्त कसुरदार हो वा होइन भन्ने विषयमा न्याय निरूपण हुने नै हुँदा साधारण क्षेत्राधिकार

अवलम्बन नगरी असाधारण अधिकार क्षेत्र प्रयोग गरी रिट निवेदन दायर भएको देखियो । साधारण अधिकार क्षेत्रबाट पर्याप्त उपचारको व्यवस्था रहे भएको अवस्थामा असाधारण अधिकार क्षेत्रको प्रयोग हुन सक्तैन । मुद्दाको तथ्य प्रमाणबाट नै जबरजस्ती करणी हो वा होइन, अभियुक्त कसुरदार हो वा होइन भनी निरूपण हुने विषयमा बन्दीप्रत्यक्षीकरणको रिटबाट विवादको तथ्यभित्र प्रवेश गरी थुनाको औचित्य खोजी गर्न नसकिने भन्ने सिद्धान्त रिट नं.०६७-WF-००३१ को रामदेव यादव विरूद्ध नेपाल सरकारको मुद्दामा पूर्ण इजलाससमेतबाट व्याख्या भइसकेको छ । तसर्थ विचाराधीन मुद्दालाई नै प्रभावित पार्ने गरी यी रिट निवेदिकाले साधारण अधिकार क्षेत्र प्रयोग नगरी असाधारण अधिकार क्षेत्रको प्रयोग गर्दै रिट निवेदन दर्ता गर्न आएको देखिन्छ । निवेदिका स्वयम्ले जाहेरी दिई काठमाडौं जिल्ला अदालतले नै तथ्य प्रमाण र कानूनको मूल्याङ्कन गरी निर्णय गर्ने विषय रहेकोले थुनामा राखी अनुसन्धान तहकिकात भइरहेको अवस्थामा विचाराधीन जबरजस्ती करणीको मुद्दालाई नै असर पार्ने गरी दायर भएको बन्दीप्रत्यक्षीकरणको निवेदनले अदालतको साधारण अधिकार क्षेत्रसम्बन्धी संवैधानिक तथा फौजदारी कानूनको व्यवस्था नै अर्थहीन हुन जाने हुँदा प्रस्तुत निवेदनको तथ्यबाट नै प्रथमदृष्टिमै कारण देखाउ आदेश जारी गरिरहनु पर्ने देखिन नआएकोले विपक्षीहरूलाई लिखित जवाफ मगाउनु पर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: हिरामाया अवाल

इति संवत् २०७५ साल माघ ८ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७५-WO-०५२६, उत्प्रेषण / परमादेश, *सुजनध्वज जोशी*, *वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

मिति २०७५।३।१७ को बन्डा मुचुल्का बेहोरा हेर्दा "उक्त घर जग्गाको नरम गरम मिलाई बन्डा गर्नुपर्दा उक्त घर जग्गाको दक्षिणतर्फ रहेको कच्ची मोटर बाटोलाई आधार मानी सर्वप्रथम विवाह हुन बाँकी स्वास्ती जोशीको विवाह खर्चबापत ५% उक्त घरको पश्चिमतर्फ छुट्याई बाँकी रहेको घर जग्गालाई ४ भाग लगाई बराबर मोहडा र क्षेत्रफल पर्ने गरी उत्तर, दक्षिण चिरा पारी तर्फ सम्बन्धमा गोला हाल्दा उक्त कित्ता घर जग्गाको सबैभन्दा पश्चिमतर्फ ४ भागको १ भाग परी सो पश्चिमतर्फको १ भाग घर जग्गा वादी स्वास्ती जोशीलाई छुट्याई सोभन्दा पूर्वतर्फ १ भाग प्रतिवादीमध्येकी सरोज जोशीलाई सोभन्दा पूर्वतर्फ १ भाग प्रतिवादीमध्येको मनमोहनध्वज जोशीको भागमा परेका ३ भाग घरजग्गा छुट्याई बाँकी रहेको सबैभन्दा पूर्वतर्फको १ भाग घर जग्गा प्रतिवादी सुजनध्वज जोशीलाई पर सारिएको घर जग्गा कित्ता-१" भनी छुट्याइएको देखिने ।

मुचुल्कामा सम्पूर्ण घर जग्गासहितको क्षेत्रफललाई १०० मानी ५% विवाह खर्च अगाडि / पछाडी दुवैतर्फ ३'३" लिने र अन्य बाँकी जग्गा पछाडी उत्तरतर्फ १३'५" दक्षिणतर्फ १७'३" लिने गरी प्रत्येक अंशियारलाई समान क्षेत्रफल भाग हिस्सामा परेको भन्नेसमेत देखिन्छ । उक्त क्षेत्रफलभित्र यी निवेदक / प्रतिवादी सुजनध्वज जोशीको घरको क्षेत्रफल (लम्बाई र चौडाई) गरी १० फिट जमिनको भाग ५ फिट ९ इन्च भन्ने देखिने ।

मिति २०७५।३।१७ को मुचुल्कामा विवाह खर्च ५% पर सारी असल कमसल मिलाइतर्फ कायम सम्बन्धमा गोला हाली समान क्षेत्रफल बन्डा गरेको मुचुल्काबाट देखिन्छ । उक्त मुचुल्कामा यी प्रतिवादीको वारेससमेतले स्वीकार गरेको छन्, त्यसमा निजले कुनै

विरोध जनाएको अवस्था पनि देखिँदैन र स्थानीय प्रतिनिधिसमेतको रोहवरमा रीतपूर्वक बन्डा मुचुल्का तयार भएको देखिने।

मुद्दामा फैसला कार्यान्वयनको चरणसम्म आइपुग्दा थुप्रै हैरानी बेहोर्नु परेको अवस्था तथा समय पनि व्यतित भइसकेको हुन्छ। मुद्दाको अन्तिम चरण फैसला कार्यान्वयनको चरणलाई पनि ढिलाइ गरिदिने हो भने फैसलाबाट प्राप्त हुने न्याय नै प्राप्त गर्नमा अझ ढिलाइ हुन गई न्याय प्राप्त गरेको व्यक्ति नै हतोत्साही बन्न जाने।

अंश जस्तो मुद्दामा बन्डा छुट्ट्याउने क्रममा असल कमसल, कम बेसीको अवस्था ज्यादै नै असन्तुलन हुने गरी नमिलेको, बन्डाबाट प्राप्त भएको सम्पत्ति प्राप्त कर्ताले भोग गर्न लायकको क्षेत्रफलमा नभएको वा अनुकूल निकास नभएको र बन्डा छुट्ट्याउने प्रक्रिया प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल हुनुका साथै ज्यादै नै गम्भीर प्रक्रियागत त्रुटि भएको अवस्थामा बाहेक फैसला कार्यान्वयनको कामकारबाहीमा ढिलाइ हुने गरी प्रत्यक्ष हस्तक्षेप गरिदिन न्यायको रोहमा उपयुक्त हुने नदेखिने।

निवेदक छोरा अंशियार रहेका र घर सम्पत्तिको कानूनबमोजिम रीतपूर्वक तयार भएको बन्डा मुचुल्काबाट निजलाई कुनै गम्भीर मर्का पर्न जाने र परेको अवस्थासमेत नदेखिँदा प्रस्तुत रिट निवेदकको मागदाबीबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल मङ्सिर २५ गते रोज ३ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**